
# बघेनी

इन्दिरा प्रसाई



# बघेनी

(प्रयोगवादी कथासङ्ग्रह)

नइ प्रकाशन

२०५२

# बघेनी

इन्दिरा प्रसाई

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा : रमेश पौडेल
प्रथम संस्करण : २०७९ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १६९
मोल : पाँच सय रुपियाँ
© सुरक्षित, २०७९ (2023)
ISBN:978-9937-786-04-1
**BAGHENI**
A collection of short stories by Indira Prasai

हाम्रो परिवारको सबैभन्दा कान्छो सदस्य
त्रिजल ज्ञाका स्नेहमा समर्पित !

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषासाहित्यप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नेपाली भाषासाहित्यका विविध विधामा इन्दिरा प्रसाईको हस्ताक्षर जागरूक, सचेत र अग्रसर देखिन्छ । कथा, उपन्यास र कवितामा उनको लेखन उच्चस्तरीय छँदै छ । आख्यानका क्षेत्रमा भने उनको वर्चस्व नै देखिन्छ । यी विधाका अतिरिक्त निबन्ध र समालोचना क्षेत्रमा समेत प्रसाईको लेखनीले उचाइ समाएको छ ।

नेपाली साहित्याकाशमा इन्दिरा प्रसाई सुपरिचित नाउँ हो । उनको लेखनीले नयाँ सोच, नयाँ प्रयोग र नयाँ शैली बोकिरहेकै हुन्छ । समाज र राष्ट्रमा पोखिएका सुन्दर र असुन्दर घटनाहरू विषयवस्तुमा उनेर सर्लक्कै रचनामा उभ्याउने उनीभित्र एउटा मनोहर कला पाइन्छ । जस्तोसुकै घटनालाई पनि साक्षात रूपमा प्रस्तुत गर्ने उनीभित्र छुट्टै कलाकारिता छ । उनको त्यही सीपको एउटा नमुना प्रयोगवादी धारमा बगेर रचिएको 'बघेनी'नामक कथासङ्ग्रह पनि हो । यस कृतिले नेपाली आख्यान साहित्य परिवेशमा स्वादिलो, नौलो र आकर्षक दैलो उघार्छ भन्ने हामीलाई लागेको छ ।

**बघेनी**नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **कथाभन्दा अघिको कथा** (लेखकीय) • ११

१. ११११११ • २९
२. आ बराबर आत्महत्या आत्महत्या बराबर दुष्यन्त • ४५
३. अनिल भाइ ! के यो कथा तपाईंको पुर्खाको हो ? • ५४
४. औजार • ६७
५. बघेनी • ७८
६. बिहेको बाजा • ८८
७. एउटा रोज है गीता ! • ९४
८. फ्ल्याँस्स • १०९
९. क्रमशः उपनायकहरू • १२८
१०. पात्र र पात्रहरू • १३५
११. पेसा • १४१
१२. तिम्रो खुसी मोमिला • १५३
१३. उकुचको जलप • १६०

# कथाभन्दा अघिको कथा

कहिलेकाहीँ मलाई लाग्छ– 'हामी किन लेखिरहेछौँ ?' पृथ्वीमा भएका चौरासी लाख प्राणीमध्ये लेख्न सक्ने प्राणी हामी मानिस मात्र हौँ । यदि मानिसेतर प्राणी पनि लेखपढ गर्दा हुन् त ? ती प्राणी पनि साहित्यकार वा लेखक हुँदा हुन् त ? के हुन्थ्यो होला ? त्यसो त वैज्ञानिकहरू ब्रह्माण्डमा भएका अन्य ग्रहमा प्राणीको अस्तित्व खोज्नमा निरन्तर लागिपरेका छन् ।

कुनै अज्ञात ग्रहमा कुनै अज्ञात प्राणी कुनै अज्ञात लिपिमा लेखिरहेका त छैनन् ? यस्ता प्रश्न पनि बेलाकुबेला मेरा मनमा नआउने होइन । हुन त यस्ता कुरा गर्ने मानिसलाई त्यति ठीक मानिँदैन; अथवा त्यस्तालाई 'वाहियात' मानिसको टाँचा लगाइन्छ । अर्काले लगाइदिनु नै किन पो पऱ्यो र ? म आफैँले नै पनि आफूलाई वाहियातै सोच्ने मान्छेमा राख्ने गरेकी छु । वास्तवमा यसो गहिरिएर हेर्दा लेखकभन्दा वाहियात मानिस अर्को कोही होला पनि र... ? आफू नै यस वर्गमा परेर हो कि ? म आफू नै लेखकलाई कहिलेकाहीँ त वाहियातै पनि देख्ने गर्छु ।

त्यसमा पनि भएन वर्तमान समयमा, भौतिकताले शिरदेखि पैतालासम्म चुर्लुम्म जेलिएको युगमा, मानिस भनिएर चिनिने प्राणी ! भौतिक प्राप्तिको टुङ्गो नहुने लेखनजस्तो विषयमा डुब्ने मानिसलाई वाहियात नभनेर के भन्ने त ?

भैगो लेखक हुनु वाहियात हो भन्ने कुरा अहिलेलाई यहीँ थाँती राखिदिन्छु । किनभने यसलाई पुष्टि गर्नका लागि मैले थप अनर्गल कुराहरू लेख्नैपर्ने हुन्छ र ती कुरा मलाई नै पनि थप वाहियात लाग्न सक्छ । जुन वाहियात कुरा यति बेला यस लेखनमा थप वाहियात पनि हुन सक्छ ।

त्यसैले अब म अलि ढङ्गको कुरा गर्छु ।

यति बेलासम्म मेरो जानकारीको सीमित घेराको आधार लिएर पनि यहाँ म खुसीको कुरा भनौँ कि दुक्खको कुरा भनौँ ? किनभने अहिलेसम्मको प्राप्तिमा 'पृथ्वी भन्ने ग्रहलाई ध्वस्त नष्ट गर्न लागिपरेका हामी मानिस भनिएका प्राणीले मात्रै लेख्छौँ' भनेर उद्घोष गर्ने अवस्थामा म यति बेलासम्म सुरक्षित छु । हुन त हामी मानिसमध्येकै पनि लेखपढ गर्न जान्ने सबैले पनि लेख्तैनौँ । आधुनिक विज्ञानप्रविधिले उत्पादन गरेका रोबट वा कम्प्युटरका नयाँनयाँ प्रयोगले केकस्ता लेखनपद्धति अपनाइसकेका छन् ? ती सबैसँग म सुसूचित छैन पनि ! कम्प्युटरले वा रोबटले पनि साहित्य लेख्न थाल्यो भने खानेकुरा अर्ग्यानिक र ननअर्ग्यानिक भनिएझैँ मानवीय लेखन र प्रविधिगत लेखन भनेर विभेद गर्नुपर्ने हुन्छ होला । अब यस विषयमा पनि अहिले मैले गहिरिन मिल्दैन ।

त्यसैले अहिले ठ्याक्कै प्रतिशत त म भन्न सक्तिनँ तर विश्वपरिवेशका लेखकलाई गनेर हिसाब निकाल्ने हो भने न्यून प्रतिशतले मात्र लेख्छौँ । बेरोजगार मुलुकमा सङ्ख्यात्मक रूपमा धेरै पत्रकार र साहित्यकार उम्रिन्छन् भन्ने मलाई लाग्दछ । हुन त बैँसमा कवि र कलाकार नहुनु मानवोचित स्वभाव होइन पनि भनिन्छ । अनि बैँस रित्तिँदा पनि वाङ्मयप्रतिको लगाव यथावतै रह्यो भने ती वास्तविक स्रष्टा वा कलाकार मान्नुपर्ने हुन्छ । बैँसैले मात्रै उर्लिएर वाङ्मयमा प्रवेश गरेका सर्जक वा सिर्जनाहरूमध्ये कति हुर्किन्छन्, सप्रिन्छन् वा फुल्छन्, फक्रिन्छन् वा फल्छन् अनि

कतिचाहिँ सर्नै नपाई ओइलाउँछन्, झर्छन् वा कुहिन्छन्, मर्छन् त्यो म गन्न सक्तिनँ, भन्न पनि सक्तिनँ । हुन त कसैले मानिदेओस् भनेरै पनि सबैले लेख्ने होइन, आत्मसन्तुष्टि वा आत्मरतिका लागि लेख्नेका लागि कसैले पढ्नु नपढ्नु वा कसैले मान्नु नमान्नु अथवा कसैले मन पराउनु नपराउनुको औचित्य पनि हुँदैन । फेरि यत्ति भने हो है– आफूले आत्मरतिकै लागि लेखेको कुरा पनि प्रकाशित हुँदा, कसैले पढिदिँदा, अऋ पढेर पनि कसैले मनै पराइदिँदा लेखक पटकपटक रमाउँछ । त्यसरी रमाउँदा नै उसको आत्मरतिले नै पनि तुष्टि लिँदो हो भन्ने मलाई लाग्दछ । किनभने म स्वयम्लाई पनि यसै दर्जाको लेखकको रूपमा पाउँछु ।

अर्को एउटा कुरा पनि मसित छ, त्यो के हो भने– अहिले हामी नेपालीले भोग्न बाध्य समूहबाजी, दलबाजी, गुटबाजी, रूपरङ्ग, पैसा, पद, प्रतिष्ठा, जातजाति वा अन्यान्य कतिपय बाजीको अतिक्रमणको युगमा यिनै सेरोफेरोमा नपरेर नरुचाइएको वा प्रतिष्ठित हुन नसकेको लेखक पनि हुने गर्छ । तर त्यस्तो वर्तमानले चिन्नै नचाहेको वास्तविक लेखकको पनि भौतिक शरीर जमिनमुनि गाडिएको अवस्थामा, उसका हाडखोर मक्काएर माटोमै मिसिइसकेपछि पनि यदि उक्त लेखकको अक्षर मात्र बाँच्न पायो भने उसको सिर्जना बौरिन पनि सक्छ, लेखक पुनर्जीवित हुन पनि सक्छ । यस्ता घटना यस धर्तीमा पटकपटक घटेका नै छन् । त्यसैले सोही दृष्टान्तलाई साक्षी राखेर वास्तविक लेखकले फगत लेख्नुपर्छ, लेखिरहनुपर्छ भन्छु म ।

बाँकी कुरा भनेका तपसिलमा राखिदिन सक्नुपर्छ भन्छु म ।

म त त्यसै गर्छु । नत्र त, वर्तमानको नेपाली साहित्यको पर्यावरणले हामीजस्ता लेखकलाई ‘कलमको निभ भाँच्, डेक्सटप, ल्यापटप, टचाब वा मोबाइल खोलामा बगा, तैँले लेख्नु पर्दैन’ भनिसकेको छ ।

तर प्रदूषित पर्यावरणसँग पनि मलाई कुनै सरोकार छैन । किनभने कन्पारामा बन्दुक तेर्साएर जीवन र मरणको दोभानमा पुऱ्याएर नलेख भने पनि म त मन लागी लेख्छु नै र चेतनाले साथ दिउन्जेल म लेखिरहन्छु नै ! किनकि लेख्नु मेरो नशा हो । लेख्नु मेरो विरेचन हो । लेखन मेरो अनन्य मित्र हो । त्यसैले कसैले तरबारले हातै काटिदिन्छु भने पनि 'म त लेख्छु' भन्ने अवस्थामा पुगिसकेकी छु ।

यति भन्दाभन्दै पनि फेरि सत्य कुरा अर्को पनि छ– हुन त, मानिसहरूले यति धेरै लेखिसकेका नै छन्; अब कसैले केही नलेख्दा पनि हुन्छ । हाम्रै नेपाली भाषामा मात्र पनि यति धेरै पुस्तक लेखिइसकेका छन् कि ती पुस्तकहरू कुनै मानिसको एउटा पूरै जीवनले पनि पढी सिद्धिँदैन । अरू भाषाका पनि कुरा नगरौँ केवल नेपाली भाषैका उत्कृष्ट पुस्तक मात्र पढौँ न भने पनि एउटा जीवनले पढ्न नभ्याउने भइसकेको छ । अऊ भाषाहरूकी जननी मानिने संस्कृत वाङ्मयमा रचिएका कृतिहरू मात्र पढेर जीवन रित्याउँछु भन्ने हो भने पनि कैयौँ जन्मले पुग्दैन । संसारमा राज गरेको अङ्ग्रेजी भाषाका किताबका लागि कति जन्म चाहिने हो ? फेरि पढेर मात्र होइन; गमेर, बुझेर, जीवनमा लागू गर्नेका लागि पढ्छु भन्नेका लागि त यस पृथ्वीमा अजम्बरी नै हुनुपर्ने हुन्छ, तब पनि सकिएला कि नसकिएला ! यसबाहेक संसारभरिका विविध भाषामा रचिएका र प्रकाशित भएका उत्कृष्ट मानिएका कृतिहरू मात्र पढ्न के गर्नुपर्ला ? अझ अहिलेको 'भर्चुअल वर्ल्ड' पुस्ताको म परिनँ । 'डिजिटल बुक', 'अडियो बुक' र 'डिजिटल लाइब्रेरी' ! ती सबै पढ्न कतिओटा जीवन चाहिएला ?

सत्यतथ्य यस्तो छ र म कति पढिरहेकी छु अनि मलाई कति पढिएको छ ?

कुनै बेला अर्थात् तीसको दशकमा जब मैले लेख्न सुरु गरेकी थिएँ । सो बेला लेख्नु र पढ्नुबाहेकको ममा अर्को विकल्प थिएन ।

भाडामा हिन्दी उपन्यास पढ्ने जमातमध्येकै म पनि एक हुँ। मनोरञ्जनको साधनका रूपमा हातहातमा मोबाइल बोकेर हातैमा आफूलाई मन लागी थरीथरीका सिनेमा हेर्ने, अझ टिकटक भनिने आफ्नै ससाना सिनेमा बनाएर आफैँ हिरोहिरोइन बन्ने कल्पना पनि त्यति बेला गर्न सकिँदैन थियो। त्यो बेलाको मनोरञ्जन भनेको बुबाको समाचार सुन्ने रेडियोमा बुबा घरमा नभएको मौकामा रेडियो नेपाल टचुन गरेर फरमाइसी गीत वा सिलोन रेडियोबाट अमिन सायनीका प्रस्तुतिका हिन्दी गीतमा आफूलाई डुबाउँदै आनन्द लिइन्थ्यो। कि त सिनेमा हलमा गएर हिन्दी सिनेमा हेर्ने हो अन्यथा हिन्दी भाषाका फिल्मफेयर आदिका रङ्गीन र रोमाञ्चक फोटा हेर्दै थरीथरीका रोमान्स र विरहले भरिएका फिल्मी समाचार र कहानी पढेर उर्लिंदै गरेको जवानीको भोक उकास्ने काम गरिन्थ्यो। त्यस्तै अर्कातिर 'कादम्बिनी', 'सारिका', 'सरिता', 'नवनीत', 'धर्मयुग' आदि हिन्दी साहित्यिक पत्रपत्रिकासमेत पढेर जाग्दै गरेको साहित्यिक तिर्खा जगाउने काम पनि गरिन्थ्यो।

'पुरानो कोट लगाऊ नयाँ किताब किन' भन्ने उक्ति त्यति बेलाको हाम्रो समाजमा प्रचलित थियो। यो भनाइलाई अहिलेको 'कितापसिताप किन किन्ने ? लुगा नयाँ र थरीथरीका लगाऊ, भात पनि खाऊ नखाऊ तर मोबाइल भने नयाँनयाँ किन र मोबाइलमा डाटाचाहिँ हाल; अनि थरीथरीका फोटाले सामाजिक सञ्जाल रङ्गीन पार' खाले जीवनशैलीले पुरानो उक्ति विस्थापित प्राय: गरिसकेको छ।

हिजोआज पढ्नेको सङ्ख्याभन्दा लेख्नेको सङ्ख्या पो धेरै हो कि ? कोही पढोस् नपढोस् ऊ लेख्छ नि, लेखिरहन्छ। हुन त यसो हुनु पनि विकासै हो। तर कुरा हाम्रो लेखन औचित्यको हो।

म लेख्तै त छु। तर के कसैले पढ्दै पनि छ ? वास्तविकताको धरातलमा मलाई बारम्बार झकझक्याउने प्रश्न हो यो। झोलाभरि हामीले उपहार दिएका किताप पुस्तकालय हुनेले पनि झोलै नखोली

वर्षौं थन्क्याएर राखेको पनि देखियो । आफ्ना घरमा रक्सीको बार राख्न ठाउँ हुने तर पुस्तकालय बनाउन ठाउँ नपुग्नेले हामीले सम्मानस्वरूप लेखेर दिएका पुस्तक पनि खाली बोतल र कागजवालालाई जोखेर बेचेको पनि भेटियो । सित्तैँमा किताप नबाँढौँ न त कितापको इज्जत भएन भनेर बिक्रेतालाई बेच्न दिँदा पनि न पैसा पाइन्छ न त कितापै फिर्ता पाइन्छ; यस्तै तीता अनुभव पनि बोकिएकै छ । त्यसैले जङ्गल नासेर उत्पादित कागतमा छापिएका कितापको औचित्य नरहेको हो भने अब त जङ्गलै बचाउने युग पनि हो । यदि अबका हामी लेखक डिजिटल बुकमा नै रम्न र जम्न सकेर पृथ्वीको आयु बढाउने जङ्गल मात्रै बाँच्यो भने पनि पञ्चतत्त्वकै रक्षा हुने थियो कि ?

कतिपय बुद्धिजीवी भनाउँदाले भनेको सुनिन्छ– 'कितापले पाठक तान्न सकेन, तान्ने खाले किताप लेखिएन ।' समूह हाबी भएर पाँचौँ, सातौँ, दसौँ संस्करणमा छापिएका कितापका अक्षरले तानेका होलान् त ? कि प्रचारमुखी भएर एकै पटक सय प्रतिका दरले दसौँ संस्करणसम्म छापेको पो हो कि ? अथवा हल्लाबाजी मात्रै हो ? यस्ता खाले पनि साहित्यिक पर्यावरण भेटिन्छ । ठूलाठूला र महङ्गा विज्ञापनले पाठक झुक्याइएका छन् भन्ने पनि सुनिन्छ । कालो धनले विज्ञापन छाप्ने र ग्राहकका पैसा बटुलेर कालो धन सेतो पार्ने !

कस्तो कस्तो खेती छ ! थाहै छैन । के हो कुरा ? पात हल्लिएको छ । हावा त पक्कै चलेको हुनुपर्छ । प्राकृतिक हावा हो वा हाते वा विद्युतीय पङ्खा चलेको अथवा चलाइएको हो !

त्यसैले लेख्नु ? कागतमा किताप छाप्नु ? यसको उत्तर पर्गेलेपछि निराशाको गर्तमा डुबुल्की लगाउनुबाहेकको विकल्प मसँग छैन । मसँग मात्र होइन यस्तो सत्यसँग साक्षात्कार गर्ने कुनै पनि लेखकसँग विकल्प होला जस्तो पनि मलाई लाग्दैन ।

त्यसैले मलाई लाग्छ अबको यस धर्तीमा लेख्नुको औचित्य नै समाप्त भइसकेको छ । मलाई लाग्छ, हामी केवल आत्मरतिका लागि मात्र लेखिरहेछौँ । हामीले लेख्ने कुरा कुनै नयाँ नौलो पनि केही छैन । ती सबका सब लेखिसकिएका छन् । कता र कसकसले लेखेका छन् भनेर मैले खुट्टचाउन सक्तिनँ, किनभने मैले सबैले लेखेको पढेकै छैन ।

हास्यास्पद कुरा गर्दै छु म ! किनभने लेख्नु पर्दैन भन्दै मै लेखिहिँड्दै छु ! मैले हास्यास्पद कुरा गरेर हँसाउन खोजेको पनि होइन । तर मानिसभन्दा हास्यास्पद प्राणी पनि यस जगत्मा म अर्को देख्तिनँ । मानिस किन र कसरी हास्यास्पद प्राणी हो भन्ने कुराका लागि पनि कसै न कसैले कतै न कतै अथवा धेरैतिर लेखिइसकिएको कुरा हो । त्यो कुरा हामीमध्ये कसैले पढेको र धेरैजसोले नपढेको नै हुन सक्छ । ती नपढेकाको समूहमा नै म पर्छु भन्दा मलाई गर्व लाग्छ । किनभने पढ्नेको भन्दा नपढ्नेको समूह ठूलो छ । भीडको आड र भरमा शासन गर्ने अर्थात् प्रजातन्त्र रुचाइने युगकी नागरिक म पनि भएकीले मेरो चाहना पनि भीडमै समाहित हुँदै, कुरा नबुझे पनि, स्यालको हुइयाँजस्तै हूलको पछिपछि थप्पडी बजाएर, जिन्दाबाद अथवा मुर्दावादको नारा घन्काए भइगयो । त्यसैले त मैले आफूलाई भीडको पक्षधर मानेर दङ्ग पर्न थालिसकेँ ।

त्यसैले पनि अझै भन्दै छु, लेख्नु बेकार छ ।

परेड खेलेर, तिघ्रा ठटाउँदै, सिपाही हुँदै, बन्दुक पढ्काएर महारथी हुनु बेस कि आजीवन कलमकापी समातेर तपस्या गरेपछि सहायक रथीको पगरी भिर्नु बेस ? अबको अहम् प्रश्न यो पनि हो । रगतका थोपाथोपा शताब्दी पर्यन्त कागजमा खन्याउनुको उपादेयता कप्तानी लुगा लगाउनका लागि हो र ? तर हाम्रै धर्तीमा यस्तो दुःखद घटना पनि घटिसकेको छ ।

त्यसैले पनि हास्यास्पद हो मानिस भन्दै छु म, हुन सक्छ कोही ढोका थुनेर, अँध्यारो कालो कोठामा कसैले नदेख्ने गरी हाँस्ला वा हँसाउला । तर हास्यास्पद छ मानिस र हास्यास्पद हुन्छ नै हुन्छ । कोही त्यसरी हाँस्दाहाँस्दै रोला पनि, कसैले नदेख्ने गरी सुटुक्क दुई थोपा आँसु चुहाउला वा सिरकले मुख छोपेर चिच्च्याउँदै पनि आफूलाई विरेचित गर्ला !

हुन त अर्को कुरा पनि छ, आजीवन लेखन तपस्वीलाई सेनाको 'पोसाक' पहिऱ्याएर हुर्मत लिने निर्णायकले प्राय: पुस्तक पढेकै हुँदैन । उसलाई पुस्तकको अर्थै थाहा हुँदैन । उसमा लेखन तपस्याको अर्थ सापेक्ष हुने सम्भावना न्यून हुन्छ । उसले बन्दुक पढेको हुन्छ, बुझेको हुन्छ । बन्दुकले पुस्तक पढेको हुँदैन, पढिहाले पनि अर्थ बुझ्दैन । त्यसैले यदि अब बन्दुकले नै लेखनको अर्थ खोज्ने हो भने बन्दुकलाई पनि बन्दुक नै तेर्साएर पुस्तक पढाउनुपर्छ । त्यसपछि, हुन सक्छ उसले पुस्तकलाई 'पोसाक' पहिऱ्याउने जात्रा नगरोस् ।

अनि फेरि लेखनको अस्तित्व सुरु होला कि ?

तर मैले नै पनि, जेसुकै बके पनि, विकल्प छैन लेखनको ! मानिस लेख्छ पनि पढ्छ पनि । जस्तो लेख्न मन लाग्ला, लेख्ला । जे पढ्न मन लाग्ला, पढ्ला । यति नै लेख्नुपर्छ भनेर कसैले तोक्न मिल्दैन । यस्तो लेख् र उस्तो किन लेखिस् पनि भन्न मिल्दैन । हुन त पर्याप्त हुन्छन् तोकिएका लेखक पनि, ती पेसेवर वा लेखनजीवी हुन् । अहिलेलाई उनको कुरै नगरौँ ।

उफ्... फेरि मैले हास्यास्पद कुरा गरेँ । गर्नैपर्छ, वातावरण नै त्यस्तै छ । कसैले पहिरेको टुँडिखेलको पहिरन देखेर कसैले वाहवाह पनि गरिदेलान् तर त्यस गाईजात्राको पीडामा कति रोइरहेका छन् भन्ने कुरा कसले बुझ्ने ? देखाउन त हामीकहाँ

भोटोको पनि जात्रा देखाइन्छ नि ! सायद त्यसैको अर्को संस्करण पो हो कि ? प्रकारान्तरले वा अर्थविस्तारले महारथी, रथी, उपरथी, सहायक रथी अथवा जे सुकै रथी ! बुझ्न वा बुझाउन नसकिएको पो हो कि !

अब बल्ल गुठी कुरा गर्दै छु, लेखनको विकल्प छँदै छैन । त्यसैले नै म 'बघेनी'सम्म आइपुगेकी छु । एउटा बिन्दु नै मात्र भए पनि केही फरक, केही आफ्नोपन होस् भन्ने चाहना र खोजीमा मेरो सबैभन्दा प्रिय कथा विधामा समाविष्ट गर्न यस सङ्ग्रहमा समाहित यस्ता पनि कथाहरू मैले रचेँ । मानिस त के र प्रकृतिकै रचनामा पनि केही नौलो पनका लागि क्रस वा हाइब्रिड गर्छन् नि वैज्ञानिकहरू ! म वैज्ञानिक होइन, नत्र मानिसको पुरानो नश्ल परिवर्तन गरिदिन मन थियो मलाई । गर्न त प्रकृतिले नै पनि मानिसको स्वरूपमा पनि परिवर्तन गर्दै लगेको हो भनिन्छ । देखिने कुरा चिम्पाञ्जीको पुच्छर अहिले मानिसको कण्डचौलीमा भएको डोब मात्रमा परिवर्तित भएको प्रमाण दिइन्छ । अब मानसिक रूपमा प्राकृतिक भएर बाँच्नुपर्ने मानिस अप्राकृतिक रूपमा बाँच्न द्रुततर गतिमा दौडिँदा उसको मानसिकता पनि कति अप्राकृतिक हुँदै गएको होला ? यसको लेखाजोखा गर्ने वैज्ञानिक दृष्टि वा प्रवृतिगत ज्ञान मसँग छैन । तर मानिस अब प्रकृतिनिर्मित मानिसचाहिँ पक्कै रहेन । त्यसैले यो द्रुततर विकासको वैज्ञानिक युगमा मानिसमा भएका प्रकृतिको सूक्ष्म गतिको परिवर्तनले पनि मलाई पुगेको छैन । मलाई त मानिसको आकृति र प्रकृतिमा नै पनि केही न केही खास परिवर्तन गरिदिन पाए हुन्थ्यो भन्ने लाग्छ । त्यसपछि पो समयसापेक्ष र अलि रोचक हुने थियो कि मानिस !

हुन त मानिसका मस्तिष्कमा हाल्ने 'चिप्स' त बनाएर प्रयोग पनि गर्न थालेछन् वैज्ञानिकहरूले !

साँच्ची नि, एउटा कुरा नि, विशेषखाले राष्ट्रवादी 'चिप्स' उत्पादन गरेर दातृराष्ट्रहरूले अविकसित र भ्रष्टाचारको दलदलमा

फसाइएका देशका सरकारमा बस्नेहरूका मस्तिष्कमा प्रत्यारोपण गर्नका लागि उपहारस्वरूप दिए हुने नि ! दातृराष्ट्रले 'चिप्स' मात्र दिँदा हुन्छ । प्रत्यारोपणको काम गर्न अन्नपूर्ण न्युरो अस्पतालका संस्थापक, हाम्रा राष्ट्रवादी चिकित्सक, अन्तर्राष्ट्रिय स्तरका न्युरोसर्जन डा.वसन्त पन्तले तयार गरेका न्युरो सर्जनहरूको समूहले नै गर्न सक्छन् ।

आहा ! कल्पना गरौँ त ! देशभक्ति, देशविकास, जनताको सुखसुविधाका लागि मात्र काम गर्ने 'चिप्स' नेपालमा राजनीति गर्ने र नेपाल सरकारमा प्रवेश गर्ने हरेक नेताको मस्तिष्कमा प्रत्यारोपण गर्नैपर्ने व्यवस्था हुन सके ? जनताले झूटो शपथको ग्याउलो सुन्नु र हेर्नुपर्ने पनि थिएन नि हैं ! त्यसो त कोरोनाको भ्याक्सिन दिएजस्तो प्रत्येक जनतालाई पनि त्यस्तो 'चिप्स' प्रत्यारोपण गराउन सके ? नेता र नेताका झोले पनि राष्ट्रवादी, नेता बनाउने जनता पनि राष्ट्रवादी !

अहो ! प्रकृतिले अथाह सम्पत्ति दिएको हाम्रो देश त्यसपछि कसरी कङ्गाल हुन्थ्यो होला र ? अनि छिमेकीले हाम्रो देशमा आँखा गाडेर भतुवा पाल्ने काम पनि कसरी गर्न सक्थे होला र ? अब यो कुरा पनि अहिलेलाई यत्ति मात्रै ।

वैज्ञानिकहरूले गर्न पनि नयाँ नौलो गर्न नचाहेका त कहाँ हुन र ? उनीहरूले तीन दशकअघि नै 'क्लोनिङ' पद्धतिबाट कृत्रिम मानिस उत्पादन गर्न खोजेका हुन् । तर कृत्रिम मानव उत्पादन गर्न अझैसम्म वैध र अवैधकै पासोमा वैज्ञानिकहरू फसेका छन् । अब यो महाशक्ति राष्ट्रको वैध र अवैधको कुरा पनि मलाई अर्को हास्यास्पद कुरा लाग्छ । ठूला वा विकसित राष्ट्र भनाउँदाहरू उनीहरूलाई मन लागि गर्नका खातिर, अहम् र अहङ्कारको तुष्टिका लागि अथवा आआफ्ना स्वार्थपरक क्रियाका लागि भने वैध र अवैध सबै थरी धन्धा चलाउँछन् । दिनदिनै नासिँदै गएको ब्रह्माण्डीय पञ्चतत्त्व

थप नाश पार्ने खेलमा आफूलाई संसारको ठेकेदार सम्झिने तिनै देशहरू लागिपरेका छन् । युद्धीय शस्त्रअस्त्र बिक्री गरेर धनार्जन गर्न लालायित पनि तिनै छन् र प्रयोग गरेर कोरोनाभन्दा डरलाग्दा भाइरसैभाइरसका उत्पत्तिले पृथ्वीमा मानिसको मात्र नभएर समग्र प्राणीकै अस्तित्व लोप पार्ने खेलमा पनि ती वैध र अवैध तोक्ने ठेकेदार नै लागिपरेका छन् । यो पनि छुट्टै कथा र विषय हो । अहिले यसलाई पनि यतै बिसाइदिन्छु ।

अब यी गन्थन रोकेर यति धेरै गन्थनको तात्पर्यचाहिँ फेरि पनि भन्छु है ! मलाई कहिलेकाहीँ कथालेखनको प्रचलित धार छोडेर अलि बेग्लै धारतिर रम्न पनि मन लाग्थ्यो र लाग्छ नै पनि । त्यसै रहरमा उब्जेका कथाहरूमध्येका केही कथाहरूको सङ्कलन हो 'बघेनी' ।

**अलिकति मोमिला**

यहाँनेरि म एकैछिन मोमिलालाई सम्झन खोज्दै छु । कथाहरूमा एउटा कथा उनलाई नै शीर्षक बनाएर पनि मैले लेखेकी छु । मोमिलालाई अरूले कसरी चिन्छन् वा चिन्नुपर्छ त्यो मेरो सरोकारको विषय पनि होइन । फेरि मैले मोमिलालाई जसरी र जे गरी चिनौँला वा चिनाउँला उसै गरी मोमिलालाई चिन्नैपर्छ भन्ने पनि त छैन नि ! किनभने प्रत्येक मानिसले प्रत्येक मानिसका लागि फरक मूल्य, मान्यता र पहिचान बोक्छ । हरेक मानिसले हरेक मानिसलाई आआफ्नो हिस्सामा बुझ्छ । बुझ्ने व्यक्ति र बुझिएको व्यक्तिका बीच एकै किसिमको अनुभूति नहुन सक्छ, हुनैपर्छ भन्ने पनि छैन । किनभने 'मैले तिमीलाई यसरी बुझ्छु त्यसैले तिमीले पनि मलाई त्यसरी नै महसुस गर्नैपर्छ' भनेर कसैले कसैलाई जबरजस्ती लाद्न सक्तैन । लाद्न खोज्दा नै 'एसिड प्रकरण' घट्ने गर्छ । अर्थात् ती अपेक्षाका घेरा हुन् र तिनै अपेक्षाका कारण नै सम्बन्धहरू दुर्घटित हुन्छन् वा विस्थापित हुने गर्छन् । यहाँ यो प्रकरण पनि अहिले यत्ति

नै मात्र । किनभने यति बेलाको यो प्रसङ्ग मैले आफूभित्र सङगृहीत गरिएकी अलिकति मोमिला मात्र हुन् ।

मैले सङ्ग्रहमा राखेकी मोमिला मभन्दा बैँसालु छिन् अर्थात् राम्री छिन्, अनि धेरै फुर्तिली पनि छिन् । नेपाली भाषासाहित्यको परिसरमा देखा परेकी एउटी सिङ्गो मोमिला स्रष्टा, अभियन्ता र सम्पादक हुन् । यति मात्र नभएर थप उनी प्राध्यापन पनि गर्छिन् । मोमिलाबाहेक मजस्तै कुनै अर्की स्त्रीलिङ्गीले नेपाली सामाजिक, साहित्यिक वृत्तमा यत्तिविधि काम गरेको कमसेकम मलाई चाहिँ थाहा छैन । अझै लिङ्गभेदै नगरी नै केवल व्यक्तिको हैसियतमा भन्नुपर्दा मोमिलाकै समकक्षी हुन सक्ने पितृसत्ताको अभिमानमा उचालिइराखेका समेत कुनै इतरलिङ्गी जीव पनि पो भेटेकी छैन मैले त !

त्यसो त, हाम्रो सेरोफेरोमा काम गर्नेकै ईर्ष्या, डाहा, विरोध, आक्रमण, प्रत्याक्रमण गर्ने प्रचलन अथवा भनौँ रोग नै व्याप्त छ । हुन त यो हाम्रो परम्परै पनि हो । हाम्रा धर्मशास्त्रहरूमा पनि कसैको तपस्याले कसैको आसन डगमगाएको कथा आउँछ अनि त्यस्ता तपस्वीको तपस्या भङ्ग गर्ने उपक्रम गरिन्छ । त्यसैले कामको विरोध वा ईर्ष्या, द्रोह वा विरोध कुनै अनौठो वा नयाँ नौलो केही होइन । मैले गर्न चाहेका तर गर्न नसकेका कतिपय काममा मोमिला रमाएको दृश्यले पनि मानवीय मनोविज्ञानले लखेटिएको व्यक्ति 'म'चाहिँ मोमिलाको केही डाहा र अलिअलि ईर्ष्यामा छटपटिएको पनि हुनुपर्छ, किनकि जुनसुकै पनि सामान्य मनुवा यस्ता 'भाइरल'को चपेटामा परिहाल्छ नि !

यति हुँदाहुँदै पनि मेरो लेखक भने मोमिलाप्रति कृतज्ञ छ, किनभने मेरो लेखकलाई बेलाबखत हौस्याएर, फकाएर र फकफक्याएर कथा लेखाउने काम गरेकी छिन, सम्पादक मोमिलाले । आजभन्दा एक युगअघि नै मेरो उपन्यास 'उसको लोग्ने र बिरालो'का बारेमा

अन्तरक्रियात्मक कार्यक्रम गर्ने र मन परेको पुस्तकका रूपमा सोही पुस्तकलाई रोजेर सार्वजनिक गर्ने काम गरेकी छिन् मोमिलाले । यो भनेको लेखकीय सम्मान हो । त्यसैले मैले मोमिलालाई जति नै मन नपराए पनि, व्यक्ति मोमिलाको ईर्ष्या र डाहाको आगोमा म व्यक्ति हुरहुरी सल्किए पनि, मभित्र बाँचेको मेरो लेखकले भने मोमिलालाई धूमधामै मन पराउँछ । मन पराउने मात्र कहाँ हो र, मोमिलालाई मेरो लेखकले सम्मानको 'सेल्युट' नै ठोक्छ । अब म के गरूँ ? इमानसाथ भन्ने हो भने अब त मोमिला विश्वविद्यालयीय विद्यावारिधिकी विषय बनिसकेकी छिन् । उनलाई मैले एउटा लेखको एकदुई अनुच्छेदमा थन्क्याउनुको खासै अर्थ त छैन नै ! त्यसैले अहिलेलाई मोमिला प्रकरण पनि यतिमै बिसाऊँ !

अन्तत: बिसाउँदाबिसाउँदै पनि अलिकति कुराचाहिँ भनिछोड्छु है, यस 'बघेनी'कै केही कथाहरू पनि मोमिलाले उनको 'कलाश्री'का लागि पटकपटक आग्रह गर्दा मात्र लेखिएका हुन् । यसै तथ्यले पनि कथासङ्ग्रहको रूपमा यो किताप तयार गर्न मलाई सजिलो भएको सत्य मैले प्रस्तुत गर्नैपर्ने थियो, गरेँ, अब धर्म फराक भएँ ।

•

भनिसकेकी छु, अलि छुट्टै पाराले रचिएका छन्, 'बघेनी'का कथाहरू । यी कथाहरू फुटकर रूपमा छापिएका नै पनि हुन् । तर डेरामा बसेका मानिस आफ्नो घर बनाएर सरेझैँ मेरा यी कथाहरूको पनि यो 'घर' बनेको हो । कतिपय कथाहरू सङ्ग्रहभित्रै अथवा दाजुभाइका घरमा पनि आश्रितझैँ बसेका थिए ।

मेरा ती सबै कथाहरूले घर मागे र मैले उनीहरूलाई अहिले उनीहरूकै निजी घरमा थन्क्याउन चाहेकी मात्रै हुँ । अब यिनीहरूको घर कस्तो हुने हो ? झुपडी, पाटीपौवा, धर्मशाला, अपार्टमेन्ट, बङ्गला, भव्य महल ? त्यो पनि त्यस घरमा बस्नेको मानसिकतामा

पनि निर्भर गर्ने कुरा हो । भव्य महलमा बस्नेले घरविहीन सोच राखेको छ भने वा फुटपाथमै बस्नेले भव्य महलमा बसेको अनुभूति पालेको छ भने ? देख्नेका मात्र कुराले के भयो र ? देख्नेले भन्दा भोग्नेले भोगेकै चाहिँ स्वाद हुने हो । देख्नेका मन, आँखा ईर्ष्या, जलन, छटपटी, डाहा, गुटबन्दी, दलबन्दीजन्य थुप्रै विकृतिले छपक्क छोपेको पनि हुन सक्छ । तर अब मेरा यी कथाहरूलाई डेरामा बस्ने वा घरविहीन वा भतुवा लागेका भनेर कुनै पनि भाउजूबुहारीले हेला गर्ने छैनन, टुप्पिएका सम्भ्रान्तले निजी घरै नभएका भनेर प्याच्च भन्न सक्ने छैनन्; यसै हेपिने छैनन् मेरा कथाहरू । यी कथाहरूले पनि निजी परिचय पाउने भए भनेर ढुक्क भएकी छु । भयो यो कुरा पनि अहिले यत्तिमै छोडिदिन्छु ।

यो बरालिने मन र यसको गन्थनको सीमा अन्त्यहीन भएको पत्तो पाएपछि कहिलेकाहीँ यस्तो जथाभाबी दौडिने बाइफाले मनलाई कच्याककुचुक पारेर फालिदिऊँ जस्तो पनि नलाग्ने होइन । आफ्नो मन आफैँ फालेको र आफू मनविहीन भएको अनुभूति सँगालेर एकैछिन गमी हेर्छु । मनविहीन भएको अनुभूति त भयावह हुने रहेछ । अनि त्यसै भयले तानेरै हुनुपर्छ आफ्नो मन आफ्नै मनसँग लोभिन्छ, आसिन्छ, मोहिन्छ र आत्तिन्छ पनि ! अनि भैगो भनेर यो मनलाई जहींको तहीं थुमथुम्याएर थन्क्याउने गर्छु ।

त्यसैले मसँग एक थान मन सुरक्षित भएको घोषणा गर्छु ।

•

उडिरहेको मनको धरातलबाट जब म वास्तविकताको धरातलमा ओर्लन्छु, त्यहाँ सबैभन्दा पहिले देखिने र भेटिने सत्य मेरी आमा दुर्गादेवी नेपाल हुन् र जसका वाणीबाट मैले सर्वप्रथम कथाको स्वाद चाखें, ती वाणी पनि तिनै मेरी आमाका नै हुन् । घरभरि कथासङ्ग्रह र पत्रपत्रिकाको भण्डारा लगाइदिएर मलाई बाल्यकालमै

कथाको नशा लगाउने मेरा प्रात: स्मरणीय पिता गणेशप्रसाद शर्मा हुन् । अनि कथालेखनको प्रारम्भिक खेतीकला सिकाउनेचाहिँ विराटनगरको पाञ्चाली टोलमै पिताजी भनेर सम्मानित प्रात: स्मरणीय पं.ठाकुरप्रसाद कोइराला हुन् । मेरो सिर्जना बिन्दुका प्रेरक आदरणीय महामनाहरूप्रति म सदा नतमस्तक छु ।

मेरो लेखनप्रति सदासर्वदा गर्व गर्ने र मेरो पुस्तक हातले सुमसुम्याउँदै निधारमा पुऱ्याएर ढोग्ने निरक्षरा मेरी प्रात:स्मरणीय सासू भागीरथा प्रसाई तथा मलाई सदासर्वदा आफ्ना आशिष्को वर्षाले निथ्रुक्क भिजाउने मेरी एक मात्र आमाजू प्रात: स्मरणीय नीरा सिटौलाप्रति मेरो विशेष सम्मान छ। २०२८–०३० सालताका कथालेखनको प्रारम्भिक अवस्थामा मेरा कापीका पानामा भएका कथाको प्रथम पाठक मेरी सहोदरी अनुजा कल्पना शर्मा भइदिँदाको स्मरणले पनि मलाई पुलकित पार्ने गर्छ ।

अमेरिकामा बसोबास गर्ने मेरा प्रिय भतिज राउल प्रसाईको अपरिमित प्रेम बिर्सिनु भनेको मेरो कृतघ्नता हुनेछ । त्यसै गरी अस्ट्रेलियानिवासी मेरा प्रिय भान्जा अर्जुन सिटौलाले मेरा लागि सदासर्वदा खोलेको मन, माया र समर्पण पनि मेरा लागि स्तुत्य छ ।

मेरो लेखनलाई आत्मसात् गर्ने मेरी कान्छी छोरी अनुकृतिका अर्थात् तान्तु मेरो लेखनकी ऊर्जा हुन् । मेरो लेखकीय व्यक्तित्वप्रति अभिमान गर्ने मेरा दुई छोरीहरू गीताञ्जलि र निकेतिका अनि छोरा कञ्चनजङ्घालाई म लेखन परिवेशबाट बाहिर निकाल्न सक्तिनँ ।

मेरो घरव्यवहारको अधिकांश अभिभाराजति आफ्नै काँधमा बोकेर मलाई साहित्यिक संसारमा रुमलिन र बहकिन स्वतन्त्र छोडिदिने मेरी मानसपुत्री सुमी चौधरीलाई मैले सम्झिन भने म हुनुको पनि कुनै अर्थै हुने छैन । त्यसै गरी मेरो गार्हस्थ्य जीवनलाई सघाएर मेरो लेखकीय जीवनलाई अभिप्रेरित गर्ने मेरा मानसछोरा

माधव नेपाल, मायालु लक्ष्मीअप्सरा पाण्डे तथा पियारी रश्मि रिमाललाई मनको गहिराइबाटै म सम्झिँदै छु ।

पच्चिस वर्षअघिदेखि मेरा रचनाहरूमा समालोचकीय र आलोचकीय प्रतिक्रियात्मक अभिव्यक्ति अविरल प्रवाह गर्दै मेरो लेखन तपस्यामा मलाई ऊर्जावान् बनाउने मेरी माया नमिता सिंहलाई म बिर्सिनै सक्तिनँ ।

एउटा लेखक स्वयम्मा मात्र कसरी पूर्ण हुन सक्छ र ? पूर्णताका लागि मलाई सघाउने अनगिन्ती हात र साथ छन् । ती सबैको कुरा मैले यो सानो लेखमा कसरी समावेश गराउन सक्छु र ? तर मेरो मानस समुद्रमा दौडिरहेको मेरो निजी विशाल र सुन्दर जहाजमा मैले ती सबैलाई ससम्मान यथास्थानमा विराजमान गराएकी छु । कुनै टापुमा पुनः जहाज रोकिएको बेला मेरो विराट् पानीजहाजमा यात्रा गरिरहेका मेरा प्यारा यात्रुबारे क्रमशः विवेचन गर्ने मौका मैले पाउने कुरामा म नियतिसँग आश्वस्त छु ।

अब अन्तिम तर प्रिय सत्य मात्र भन्न बाँकी छ– मेरो जीवनलाई वास्तविक जीवनमा बदल्ने व्यक्ति अर्थात् मेरा गुरुदेव नरेन्द्रराज प्रसाईबिना अधिकांश यी कथाहरूको परिकल्पना पनि सम्भव थिएन भन्छु म । किनभने नरेन्द्र नै मेरा हरेक रचनाका प्रथम पाठक, त्यति मात्र नभएर तिनका वास्तविक पिताको भूमिकामा पनि उनी नै छन् भन्दा म गर्वित हुन्छु । मबाट गरिएका सृजनाले उनीबाट बीउ र संरक्षण नपाएको अवस्था सम्झँदा मलाई कहाली लाग्छ । उनीप्रति समर्पण गर्ने शब्द यस बेला मैले पाइरहेकी पनि छैन् ।

**२०७९ चैत २९ गते** **• इन्दिरा प्रसाई**

# बघेनी

## १११११

१. दुवै एउटै सेक्सनमा थिए । रमेशनाथ जहिले पनि अघिल्लो बेन्चमा नै बस्ने गर्थ्यो भने शम्भुराम पछिल्लो बेन्चमा मात्रै बस्थ्यो । त्यसो त ऊ कक्षामा प्राय:जसो बस्तैनथ्यो पनि । हूलहुल्याइमै उसलाई फुर्सत हुँदैनथ्यो । शिक्षकहरूसँग अभद्र व्यवहार गर्नेहरूको कोटिमा पनि ऊ शीर्षस्थ थियो । कक्षाको परीक्षामा शम्भुराम कहिल्यै सामेल हुँदैनथ्यो । रमेशनाथको लेखाइ र अनुशासन शिक्षकहरूका लागि प्रशंसनीय हुने गर्थ्यो ।

११. विश्वविद्यालयस्तरीय परीक्षामा शम्भुराम उत्तीर्ण भयो । रमेशनाथ पनि उत्तीर्ण भएको थियो तर शम्भुरामले हरेक विषयमा रमेशनाथलाई उछिनेर नम्बर ल्याएको थियो । त्यस दिन पहिलो पटक रमेशनाथ छक्क परेको थियो ।

१११. पढाइ सक्नासाथ रमेशनाथले लोकसेवा आयोगको शाखा अधिकृतको परीक्षा पनि उत्तीर्ण गर्‍यो । क्रमिक रूपमा जागिरमा समय बित्यो र समयान्तरमा बढुवाको परीक्षासमेत उत्तीर्ण गरेर रमेशनाथ दोस्रो श्रेणीको अधिकृत भएको थियो । त्यसै बेला अचानक उसैको मातहतमा शम्भुराम नायब सुब्बा भएर आएको थियो । आफ्नो पुरानो सहपाठी आफ्नो अन्तर्गतको कर्मचारी भएर आउँदा उसलाई खुसी पनि लागेको थियो भने अर्कातिर शम्भुरामको

क्याम्पसजीवनको स्वभाव सम्झना आउँदा रमेशनाथ झस्केको पनि थियो ।

१११११. 'सर, शम्भुराम सुब्बासाब त निकै पावरफुल रहेछन् नि, उनी त अर्थसचिवका ज्वाइँ रहेछन् । लोकसेवाको परीक्षासमेत हाम्रै सचिवज्यूकै कृपाले पास गरेका रहेछन् नि !' एक दिन रमेशनाथकै अन्तर्गतको शाखा अधिकृत रामप्रसादले भनेको थियो ।

'के भयो त ? उनको काम उनी गर्लान्, हाम्रो काम हामी ।' रमेशनाथले सहजतापूर्वक जबाफ दिएको थियो । शम्भुरामबारे आफूले सङ्कलन गरेको टीकाटिप्पणीमा रमेशनाथले कुनै उत्साह नदेखाएपछि रामप्रसादले पनि कुरा अन्तै मोडेको थियो ।

शम्भुराम रमेशनाथसँग बडो सम्मानका साथ प्रस्तुत हुन्थ्यो । कुनै समय क्याम्पसको दादा कहलिएको शम्भुरामको यस्तो विनम्र रूप देख्ता रमेशनाथलाई अचम्म पनि लाग्ने गर्थ्यो । कार्यालयमा त्यस बेला शम्भुरामले कहिल्यै पनि रमेशनाथ उसको पुरानो त्यही सहपाठी थियो भन्ने कुराको आभास पनि दिएन । 'समयले मानिसलाई यतिविधि परिवर्तन गर्दो रहेछ' शम्भुरामको आदरपूर्ण व्यवहारबाट रमेशनाथ पनि प्रसन्न भएको थियो ।

अचानक एक दिन अख्तियार दुरुपयोग निवारण आयोगले आफ्नो नाममा पठाएको चिठी देखेपछि रमेशनाथको होसहवास उडेको थियो । सो चिठीसम्बन्धी सबै कागजात र विवरण, बेहोरा हेर्दा सो अनियमिततामा रमेशनाथकै संलग्नता प्रमाणित भएको थियो । किनभने सबै कागजातमा कार्यालय प्रमुखको नाताले रमेशनाथकै हस्ताक्षर थियो ।

ती कागजातमा हस्ताक्षर गराउने व्यक्ति अरू कोही नभएर शम्भुराम नै थियो ।

'शम्भुरामजी, तपाईंले त मलाई डुबाउनुभएछ नि, यस्तो काम पनि गर्ने हो ?'

जीवनमा पहिलो पटक आक्रोशित भएर बोलेको थियो रमेशनाथ ।

'सर, कागजातमा हस्ताक्षर गर्दा हजुरले राम्रोसँग पढ्नुपर्थ्यो । मैले कागजात तयार मात्र गरेको हुँ, हस्ताक्षर तपाईंकै छ ।'

ठ्याम्मै क्याम्पसकालीन हल्याहा शैली तर कार्यालयीय शिष्ट भाषामा शम्भुरामले जबाफ फर्काएको थियो । वास्तवमा अब रमेशनाथसँग कुनै प्रश्न पनि बाँकी थिएन ।

जति नै काँचुली फेरेर चिल्लो देखिए पनि गोमन सर्पमा विष हुन्छ भन्ने कुरा आफूले बिर्सिएकोमा रमेशनाथ स्वयम् आत्मग्लानिमा डुबेको थियो । तर त्यसपछिका दिनहरूमा रमेशनाथले शम्भुरामको विश्वास कहिल्यै गरेन । हुन त यस अवधिमा रमेशनाथको घरपरिवारमा पुगेर उसका स्वास्नी र छोराछोरीको समेत प्रियजन बनिसकेको शम्भुरामले रमेशनाथलाई आफ्नो मुताबिक चलाउन निकै प्रयत्न गरेको थियो । आफ्नो निष्ठाप्रति सदा जागरूक रमेशनाथ शम्भुरामले बारम्बार ओछ्याएको कुनै पनि जालमा परेन । बरु त्यसपछि आफ्नो ससुराका प्रयत्नद्वारा सो कार्यालयबाट रमेशनाथको सरुवा नै गराइदिएको थियो शम्भुरामले ।

११११. 'ओहो सर, नमस्कार सर ! भित्र बसिहालिबक्स्योस् न सर ! ट्राफिकले यहाँ धेरै बेर मोटर रोक्न दिँदैन ।'

अचानक शम्भुराम शर्माले उसका सामु मोटर रोकेर उसलाई भनेको थियो । ऊ घर जाने सवारी कुरेरै त्यो बसस्टपमा उभिएको निकै बेर भइसकेको थियो । अफिस टाइममा जहिले पनि यस्तै हो । हुन त त्यहाँ उभिने अरू थुप्रै मानिसहरूको भीड थियो । त्यसरी मानिसहरूको भीडका अघि शम्भुरामले त्यत्रो पजेरो गाडी ल्याएर रोकेपछि र उसले त्यसरी आत्तिएर भनेपछि रमेशनाथले मोटर नचढी नहुने भएको थियो । आफ्नै सहायकका रूपमा वर्षौं काम गरेको शम्भुराम उसका लागि अपरिचित अथवा पराई पनि थिएन ।

'लौन छिटो सर, अहिले डन्ठे आउँछ ।'

शम्भुराम पुन: ड्राइभिङ सिटबाटै चिच्च्याएको थियो ।

त्यसपछि यन्त्रचालित भएर उसले मोटरको ढोका खोलेको थियो र शम्भुरामकै समकक्षमा बसेको थियो ।

'सर, घरै जाने होइन त ?'

शम्भुरामले मोटर उसकै घरतिरको मोडतिर मोडेको थियो ।

'सन्जोग पनि कस्तो परेको आज, सरसँग भेट हुन्छ भन्ने त थिएन, तर मैले आज लन्च पनि गरेको छैन । अब भाउजू र छोरीले मलाई नख्वाई पठाउने होइन ।'

शम्भुरामले अनुहारभरि हाँसो छर्दै भनेको थियो ।

'राम्रै भयो नि, तिमी हामीकहाँ नआएको पनि धेरै भइसकेको थियो ।'

उसले शम्भुरामलाई त्यसरी आफ्नो घरमा लैजाने इच्छा पटक्कै गरेको होइन । मोटरमा चढिसकेपछि बल्ल उसलाई होस आएजस्तो भएको थियो ।

'धत्तेरि, म किन यसको मोटर चढेको हुँला !'

वास्तवमा धेरै वर्षपछि अचानक त्यस रूपमा शम्भुरामको उपस्थितिले रमेशनाथ 'नर्भस' नै भएको थियो । नत्र शम्भुराम उसको अफिसको घुस्याहा कर्मचारीहरूमध्येको पनि नेता हो भन्ने कुरा उसले बिर्सिएको थिएन । शम्भुरामले भ्रष्टाचार गरेर नै अपार धनसम्पत्ति जोडेको कुरा जगजाहेर छ, तर पनि शम्भुराममाथि कहिल्यै कुनै कारबाही भएको उसलाई थाहा छैन । एउटा टुहुरे आर्थिक अवस्था भएको शम्भुरामले रातारात भव्य महलहरू, मोटर र ऐसआरामको व्यवस्था एउटा सामान्य सरकारी नोकरीबाट कसरी गर्न सक्यो ? यो प्रश्न सबैसँग छ र यसको उत्तर पनि सबैलाई थाहा छ, तर शम्भुरामको पहुँच माथिदेखि तलसम्म छ । उसले सबैलाई खुसी पार्न जानेको छ । त्यसैले मानिसहरू शम्भुरामको पछाडि पनि शम्भुरामको फुसफुसे आवाजमा मात्र विरोध गर्छन्, कुरा काट्छन्, अगाडि पर्नासाथ तलुवा चाटौँला जस्तो गर्छन् ।

'अरूले जेजस्तो भने, गरे पनि मैले यो घुस्याहाको मोटर चढ्न र अझ आफ्नै घर लैजान नहुने थियो । कस्तो मतिभ्रम भएछ मलाई ।'

रमेशनाथ आत्मग्लानिमा डुब्दै थियो र पजेरो मोटर आफ्नो भव्यता प्रदर्शन गर्दै अघि बढिरहेको थियो । रमेशनाथको घर पुग्ने अर्को मोडमा पुगेर सडक साँगुरिन्थ्यो । त्यो साँगुरो सडकमा पजेरो गुडाउँदा एक्लौटी सडक भोग्नुपर्थ्यो र आफू पैदल यात्री भएका बेला रमेशनाथलाई त्यस्ता पजेरोधारीहरू अपराधीजस्ता लाग्थे । 'मोटर यहीँ रोकेर यसलाई यतैबाट बिदा गर्दिनुपर्‍यो' रमेशनाथको एउटा मनले सुटुक्क भन्यो ।

'ऊ घरै जाने भएको छ, म अशिष्ट हुन्नँ र ?' अर्को मनले भन्यो ।

'अनि सर ! घरमा तला थपेको कि ?' शम्भुरामको प्रश्नले ऊ ऋस्किएको थियो ।

'अहँ, छैन थपेको, पुगेकै छ ।' उसले सन्तुष्ट हुन खोजेर जबाफ दिएको थियो, तर पछिल्लो शब्द 'पुगेकै छ'ले आफैँलाई ऋस्काएको थियो । 'डचाडी ! अब म भाइको कोठामा सुत्दिनँ, कि त उसलाई अर्को कोठा दिइस्योस् नत्र मलाई' केही दिनअघि मात्र रजनीले भनेका वाक्य पनि सम्झ्यो उसले ।

'हो त, तरुनी भएकी छोरीलाई छुट्टै कोठा दिनुपर्छ, रघु पनि त लाठे भइसक्यो । खोइ, तला थप्ने कुरा त यो जीवनमा कल्पनै भइगो ।'

स्वास्नीले पनि अभावमाऊ पलाउन चाहेको तृष्णा देखाएकी थिई ।

'त्यस्तै हो भने रघुलाई बैठकमा खाट हालिदेऊ न ।' उसले समाधान निकालेको थियो ।

'उसले मान्नु पनि त पऱ्यो नि, मचाहिँ बैठकमा किन सुत्ने भन्दैन कि क्या हो !'

स्वास्नी चर्केकी थिई ।

'फेरि मानिहाल्यो भने पनि त्यो लथालिङ्गेलाई बैठकमा सुताएपछि आउने, जाने मान्छेलाई कहाँ बसाउने ? छोरीलाई सुत न त बैठकमा भनौँ भने ढोकै नभएको बैठक छ ।' भर्खरै चर्केको स्वरलाई केही नरम पार्न खोज्दै त्यस बेला स्वास्नीले भनेकी थिई ।

'यही होइन त सर ? ए ! घर त जस्ताको तस्तै रहेछ । वरिपरिका सबै घर फेरिएछन् । ए ! कत्राकत्रा घर

बनाएछन् यहाँ त । म एक्लै आएको भए त अलमलिने रैछु ।' रमेशनाथको घरअघि पुगेर उसैको सहमतिमा शम्भुरामले मोटर रोकिसकेको थियो ।

'भाउजू ! म हजुरहरूको सेवक शम्भुरामको नमस्कार !' शम्भुराम बैठककोठामा पुग्नासाथ त्यसैसँग गाँसिएको भान्सातिर लक्ष्य गरेर झन्डैझन्डै चिच्च्याएको नै थियो ।

रमेशनाथकी स्वास्नी भान्साबाट हामफाल्दै आइपुगेकी थिई । स्वास्नीको अनुहारमा धेरै दिनपछि उत्साहवर्द्धक खुसी देखेर रमेशनाथलाई कताकता नरमाइलो पनि लाग्न खोज्यो ।

'शम्भुराम यस बेला हाम्रो घरको पाहुना हो, उसको आतिथ्य गर्नै पर्छ' लगत्तै उसको मनमा यस्तो भाव आएको थियो र उसले केही अघिको नरमाइलोलाई झट्कार्न खोजेको थियो । 'तिमीलाई कत्ति पटक भनिसकें ढोका लगाएर बस्ने गर, घरघरै चोरीको घटना बढेर कस्तो छ ।' शम्भुरामको उपस्थितिले खलबलिएको आफ्नो मनको बोझ प्रत्यक्षत: मूल ढोका उदाङ्गै भएको कारण आफ्नी स्वास्नीलाई हप्काउने निहुँमा हलुङ्गो पार्न खोज्यो रमेशनाथले ।

'धारामा पानी सुक्यो कि भनेर भर्खरै हेर्न गएकी थिएँ । हजुर आउने बेला भयो भनेर खुलै राखेकी हुँ । नत्र दिनभरि काँ खोल्छु र ?' उसकी स्वास्नीले पनि झट्टै स्पष्टीकरण पेस गरेकी थिई । उसलाई जबाफ दिइसक्नासाथ शम्भुरामप्रति उन्मुख भएकी उसकी स्वास्नीमा थपिएको रौनक झट्ट उसका आँखामा परेको थियो ।

'ओहो बाबू ! काँबाट हामीलाई आज सम्झनुभयो नि ! हामीलाई चिन्नु त हुन्छ ? बाबू त ठूलो मान्छे हुनुभा'को छ रे नि !' बढो आत्मीय भावमा उसकी स्वास्नी बोलेकी थिई ।

'निर्जला भाउजूलाई पनि म बिर्सन्छु होला त ? के भनेको यस्तो भाउजू ! मेरो त मनै कटक्क खायो । भाउजू, मलाई असाध्य भोक लागेको छ । आज लन्चै खाएको छैन ।' शम्भुरामले पनि उसकी स्वास्नीसँग आत्मीय भएर भनेको थियो ।

'के गरौँ बाबू ! बेलुकी रोटीसँग खान भनेर पकाएको तरकारी त तयार छ, रोटीको पीठो पनि मुछिराखेको छ, भुजा नै तयार गरौँ कि बाबूलाई भोक लागेको बेला... ।' निर्जलाले आत्मीयतापूर्वक केही हतारिएरै शम्भुरामसँग खाने परिकारको नाम मागेकी थिई ।

'भाउजूको हातको विष पनि मलाई मीठो लाग्छ, तर अहिले म पाकेको खानेकुराचाहिँ खाइहाल्ने भाउजू, रोटीतरकारी भए पनि ल्याइहालिस्योस् न है !'

शम्भुरामले निर्जलाको अनुहारमा हेरेरै जबाफ दिएको थियो ।

'के भन्या होला बाबू हजुरले पनि, हजुरजस्तो पौरखी मानिसलाई पनि म विष ख्वाउँला त ? कठै ! कति भोक लाग्या होला, एकैछिनमा ल्याइहाल्छु है !' निर्जला मायालु भएर बोलेकी थिई ।

'अनि हजुरलाई पनि ल्याऊँ ?' निर्जला भान्सातिर जाँदाजाँदै ऊतिर फर्केकी थिई । शम्भुरामले पनि उसलाई नै हेरिरहेको थियो ।

'मलाई अहिले एक कप चिया भए हुन्छ ।' उसले केही थाकेको आवाजमा भनेको थियो ।

'होइन सर, सँगै खाऔँ न ।' शम्भुरामले आग्रह गरेको थियो ।

'म अहिले खान्नँ शम्भुरामजी, मलाई भोकै लागेको छैन ।' उसले भनेको थियो ।

रमेशनाथको मथिङ्गलमा भने स्वास्नीले निकै जोड दिएर शम्भुरामका लागि प्रयोग गरेको 'पौरखी पुरुष'ले मुड्की हान्न लागेको थियो ।

'मम्मी !'

त्यसै बेला बाहिरबाट सुरिलो आवाज आएको थियो ।

'ल रजनी आइपुगिहाली नि, त्यो पनि भोकाएर आएकी होली, बाबूको सर त त्यस्तै हो, कहिल्यै खानमा चाख नै छैन । उहाँले गर्दा मलाई पनि हिजोआज पकाउन पनि जाँगर चल्दैन । स्वाद लिने नभएपछि पकाउन पनि मन लाग्दो रैनछ क्या बाबू !' निर्जला अलि विरक्त भावमा बोलेकी थिई ।

'रजनी ! आज किन ढिलो आइस् नि ?' निर्जलाले सोधेकी थिई ।

'उहाँलाई चिनिनस् ? शम्भुराम अङ्कल ।' ढोका खोलेर रजनीलाई अघि लाएर ऊसँगै बोल्दै गरेकी निर्जला बाँडिन खोजेकी थिई ।

'नमस्ते अङ्कल ! शम्भुराम अङ्कल ! कति मोटो भइसेछ हजुर त । म सानो हुँदा हजुरले मलाई क्याटबरी र चुइगम कति धेरै किनिदिसेको छ, मैले काँ बिर्सेको छु र ?' रजनी पनि शम्भुरामको उपस्थितिमा पुलकित भएकी थिई । पिताको उपस्थितिको खासै महत्त्व दिइन रजनीले र ऊ शम्भुरामको नजिकैको सोफामा मज्जाले बसी ।

'मामु ! हामी केही खाने ?' रजनीले निर्जलालाई आसलाग्दो गरी हेरी ।

'तिमी अङ्कलसँग गफ गर्दै गर, म दुवैलाई खानेकुरा ल्याउँछु । तर तिमी यसरी ढिलो नआऊ । होइन त बाबू ? समय राम्रो छैन । बढेकी छोरी यस बेलासम्म घर नआउँदा आफूलाई कत्ति पीर परिरहेको थियो ।' निर्जलाले भान्सातिर जान खोज्दै भनी ।

'सधैँ मैले ढिलो गरेको छ र ? मम्मी पनि... ! त्यो कल्चरल सोको टिकट बेच्न लाग्दा पो ढिलो भएको त ।' रजनीले केही झर्केको स्वरमा जबाफ दिएकी थिई ।

'अनि अङ्कल, त्यो बाहिरको पजेरो हजुरको हो ? हजुरले त कत्ति पैसा कमाउनुभएको छ रे नि ? मम्मीले हजुरको कुरा गरिरहनुहुन्छ ।' रजनीले ठटचौली पाराले भनेकी थिई ।

'रजनी, तिमी त ठूली भइछौ । पाँच वर्षमा यत्तिको परिवर्तन, म त छक्क परेँ । स्वभाव भने उस्तै बच्ची । अनि मैयाँसाहेबको कस्तो कल्चरल सो नि ! हामीले पनि हेर्न पाइने कि नपाइने ?' शम्भुराम झन्डै रजनीसँग लपक्क हुन खोज्दै बोलेको थियो ।

'अङ्कल, म पनि गीत गाउँछु नि, थाहा छ हजुरलाई ?' उत्साहित रजनी बोलेकी थिई ।

'सानी छँदा पनि गाउँथ्यौ ह्वैन ? अँ, अनि ?' शम्भुरामले चाख लिएर सोध्यो ।

'अन्धाअपाङ्गलाई सहयोग गर्ने भनेर हामीले एउटा सांस्कृतिक कार्यक्रम गर्ने भनेको, टिकट बेच्नै गाह्रो छ । अङ्कलले सहयोग गरिदिए पनि त... ?' रजनीले केही उदासीसहित प्रस्ताव राखेकी थिई ।

'रजनी, यसरी घरमा आएका पाहुनालाई टिकट बेच्नु राम्रो कुरा होइन ।' अन्ततः एउटा बाबु मूक दर्शक भएर बस्न सकेको थिएन र रमेशनाथले निकै दरिलो आवाजमा प्रतिवाद गरेको थियो ।

'म पाहुना हजुरका लागि हुँला सर, तर भाउजू र छोराछोरीका लागि म आफन्त हुँ । भन रजनी, तिमीलाई कति सहयोग गर्नुपर्छ तिम्रो अङ्कलले ।' उसको कुरालाई बीचैमा काट्तै एकदमै बलियो खाँबोजस्तो भएर उभिएको थियो शम्भुराम ।

'ड्याडी आफू पनि कसैलाई भन्दिसिन्न, ड्याडीबाट पनि हुँदैन अनि हाम्लाई काम गर्न पनि दिसिन्न । खोइ, हाम्रो ड्याडी के भा'को मान्छे होइसिन्छ । म त छक्क पर्छु ।' रजनीले केही मलिन स्वरमा आफ्नो पिताप्रतिको विद्रोह पोखेकी थिई ।

'हाम्रो ड्याडी के भा'को मान्छे' छोरीको मुखबाट यति शब्द सुन्नासाथ रमेशनाथको मन घाइते भएको थियो । त्यसै बेला ढोकाको कलिङबेल बजेको थियो । रजनी उठेर ढोका खोल्न गएकी थिई । लगत्तैजसो रघु पनि रजनीसँगै कोठामा आएको थियो ।

'ओहो ! अङ्कल नमस्कार !' रघु पनि सधैँभन्दा उत्साही अनुहारमा देखा परेको थियो ।

'तैँले चिनेर नमस्कार गरिस् कि नचिनी हँ ?' निर्जलाले खानेकुरा बोकेर आउँदाआउँदै भनेकी थिई ।

'किन नचिन्नु शम्भुराम अङ्कललाई, फेरि रजनीले मलाई ढोकैमा भनिसकेकी थिई ।' रघुले सोफामा बस्तै भनेको थियो ।

‘भाउजू, भान्सामै बोलाएको भए भइहाल्थ्यो नि, हजुरलाई कति दु:ख भयो । आहा ! तरकारीको बास्ना नै कति मीठो छ । रजनी खाने होइन ? सर, हामी खाऊँ ?’

शम्भुराम आफ्नो चल्तीको स्वभावअनुसार चारैतिर घुमेको थियो । शम्भुरामले रमेशनाथको मौन स्वीकृतिसूचक हल्लिएको टाउको पनि नहेरी खान लागेको थियो र रजनी पनि ।

‘भान्सामा हजुरजस्तो ठूलो मानिसलाई कसरी ख्वाऊँ बाबू ! खानेकुराको वासले पिरोलिहाल्छ नि । एउटा डाइनिङ रुम पनि बनाउन सक्या होइन हामीले त !’ निर्जलाले शम्भुराम र रजनीका अघिको टिटेबुलमा ट्रेका खानेकुरा राखेपछि लोग्नेतिर उपेक्षाभावले हेर्दै शम्भुरामकै सोफाको एकाछेउमा बसेकी थिई । रोटी, तरकारी, अचार र अम्लेट पनि थियो त्यहाँ ।

‘ए रजनी ! जाजा पानी लिएर आइज, मैले त भुसुक्क बिर्सेछु ।’ सोफामा बसिसकेपछि ऊसङ्ग भएर निर्जला बोलेकी थिई ।

‘ए रघु ! जा त पानी लिएर आइज, मम्मी पनि मैले खाइरहेको देखिसिन्न । त्यसलाई अह्राउनु हुन्न ?’

रजनी भाइतिर लक्षित भएर आमासँग ऊर्केकी थिई । रघु उठेर भान्सामा गएर पानीका दुइटा गिलास बोकेर आएको थियो ।

‘हरे यसको बुद्धि नै छैन । ट्रेमा राखेर ल्याउनुपर्दैन ?’ निर्जलाले शम्भुरामको अगाडि छोराले हातले गिलास बोक्नुको लज्जाबोध गरेकी थिई ।

'हातमा ल्याएको पानी के ट्रेमा ल्याएजस्तो हुँदैन ? कस्तो यो मम्मी पनि !' रघुले हाँस्तै भनेको थियो ।

'ए मम्मी, मलाई पनि...' रघुले खानेकुरातिर हेर्दै आफ्नो भोक जनाएको थियो ।

'पख न एकैछिन, डचाडीसँगै खालास् । रजनीलाई त बाबू एक्लै हुनुभएर पो त ।' निर्जलाले रघुको भोक थुमथुम्याउन खोजेकी थिई । त्यसपछि रघु पनि सेलाएर चुपचाप बसेको थियो ।

शम्भुराम र रजनी आनन्दले खाइरहेका थिए ।

'बाबू, रोटी थपूँ है ?' निर्जलाले शम्भुरामलाई मायालु आवाजले सोधेकी थिई ।

'भाउजू ! हजुर मारी हत्ते, मैले यति मीठो मानेर र यति धेरै खाएको पनि धेरै दिनपछि आजै हो । हजुरको त हातै खाऊँ जस्तो मीठो हुन्छ खानेकुरा ।' शम्भुरामले निर्जलालाई हेरेर भनेको थियो ।

'तर भाउजू, यो उमेरमा यस्तो ठिहीमा हजुरलाई धेरै दु:ख भयो । काम गर्ने मान्छे पनि छैन क्यारे !' शम्भुरामको दयालु आवाज उसका कानमा परेका थिए ।

'काँको काम गर्ने ? सरको सुक्खा तलबले परिवार पाल्न त गाह्रो छ, नोकर त गाह्रै पर्छ बाबू ! अब यो जुनी यत्तिकै दु:खैमा कटचो बाबू !' निर्जलाले रुँला जस्तो गरेर भनेकी थिई ।

'छोरी, खाइसकेर चिया बनाएर ल्या है ! डचाडीले चिया भनिसेको थियो । मैले त बिर्सेछु पनि ।' निर्जलाले रजनीलाई लक्षित गर्दै भनेकी थिई ।

'छोरी छ नि, सघाउँछे र अलि सजिलो छ ।'

'के हो अङ्कल ! रजनी, तँलाई त चाँदीकटाइ भए छ नि, बाफरे यत्तिको रुपियाँ । अङ्कल, हाम्रो क्रिकेट क्लबलाई पनि चन्दा दिनुपर्छ ।'

'रघु !' छोराको कुरा सुनेर रमेशनाथको पितृत्व पुनः जागेको थियो ।

'डचाडी चुप लागिस्योस् है । अङ्कल इज ग्रेट, यस्ता भुसुनाहरूको नाथे कार्यक्रमलाई यत्रो चन्दा ? हाम्रो क्लब त राष्ट्रिय रेकर्डवाला हो अङ्कल ।' रजनीको चन्दा रसिदको प्याड पल्टाउँदै गरेको रघु उत्साहले कराएको थियो । आफ्नो प्रतिवादमा बोल्न लागेको रमेशनाथलाई केही ठूलो स्वरले छोप्न खोज्दै रघुले चन्दा रसिदको प्याड नै आफ्ना पिताको अगाडिको टेबुलमा पुऱ्याएको थियो ।

'ठीक छ, तिमीलाई पनि दिउँला नि, अहिले रजनीको प्रोग्राम रै'छ नि !' शम्भुरामले भनेको थियो ।

'अङ्कल, प्लिज मलाई हजुरको भिजिटिङ कार्ड दिइस्योस् त, म साथीहरू लिएर हजुरको अफिसमा आउँछु । इफ यु हेल्प अस, हामी हजुरलाई नै चिफ गेस्ट बनाउँछौँ ।' रघु उत्साहित हुँदै बोलेको थियो ।

'कसले दिन्छ यति पैसा !' रघुले पिताका अगाडि पुऱ्याएको चन्दा प्याड र एकैछिन पिताको अनुहार पनि हेर्दै भनेको थियो

'हाम्रो डचाडीले त धेरै दिस्यो भने एक सय एघार रुपियाँ दिसिन्छ ।'

रमेशनाथले त्यसै बेला सबैको अनुहारमा आफ्नो आँखा घुमाएको थियो । स्वास्नी, छोरा, छोरीका अनुहारमा

ऊप्रतिको व्यङ्ग्यात्मक मुस्कान थियो । शम्भुरामको अनुहारमा भने रमेशनाथमाथि विजय फन्डा गाडेको भाव विद्यमान थियो ।

'शम्भुराम, नैतिकताभन्दा ठूलो कुनै धन हुँदैन । म तिमीसँग मिलेर काम गर्न सक्तिनँ ।' धेरै वर्षअघि भ्रष्टाचारको कुनै खेलमा उसले शम्भुरामसँग प्रतिरोध गरेको थियो ।

'खोइ सर, अहिलेको युगको सबैभन्दा ठूलो नैतिकता पैसाजस्तो लाग्छ मलाई त ।' त्यस बेला शम्भुरामले फाइल ठटाउँदै भनेर कोठाबाट बाहिर निस्केको थियो ।

शम्भुरामले पैसा दुईनम्बरीबाट आर्जन गरेको कुरा उसका स्वास्नी, छोराछोरीलाई थाहा छ तर पनि उसैको सम्मानमा उनीहरू लागेका छन् । उसले निरीह भएर एकपल्ट आफ्नै घरको बैठककोठामा शम्भुरामसँग आत्मीयतापूर्वक गाँसिइरहेको आफ्नो परिवारलाई हेऱ्यो । यो कोठा र आफ्नै परिवार पनि पराई हुन् कि जस्तो अनुभूति भयो उसलाई । जीवनभर नैतिकताको पक्षधर भएर हिँडेको रमेशनाथलाई यस बेला आफ्नै परिवारले शम्भुरामको नेतृत्वमा उपहास गरेझैँ लागेको थियो । जुरुक्क उठेर शम्भुरामलाई गलहत्याउँदै आफ्नो घरबाट निकाल्ने इच्छा पनि उम्रेको थियो ऊभित्र, तर ऊ आफैँ शम्भुरामको मोटरमा चढेर उसैले आफ्नो घरमा लिएर आएको शम्भुरामलाई ऊ आफैँले गलहत्याउने अशिष्टता पनि गर्न सक्तैनथ्यो । आफैँले ओछ्याएको जालमा परेजस्तो भएर छटपटाइरहेको थियो रमेशनाथ । यस बेला आफैँ आफूसँग पनि एकदमै असहाय हुनुबाहेक अर्को विकल्प सोच्न सकेको थिएन उसले ।

आफू बसिरहेको सोफाअगाडिको टेबुलमा भएको रसिद बुक अचानक उठाउन पुगेको थियो ऊ । उसले सरर्र अन्तिम पाना पल्टाएर हेऱ्यो । त्यहाँ पाँचवटा '१'को अङ्क लेखिएको थियो । अर्थात् '११११११' ।

१. शम्भुराम
१. निर्जला
१. रजनी
१. रघु
१. रमेशनाथ

र पाँचौँ १ का रूपमा आफू पनि गाँसिएको त्यो पाँचवटा एकलाई सामूहिक तस्बिरका रूपमा हेरेपछि रमेशनाथलाई भाउन्न होला जस्तो भयो । दुवै हातले टाउको समातेर आँखा चिम्लिँदै ऊ पुनः सोफामा थ्याच्च बस्यो । चित्रमा भएको पहिलो एकको चित्रले बाँकी चारैवटा एकलाई खप्लक्क निल्दै गरेको अनुभूतिले पनि उसलाई यस बेला लुलो बनायो ।

**• गरिमा : २०५८ जेठ**

# आ बराबर आत्महत्या
# आत्महत्या बराबर दुष्यन्त

'तँ र ममा ठूलो अन्तर छ यार !'

नीलो आँखा र कैलो कपाल भएको मेरो साथीको भनाइ सुनेर उसको उज्यालो अनुहारतिर प्रश्नवाचक आँखा पुऱ्याएको हुन्छु ।

तर जबाफ दिनुको साटो ऊ एकनास साइकिलको घन्टी बजाउन थाल्छ, किर्र... किर्र... ट्रिङ्ग... ! एकनासको आवाजले मलाई झर्को लाग्छ ।

'के बेवकुफी गर्छस् यार, झर्को लागिसक्यो । उसको हात घन्टीबाट तान्दै हकारेको लवजमा भनेको हुन्छु । ऊ झन् निर्लज्ज हाँसो हाँसेर घन्टी बजाउन थाल्छ ।

ट्रिङ्ग... ट्रिङ्ग... किर्र... किर्र... किर्र... ट्रिङ्ग... ट्रिङ्ग... !

'बौलाहा मोरो, मरोस् एक्लै ।' म भुतभुताउँदै उसलाई छोडेर हिँड्छु ।

अर्को पटकको भेटमा ऊ सामान्य भएर गफ गर्न तम्सन्छ, म पूर्वक्रियाहरू सम्झेर तर्कन्छु ।

'अरे यार, तँलाई पनि रिसाउन आउँछ र ?' मलाई अँगालो हाल्दै ऊ खुसामद गर्न खोज्छ ।

'भैगो, तँसँग नबोल्नु नै ठीक छ । बौलाहासँग बोल्दा, हिँड्दा आपत् आइपर्न सक्छ ।'

'हँ के रे आ...प...त्, तैँले ठीक भनिस् आ...माने आमा, आ...माने आफ्ना मानिस, आ... माने आपत्... अरू अरु आ... बाट केके आउँछ तँलाई थाहा छ ?'

उसको सनकी कुरा सुनेर म रन्थनिन्छु । 'तँलाई जतिखेर पनि आफूखुसी गर्नुपर्छ होइन ? म त वाक्क भइसकेँ ।'

'ठीक... ... ... ठीक... आ माने आफूखुसी पनि हुने रहेछ, आफूखुसी ... ..., हो सबभन्दा मलाई मन पर्ने नै हो आफूखुसी, लल अब तँ नरिसा, तर म आफूखुसी चैँ गरिरहन्छु नि । तँलाई के भयो त ? तँ पनि गर न ।' अत्यन्त चञ्चल भएर ऊ भन्छ ।

म उसको गतिविधिप्रति विरक्त भएर उसलाई हेरि मात्र रहन्छु । यो कस्तो मानिस हो, जीवनको कुनै नियम र परिधिले बाँध्न सकेको छैन यसलाई, किन यस बिघ्न आफूखुसीमा रमाउँछ यो ? लाग्छ कसैको मतलबै छैन । हरेक पटक उसको अन्तरकुन्तर छिचोल्न खोजेको हुन्छु । धेरै कुरा बुझेर पनि बुझ्न सकिरहेको हुन्न ।

उसको कथा मेरो मन, मस्तिष्कमा यसरी चित्रित भएको हुन्छ–

उसले राम्ररी होस सम्हाल्न नपाउँदै बाबु झुन्डिएर मरेको रहेछ, किन मर्‍यो ? अनेकौँ प्रश्नहरूको उत्तरस्वरूप वर्ष दिन नबित्दै आमाको पुनर्विवाहबाट केहीपछि जबाफ महसुस गरेको थियो रे उसले । त्यसपछि आफन्तहरूको लहरो लस्को चारैतिर उसको बाबुको आत्महत्या र आमाको पुनर्विवाहको चर्चा परिचर्चा, प्रश्न अप्रश्नहरूबीच यस बेलाको उमेर तन्किएको थियो । यसै भोगाइमा यस बेलासम्मको समयको गतिलाई न उसले भाग्न दिन सकेको छ, न त विगतका सत्य कथाहरूलाई कसैले नदेख्ने गरी

लुकाउनै सकेको छ । फलस्वरूप समयलाई छिचोलेर अघि बढ्ने प्रयासमा पटकैपिच्छे फर्केर पुनः शून्यबाट सुरु हुन पुग्ने गर्छ ऊ ।

उसले आवतजावत गर्ने केही घर अरूमध्येको पहिलो घर मेरै हुने गर्छ, घरमा आउनुको अर्थ, मेरा पितासँग अघाउँजी वार्तालाप गर्नु र मेरी आमाको फरियाको बास्ना सुँघ्नका निमित्त, एकैछिन भए पनि आमाको काख वा पिठियूँको कुनै भागसँग संसर्ग पाउनु मात्र हो जस्तो दर्साउँछ उसको आगमनले । समयको अन्तरालमा आमासँग भेटेर एक सर्को वासना मुटुसम्म पुऱ्याउन पाएपछि उसलाई असाध्य रमाइलो लाग्छ रे, संसारका हरेक वस्तु सुन्दर र रङ्गीचङ्गी लाग्छन् रे !

'आमाले मलाई साँच्चै माया गर्नुहुन्छ होला मयंक, ल भन् त, तँलाई र मलाई उत्तिउत्ति माया गर्नु होला र ? अवश्य पनि तँलाई नै धेरै गर्नु होला ।' कुनै वार्ताको क्रममा यसरी उसले अप्रासाङ्गिक कुरा सोधेको थियो ।

अप्रत्याशित उसको प्रश्नले म हडबडाएर जबाफ दिन्छु– 'दुष्यन्त, आमा भनेको मातृत्व हो, मातृत्वका लागि सन्तान बराबर हुन्छन्, तँलाई र मलाई उहाँको स्नेहको विभाजन कसरी होला र ? व्यर्थ प्रश्न गर्छस् ।'

'तँ खूब नौटङ्की छस् यार, जा सिनेमामा खेल् आ... भनेको आमा भए पनि आ... भनेकै आफ्नो आमा पनि हुन्छ बुझिस् ? तर पनि आमासँग आफ्नो नजोड्दा के पो नै हुन्छ र ? म जोड्दिनँ बरु पर्खाल भत्काइदिन्छु । भैगो अन्तै जाऊँ ।' मैले दिन खोजेको आश्वासन लत्याइदिएको थियो उसले, अनि हामी चुपचाप एकातिर लागेका थियौँ ।

त्यस दिन हाम्रो सहपाठी सुगन्धाले आत्महत्या गरेको दिन थियो ।

सबै सँगसँगै दुष्यन्त र म पनि पुगेका थियौँ । आत्महत्या त्यो पनि केटीले गरेपछि अनेकौँ उपकथाहरू जन्मिन्छन् जसको बाहिरी

रूप अधिकांशत: कृत्रिम हुन्छ । त्यहाँ पनि विविध मुखहरूबाट उपकथाको बाढी आइरहेको थियो । जसको भेल र गन्धहरू सहर, गल्ली र चोकका नाक, कानमा फैलिसकेका थिए ।

- 'सुगन्धाले कसैको प्रेमपासोमा परेर, धोका पाएपछि आ...'
- 'सुगन्धाले ऊ... कै गर्भबाट मुक्ति पाउन आ...'
- 'सुगन्धा पूर्ण स्वास्नीमानिस नै थिइन रे त्यसैले पो आ...'
- 'सुगन्धालाई घरखर्च चलाउन उसको बाबुले प्रत्येक रात होटेलमा... त्यसैले बिचरीले आ...'
- 'सुगन्धा र उसैको आफ्नै दाजुका बीच... अनि त आ...'
- 'सुगन्धा मारिएकी हो अरे, कहाँ र केश छानबिन हुँदै छ ।'

त्यो हप्ताभरि सानो सहरको प्रमुख विषय सुगन्धाको उपकथा नै भइरह्यो ।

मेडिकल अधिकृतसँग सरोकारै नराखी प्रत्येक मुखहरू आआफैँ पोस्टमार्टमको रिपोर्ट बाँड्न पनि पछि हटेका थिएनन् । यहाँका मानिसहरू कपोलकल्पित गफ गर्न झन् बढी मन पराउँछन् ।

- 'सुगन्धा गर्भवती रहिछे ।'
- 'विष ख्वाएर मारिएको रहेछ ।'
- 'घाँटी थिचेको नीलडाम रहेछ ।'
- 'शरीरभरि नीलडाम रहेछ, सिगरेटले पोलेको थियो रे गुप्ताङ्गहरूमा ।'
- 'बलात्कार भएको रहेछ ।'
- 'प्रेमीको चिठी फेला परेछ ।'
- 'उसले मर्नुअघि लेखेर छोडेको चिठी त अर्कैले लेखेको रहेछ, अक्षर मिलेन रे !'

यानि कि यसै गरी अर्को हप्ता बितेको थियो । यो सहरमा एउटा आत्महत्याको आयु दुई हप्ता हुने गर्छ ।

'सुगन्धा केटी राम्री हो, असल हो, स्वभाव अति सरल सरस थियो, पढाइमा पनि बेस । बिचरी... छोटो दिनकी रैछे ।'

'मोरीसँग अस्ति भर्खर झगडा गरेँ, दोष त मेरै थियो, मरिहाल्ने रहिछे, किन बाझेर मरेछु, आजकल राति त कस्तो डर लाग्छ बाबै, आउँछे कि भनेर ।'

'किन बाझेकी थिइस् त मोरी, अब आउली नि !'

क्याम्पसका एक हूल ठिटीहरू यस्तै केके भन्दै हाँस्दै थिए ।

सुगन्धाबारे दुष्यन्तको पनि केही प्रतिक्रिया थियो ।

'कस्ती काँतर रहिछे ।'

'मरेर के पाई र ? व्यर्थको बदनामी ।'

'सङ्घर्ष गर्न डराई ।'

'तर पनि यार, केटीले आफूखुसी भने गरी ।'

'ओइ मयंके तँ आत्महत्या गर्न सक्छस् ?'

'हँ !...'

उसको एकोहोरो फतफतपट्टि ध्यान नदिई आफ्नै धुनमा हिँडिरहेको म उसको अप्रत्याशित प्रश्न गराइले झस्किएको हुन्छु । अगाडिबाट आइरहेको ट्रकको चपेटमा झन्डै परेको, मृत्युको चिसो हावाले सरर्र छोएर गयो ।

'ए मोरा डराइस् कि क्या हो ?'

'के डराउँथेँ, पर्दा केके गर्नुपर्छ, त्यस्तै स्थिति पर्‍यो भने के हो, के हो ।' मैले निकै साहसी भएर हतारहतार जबाफ दिएको हुन्छु तर मुखबाट खुस्किसकेको लवजलाई सहर्ष स्विकार्नु या पुनः फिर्ता लिनुको दोसाँधमा उसको प्रतिक्रिया पर्खिरहेको हुन्छु ।

'हा... हा... हा... हा...'

ऊ एकोहोरो भएर हाँस्न थालेको थियो । म अक्क न बक्क परेर उसको मुख हेर्न थाल्छु । उसको हाँसोको तीव्रताले सडकका आँखाहरू पनि पल्याकपुलुक हामीमाथि पर्दै जान्छन् । उसको यस्तै व्यवहारले मलाई पिरोल्ने गर्छ । यस बेला पनि म ऊप्रति सन्तुष्ट हुन सकिनँ ।

'तर बुझिस् ! मलाई भने डर लाग्छ, कसरी मर्छन् यी मानिसहरू । मलाई त एकतमाससँग जिन्दगीको लोभ लाग्छ । केके कसोकसो भएर आँखामा बस्छ जिन्दगी । मेरा बाबुले कसरी गरे होलान् आत्महत्या, सुगन्धाले पनि... अहँ म त सक्तिनँ । आत्महत्या नै गर्नु किन, एक दिन त मरिहालिन्छ नि । बुझिस् मयंक ! दुष्यन्तले आत्महत्या गर्ने छैन । भलै उसको बाँच्नुको गति मत्थर भएर जीवनले आफूलाई तान्न गाह्रो मानोस् । तर दुष्यन्तले आफूसँग छल गर्ने छैन, दुष्यन्त छली हुने छैन ।'

केही दिन ऊसँग भेट हुन सकेन । सायद ऊ खेतीतिर गएको हुनुपर्छ या मावल गएको थियो कि ?

त्यस दिन ऊ आएर मेरो बिछ्यौनामा ढल्केको थियो, केही बेरमै निदाएछ । सुतेको सुत्यै गर्‍यो । आमाले डराएर कति पटक ब्यूँझाउनुभयो । खाना खानु र दैनिक क्रियाबाहेकको समय उसले निदाएरै बितायो । यसरी एकनास सुतेको सुत्यै गरेकाले घरका सबै उसको अस्वस्थताको आशङ्का गर्न लागेका थिए । तर तीन दिनसम्म मात्र ऊ सुतिरह्यो ।

**चौथो दिन**

ऊ सबेरै उठ्यो, नुवाइध्वाइ गर्‍यो र मसँग गफ गर्न तम्सियो । त्यस बेला उसको तीन दिनअघिको विरक्त अनुहार फेरिइसकेको थियो । चिया, खाजा खाएर हामी दुवै क्याम्पसतिर लाग्यौँ । निकै दिनपछि उसले ध्यान दिएर 'क्लास नोट' टिप्यो ।

**पाँचौँ दिन** :

हिजो बेलुकीको खाना हामीसँगै खाएर ऊ आफ्नै घरतिर लाग्यो । मलाई पनि जाऊँ भन्दैथ्यो, मेरो लेख्ने पढ्ने काम भएकाले मैले जान मानिनँ ।

आज साँझपख गन्थनमन्थन गर्न ऊ आएको थियो । किन हो हिजोआज उसलाई दिक्क लाग्छ रे ! घरको एकान्त कोठामा कस्तोकस्तो आवाज आएको जस्तो लाग्छ रे !

'भूत त अवश्यै होइन, मेरै भ्रम हुनुपर्छ, भूतसुत केही हुँदैन, मलाई विश्वासै लाग्दैन बुझिस् ? तर कुनैकुनै क्षण मसँग कोही सँगै सुतिरहेको आभास भने हुन्छ । तँ पनि त मेरो घरमा सुतेको छस् नि ! तँलाई त्यस्तो केही लागेको थियो ?'

'अहँ, त्यस्तो केही अनुभव गरेको छैनँ ।' त्यस क्षण रोमाञ्चित हुँदै उसका कुराहरू सुन्न हतार गरेको हुन्छु मैले । आँखाको गहिरो खाडललाई अझ गहिरो पार्दै उसले भनेको हुन्छ ।

'तर मलाई कस्तोकस्तो भइरहेछ ।' यस बेला उसको अनुहार सधैँभन्दा भिन्नजस्तो लागेको हुन्छ मलाई ।

'भैगो आज जान्छु, भोलि भेटेर धेरै कुरा गरौँला, तँसँग धेरै कुरा गर्न मन लागेको थियो तर आज मन कताकता दौडिरहेछ तर भोलि भने तँ फुर्सद लिएर बस्, मज्जाले गफ गर्ने गरी आउँछु ।'

**छैटौँ दिन** :

'दुष्यन्तले आत्महत्या गऱ्यो रे !'

'दुष्यन्त आफ्नै कोठाको पङ्खामा झुन्डिएर मऱ्यो रे !'

'ओहो ! दुष्यन्तले जीवनलीला समाप्त पाऱ्यो रे !'

भोलि भेट्ने वाचा गरेर गएको दुष्यन्त भोलि आउनुअघि नै भागिसकेछ । म अर्ध बेहोसीको अवस्थामा उसको घरमा पुगेको हुन्छु ।

घरवरिपरि मानिसहरूको भीड लागेको थियो । दुष्यन्तको जीवनकालमा मुसोसम्म नछिर्ने त्यस घरको कम्पाउन्डभित्र आज ओइरिएको भीडले मरेको साङ्लो बोकेर हिँड्न लागेको कमिलाका ताँतीको सम्झना गरायो । दुष्यन्त भएको कोठाको ढोकामा पुलिसहरू तैनाथ थिए । दुष्यन्तको सुरक्षाका लागि पुलिस नभएर दुष्यन्तले चोरेर लगिसकेको दुष्यन्तको छोक्रोको सुरक्षा गर्न तैनाथ थिए पुलिसहरू । हिजैदेखि तैनाथ हुन सकेको भए दुष्यन्त आफूलाई लिएर भाग्न सक्ने थिएन कि ?

'पुलिस ! किन हिजो नआएको, म हाकिम भए तिम्रो हिजोको हाजिरी काटिदिन्थेँ, नोकरीसमेत खाइदिन्थेँ ।' मेरो मनले मनैभित्रका पुलिसहरूलाई सोधेको हुन्छ ।

मनको एउटा चोकमा उभिएको पुलिसले सेल्युट ठोकेर जबाफ दिएको हुन्छ– 'हजुर नियममा यस्तो केही छैन । आदेश नै छैन । हामीले मानिसको होइन लासको सुरक्षा बढी गर्नुपर्छ ।'

अब दुष्यन्तका उपकथाहरू सहरको प्रमुख विषय भएको हुन्छ ।

**पहिलो हप्ता**

'दुष्यन्त...'

'दुष्यन्त...'

'दुष्यन्तले के अनौठो गऱ्यो र उसको बाबु पनि त झुन्डिएरै मरेको थियो ।'

'दुष्यन्त...'

**दोस्रो हप्ता**

'लास शङ्कास्पद थियो रे !'

'सम्पत्तिको लालचमा आफन्तहरूले पनि... !'

'रगतमा विषक्तता पाइयो !'

त्यसपछि सकियो दुष्यन्त । आजकल दुष्यन्त बिलाइसक्यो । कहिलेकाहीँ दन्त्यकथाजस्तै आउने गर्छ दुष्यन्त । त्रास, संवेदना, उलाहनाका प्रसङ्गमा मात्र कहिलेकाहीँ उदाउने गर्छ दुष्यन्त ।

**दुष्यन्त**

मभित्रबाट भने दुष्यन्त हराउन सकेको छैन । मनको कुनै तहमा पलेटी मारेर बसेको हुन्छ दुष्यन्त । यात्रामा, कुनै सन्दर्भ भएमा चस्सचस्स घोच्ने गर्छ दुष्यन्त । त्यसैले प्रश्न गर्छु धोकेबाज दुष्यन्तसँग ।

'दुष्यन्त ! किन तैँले आ... माने आत्महत्या कहिल्यै भनिनस् ? मेरो शब्दकोशमा दुष्यन्त माने आत्महत्या लेखियो । अब तिमी नै जबाफ देऊ आ... माने आत्महत्या भनौँ कि दुष्यन्त माने आत्महत्या ?'

'तर दुष्यन्त झन् अटेर गरेर मौनव्रत बसिरहेछ ।'

• **मन सायद उघ्रँदैन** (कथासङ्ग्रह) : २०५१

# अनिल भाइ ! के यो कथा तपाईंको पुर्खाको हो ?

पाठकवृन्द ! यस कथाको पृष्ठभूमिलाई अन्यथा नठान्नु होला । जुन यस प्रकार छ– केही वर्षदेखि नेपाली भाषाको स्तरीय मासिक पत्रिका 'गरिमा'को स्तर ढुट्टो हुँदै गएको थियो । हामीजस्ता मान्छेले त्यसप्रति 'कठै' भनेर लुकीछिपी आँसु बहाउनुबाहेक केही गर्न सकेका थिएनौँ । अचानक 'गरिमा'को मरणासन्न अवस्थामा जागरण आयो । जीवित हुन्जेल मान्छेले मान्छेसँग पूर्वाग्रह राख्नु अनौठो अर्थात् नयाँ कुरा हुँदै होइन । यसै परिप्रेक्ष्यमा 'गरिमा'लाई नवजीवन दिने 'अविनाश'प्रति मेरो असल धारणा छैन । तर उनको 'गरिमा'प्रतिको योगदान मेरा लागि प्रिय र प्रेरकसमेत छ । 'अविनाश'को सञ्जीवनी सम्पादन पाएर जुरुक्क उठेको 'गरिमा' देखेर मन पुलकित भएको हो मेरो । तर न त 'अविनाश' मलाई लेखकका दर्जामा राखेर कहिल्यै मसँग रचना माग्न अघि सरे, न त मैले नै उनको सम्पादनभित्र सजिने चाहना गरेँ । यति हुँदाहुँदै पनि यस बेला उनकै सम्पादनभित्र सजिने रचना निर्माणमा तल्लीन छु म ! यो सुखद आश्चर्य घटित भएरै छाडचो । त्यसैले मैले लेख्ने कथामा यसका कारकलाई नछोई म कसरी कथा लेख्न सक्छु र ?

पाठकवृन्द ! मलाई 'गरिमा'मा लेख्न उत्सर्गिक गराउने व्यक्ति तपाईंहरूले चिनेकै मानिस अनिल पौडेल हुन् । साझा प्रकाशनका सदस्य अनिलको अहिलेको व्यक्तित्वको निर्माण मेरै आँखाअघि भएको हो । त्यसैले म उनको अत्यन्त कठिन सङ्घर्षको पनि साक्षी

छु र त्यस्तो कठिन सङ्घर्षका क्षणको उनको जुझारु व्यक्तित्व मेरा लागि स्मरणीय र उत्प्रेरक छ । अझ म मात्र होइन कुनै पनि विवेकीले विनयशीलताभित्र सजिएको उनको सिर्जनशील प्रतिभाका अघिल्तिर नतमस्तक हुनै पर्छ जस्तो मलाई लाग्छ । त्यसो त अनिलसँग मेरो साहित्यिधर्मिताको मात्र नभएर अर्को नातो पनि छ । अनिलले मेरा बुबा गणेशप्रसाद शर्मालाई गुरु मान्थे । अनि मेरा बुबाका स्नेही थिए उनी । त्यसैले भातृभावको सम्बन्ध पनि हामीमाझ झाङ्गिएको छ ।

पाठकवृन्द ! कथा लेख्नुपर्ने केको यो पारिवारिक गन्थनको प्रस्तुति गर्दै छे यसले ! भन्नु हुँदै छ कि ? अथवा अनिलको गीत पो गाउँदै छे जस्तो पनि सोच्न थाल्नुभयो कि ? तर त्यसो नठान्नुस् है ! मैले लेख्न लागेको कथाको उद्‌गमस्थल नै मेरा बुबा र अनिल हुन् ।

मेरा बुबा इतिहासका प्राध्यापक थिए । उनी किताबमा लेखिएका कुराहरू मात्र प्राध्यापन गर्दैन थिए । उनी त व्यक्तिको नालीबेली खोतल्ने कलामा पनि खप्पिस थिए । अनिलका पुर्खाको मात्र होइन, उनका सम्पर्कमा आएका धेरै मानिसहरूका पुर्खाका बारेमा उनले जानकारी पाएका कुराहरू हामीलाई भनिरहन्थे । यस बेला मलाई अनिलका पुर्खाको कथा तपाईंहरूसामु राख्न मन लागेको छ ।

मेरा बुबा जसरी व्यक्तिको इतिहास खोतल्न सिपालु थिए त्यसरी नै आफूले थाहा पाएका कुरा अरूलाई सुनाउन रुचाउँथे । तिनै इतिहासमध्येका रोचकघोचक ऐतिहासिक विषयवस्तुलाई फुर्सदिला साँझपख हामी घरका केटाकेटी र कहिलेकाहीँ टोलभरिका केटाकेटीहरूलाई बटुलेर सुनाउनु उनको अर्को रुचिको विषय थियो ।

मैले यो कथा सुनेको बेला म किशोरी हुने तरखरमा थिएँ । शुक्रबारको साँझ झर्दै थियो । हरेक शुक्रबारझैँ त्यस शुक्रबार पनि मेरा बुबा साँझ पर्नुअघि नै घर आएका थिए । आफ्ना पतिलाई बेलैमा घर भित्रेको देखेर मेरी आमाको ओठमा मधुर मुस्कान छाएको थियो र उनको अनुहार पुर्नेको जूनझैँ धपक्क भएको थियो ।

त्यस बखत हाम्रा घरमा निकै घन्चमन्च हुने गर्थ्यो । बुबा शिक्षाकर्मी भएका कारण आफ्ना शाखासन्तानलाई पढाइतर्फ आकर्षित गर्थे र आफूले सकेको सहयोग गर्न पनि पछि सर्दैनथे । हाम्रो परिवारमा हाम्रै मात्र घर विराटनगरमा थियो, अरू काका बडाहरूको घर पहाडतिर र गाउँतिर थियो । त्यसैले विद्यार्थीहरूको खचाखच नै हुने गर्थ्यो हाम्रा घरमा । त्यस दिन पनि त्यहाँ मेरा कान्छा काका मेदिनी, कान्छी फुपू, साइँला काकाको छोरो गोपाल, ठूली आमाको छोरो चिरञ्जीवी फुर्सदिलो गरी बसेका थिए । त्यसै दिन दार्जिलिङमा भएका मेरा बडाबुबाका माइला छोरा विनोद र जेठी छोरी सीता पनि उनीहरूको हिउँदे छुट्टी मनाउन हाम्रामा आइपुगेका थिए । यसबाहेक मेरा दुई बहिनी कल्पना र अल्पना पनि त्यहाँ थिए । मेरा भाइहरू शोभन र स्वस्तिकको भने त्यस बेलासम्म जन्म भएकै थिएन । अर्थात् मैले यो कथा सुनेको २०२४–२५ सालतिर हुनुपर्छ ।

तराईको हिउँदको महिना थियो । त्यसैले आँगनमा घुर ताप्ने व्यवस्था थियो । मेरा बुबा घुर खोस्रेर हात तताउन थालेका थिए । हामी केटाकेटी बुबाबाट त्यस साँझ पनि अन्य साँझजस्तै रमाइलो कथा सुन्ने उत्सुकतामा थियौँ । त्यस साँझ पनि अरू साँझझैँ हाम्रो भात खाने बेला भएको थिएन । मेरा बुबाआमा दार्जिलिङ र कोलकाताको जीवनशैलीसँग परिचित भइसकेकाले हुनुपर्छ साँझैमा भात खाने हाम्रो घरमा चलन थिएन । सामान्यत: छिमेकीहरूले एउटा सपना देखिसक्दा हाम्रो सुत्ने बेला हुन्थ्यो ।

'ए बुढिया ! दाउरा तानेर तँ पनि एकैछिन यता आइज्, म आज तिमेरुलाई अनिलका पुर्खाको एउटा कथा सुनाउँछु ।'

बुबाले सुनाउने कथाका श्रोतामध्ये आमा पनि हुने गर्थिन् । बुबाका आदेशको पालना गरेर आमा पनि हामीमाझ आइपुगेकी थिइन् ।

आमा आइपुग्नासाथ बुबाले कथा भन्न थाले । हामी मन्त्रमुग्ध भएर कथा सुन्न थाल्यौँ । कथा भन्न त धेरैले भन्छन् तर कथावाचकको वाचनशैलीले कथालाई रोचक बनाउँछ भन्ने मलाई त्यस बेलादेखिको अनुभवले सिकाएको हो । मेरा बुबाको वाचनशैली अत्यन्तै रोचक हुने गरेकाले पनि होला कथाको खास विषयवस्तु नबुझ्दा पनि हामी सबै केटाकेटीहरू बुबाले भन्ने गरेको कथा सुन्न जागरूक हुन्थ्यौँ । अरू बेला निकै कठोरतापूर्वक हामी केटाकेटीमाथि शासन गर्ने बुबा पनि कथा भनिरहेका बेला रसिक हुन्थे । उनको त्यही रसिकताले भरिएको कथावाचन शैलीले हामी सबैलाई उनको श्रोता बनाएको हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

पाठकवृन्द ! अब म तपाईंहरूसामु त्यस साँझ मेरा बुबाले सुनाएको कथालाई सकेसम्म जस्ताको तस्तै राख्दै छु । हुन त मलाई नै थाहा छैन यो लोककथा पो हो कि अथवा मेरा बुबाले त्यस बेला भनेजस्तै अनिलकै पुर्खाको कथा हो ? मैले त बाल्यावस्था र किशोरावस्थाको दोभानमा मेरो मानसमा भित्रिएको र मेरो मानसले अहिलेसम्म पनि जतन गरेर सङ्ग्रह गरिराखेको यो कथा तपाईंहरूलाई पनि सुनाउने दुस्साहस गरेकी हुँ । म यस कथालाई स्मृतिकथा भन्न रुचाउँछु ।

**कथा सुरु भयो**

त्यस दिनको बिहान पनि सधैँ झैँ भीमादेवीले दियो सल्काइन्; अबिर, केशरी, फूल, अक्षता, जौ, तिल र कुश अनि पुष्प समर्पण गरेर आफ्ना पाञ्चायन देवताको पूजा सकिन् । बारीमा भर्खरै

पाकेको मालभोग केराको घरीबाट दुई कोसा केरा पनि उनले प्रभुलाई प्रसादस्वरूप चढाएकी थिइन् । भीमादेवीले गरेको यो पूजा कुनै नयाँ कर्म पनि थिएन । यो सनातन हिन्दू महिलाको नित्यकर्म थियो । यति हो भगवद् आराधना भीमादेवीले होस सम्हालेकै बेलादेखि गर्दै आएको क्रिया थियो । हुन पनि भीमादेवीलाई ईश्वरको अनन्य कृपा थियो । संरक्षणकर्ता सुयोग्य पति, अनुशासित छोराबुहारी र छोरीज्वाइँ, इमानदार हलीखेताला, सहयोगी इष्टमित्र र छरछिमेकीसमेतले भरिपूर्ण भएको घरसंसार थियो भीमादेवीको । यति मात्र होइन, आफ्नो धनसारभरि अन्न त थियो नै गाउँको धर्मभकारीमा भरिने अन्नको ठूलो स्रोत पनि भीमादेवीकै उब्जनीको हुने गर्थ्यो । सारांशमा भन्नुपर्दा आफ्ना गाउँका मात्र होइन वल्लो गाउँ र पल्लो गाउँका समेत गरिब, दुःखी निमुखाको आश्रय थलो नै भीमादेवीको घर थियो ।

त्यस भेगमा भीमादेवीजस्तो सुखी मनुवा अर्को छैन भन्ने नै सबैको ठहर थियो । तर यसरी सबै कुराले भरिपूर्ण हुँदाहुँदै पनि भीमादेवीको चित्त भने प्रसन्न थिएन । त्यसो त उनी ईश्वरसँग आफूलाई सबै कुरा प्रदान गरेकोमा कृतज्ञ भाव त अभिव्यक्त गर्थिन् नै तर उनलाई एउटा अतृप्तिले दुःख दिइरहेको थियो । त्यसैले उनी आफ्नो अर्चनाक्रममा सधैँ ईश्वरसामु आँसु बगाइरहन्थिन् ।

सायद यो क्रम निकै समयसम्म चलिरहेको हुनुपर्छ र ईश्वरलाई पनि आफ्नी सच्चा भक्त भीमादेवीको आँसु हेर्दाहेर्दा करुणा जागेको हुनुपर्छ ।

त्यसैले एक बिहान उनीसामु साक्षात् ईश्वर प्रकट भए । केही बेर ईश्वरलाई आफूसामु देखेर भीमादेवीलाई सपना हो कि बिपना होको भान भयो । त्यसै बेला ईश्वरको वाणी प्रसारित भएको थियो– 'किन भीमादेवी ! तिमीलाई मैले सबै थोक दिइसकेँ तर पनि तिमी अझै अतृप्त भाव व्यक्त गरिरहेकी छौ । तिमी मेरी अनन्य आराध्या

हौ । तिमीले मलाई सधैँ खुसी पारेकी छौ, त्यसैले मैले पनि तिमीलाई खुसी राख्नुपर्छ । आजसम्म मैले तिमीसामु नआई नै तिम्रा हरेक अपेक्षा पूरा गर्दै गएँ । त्यस बेलासम्म मैले तिमीलाई नभेटे पनि तिम्रा आवश्यकता बुझ्ने गर्थें । तर अहिले आएर मैले तिम्रो अतृप्तिको कारण नै पत्ता लगाउन सकिनँ । त्यसै कारण आज म तिमीलाई भेटेर तिम्रो चाहना बुझ्नुपर्‍यो र पूरा गरिदिएर तिमीलाई खुसी पार्नुपर्‍यो भनेर आएको हुँ । भन बालिका भन ! तिमीलाई अब के चाहियो ?'

त्यस बेलासम्म सिनेमाको आविष्कार भएको थिएन । त्यसैले भीमादेवीले भगवान्को वाणीलाई कसैसँग तुलना गर्न पनि सकिनन् । तर भगवान्का वचन अत्यन्तै मीठो भएका कारण उनले वचनामृत भनेको यही हुनुपर्छ भन्नेसम्म ठहर गरिन् ।

आफ्नो साँघुरो पूजाकोठामा आफ्नासामु साक्षात् परमेश्वरलाई देखेपछि भीमादेवी केही डराएकी थिइन्, केही आत्तिएकी थिइन् । जसले गर्दा उनको शरीरभरि काँडा उम्रेको थियो, उनको निधारमा चिटचिट पसिना पनि आएको थियो र हर्षमिश्रित रोमाञ्चले पनि भीमादेवी भरिएकी थिइन् । भीमादेवीलाई यो सत्य घटिरहेको छ अथवा आफूले सपना देखिरहेकी छु भन्ने पत्ता लगाउन पनि गाह्रो भएको थियो । भगवान् बोलिरहँदा उनले आफूलाई एकदुई पटक चिमोटेकी पनि थिइन्, आँखा पनि मिचेकी थिइन् । तर जेसुकै गरे पनि यो सपना थिएन । उनका अघि साक्षात् ईश्वर नै थिए ।

ओहो ! मेरो जीवन बल्ल सार्थक भयो । आज मैले साक्षात् ईश्वरको दर्शन पाएँ ! भीमादेवी गद्‌गद भइन् । भगवान्को दर्शन आफ्ना परिवारका सबैले गर्न पाए हुन्थ्यो भन्ने लाग्यो उनलाई । तर यो अमृत बेलामा उनीबाहेक उनका घरका कुनै सदस्य पनि बिउँझिँदैन थिए । भगवान्का अघिल्तिरबाट घरका सबै सदस्यलाई चिच्च्याएर बोलाउनु पनि शिष्टता हुन्थेन । त्यसैले भीमादेवीले घरपरिवारलाई

डाक्ने विषयलाई पन्साएर आफ्ना पूजाथालीमा भएका सामग्रीले प्रभुको अर्चना गर्न थालिन् । ओमकार ध्वनिद्वारा प्रभुको आराधना गरिन् ।

'हो प्रभु ! मलाई प्रभुको सम्पूर्ण कृपा छ । मैले सबै थोक पाएकी छु । तर प्रभु यो देहको नश्वरताका कारण म दु:खी छु प्रभु ! मलाई यति धेरै सुख दिन सक्नुभएको छ भने किन एउटा डरलाग्दो दु:ख हरण गरिदिनु हुन्न ? मानवजीवनको क्षणभङ्गुरता र नश्वरताका कारण हजुरबाट अथाह सुख पाएर पनि म रमाउन सकेकी छैन प्रभु ! क्षमा बक्सियोस् प्रभु ! प्रभुको इच्छाले संसारमा जे पनि हुन सक्छ प्रभु ! मेरो यो अन्तिम इच्छा पूरा गरिदिएर मलाई तृप्त पारिदिइबक्सियोस प्रभु !' आर्द्र स्वरमा भीमादेवीले आफ्ना छातीमा भरिएको पीडा प्रभुका सामु पोखेकी थिइन् ।

केही बेर अघिसम्म झलमल्ल उज्यालो देखिएको ईश्वरको मुहारमा त्यस बेला अनायास बादल लागेको थियो । भीमादेवीलाई त्यो दृश्य मन परेन । ईश्वरको किरणित निधार खुम्चियो र निकै चिन्तामा रुमल्लिएको देखियो । ईश्वरको ओठमा छचल्किरहने मुस्कान पनि त्यस क्षण हराएको थियो । आफूले ईश्वरलाई निकै चिन्तित पारेको यथार्थ बोध भयो भीमादेवीलाई र त्यस क्षण उनलाई निकै उकुसमुकुस पनि भएको थियो । आफूले अनाहक काम गरेजस्तो लागेर ईश्वर रिसाउने पो हुन् कि भन्ने भयले पनि गाँज्यो भीमादेवीलाई । तर उनको मुखबाट बोली निस्किसकेको थियो जुन बोली ईश्वरको कानभित्र पुगिसकेको थियो, जसलाई फर्काएर अब पुन: पूर्वावस्थामा पुऱ्याउन कदापि सकिन्न थियो । त्यसैले ईश्वरको उदास चेहरा हेर्दै प्रतिक्रिया पर्खिनुसिवाय भीमादेवीले गर्न सक्ने अरू केही पनि थिएन ।

'भीमादेवी तिम्रो चाहना सृष्टिको विपरित छ । यस्ता चाहना तिमीअघिका मनुवाहरूले पनि मसँग प्रकट गर्दै आएका हुन् तर मैले कहिल्यै पनि यस्तो इच्छा पूरा गर्ने वरदान कसैलाई पनि दिएको

थिइनँ । तर तिमी मेरी अनन्य भक्त हौ र म सर्वशक्तिमान भगवान् हुँ । अनि अहिले म तिम्रा इच्छा पूरा गर्नै भनेर तिमीसामु आएका कारण मैले तिम्रो इच्छा पूरा गर्नै पर्छ । तर त्यसो भन्दाभन्दै पनि मैले तिम्रो यो इच्छा तथास्तु भनेर जस्ताको तस्तै रूपमा चाहिँ पूरा गर्न सक्तिनँ । यसका लागि तिमीले पनि मेरो एउटा सर्तको पालना गर्नुपर्छ । तिमी र मबीच एउटा मौखिक करार हुनेछ, तिम्रो पक्षबाट सर्त भङ्ग नगरुन्जेल तिम्रो इच्छा पूरा गर्न म बाध्य हुनेछु । भन, तिमीलाई तिम्रो इच्छा पूरा गर्ने अभीष्टका लागि मेरो सर्त मन्जुर हुनेछ ?'

ईश्वरको गम्भीर वाणीबाट आएको प्रश्नले भीमादेवीको सम्पूर्ण शरीर तरङ्गित भयो । उनी त्यस बखत झन्नैझन्नै बेहोसीको अवस्थामा पुगिसकेकी थिइन् ।

'प्रभु ! मानवदेहको नश्वरता नाश गरिने सर्तका लागि म प्रभुको जुनसुकै सर्तको पालना गर्न तयार छु ।' भीमादेवीले कामेको तर सुदृढ आवाजमा भनेकी थिइन् ।

ईश्वरले निकै क्षणसम्म भीमादेवीका अनुहारमा हेरेका थिए र ईश्वरको मुहारबाट लोप भएको पूर्वमुस्कान उदाएको थियो । ईश्वरको तनावमुक्त मुहार देखेपछि भीमादेवीका मनमा पनि त्यस घडी आनन्द छाएको थियो ।

'त्यसो भए सुन, सर्वप्रथम तिमी र मबीच भएको यो करारनामाको कुरा गोप्य राख्नेछौ, आजका मितिदेखि तिम्रा एकापरिवारका कसैलाई रोग, शोक र वृद्धत्वले छुने छैन र कसैले पनि मृत्यु वरण गर्नुपर्ने छैन । तिम्रो एकापरिवारमा सन्तानवृद्धि पनि हुने छैन । तर जुन क्षण तिम्रा एकापरिवारका कसैले पनि आफ्नो जीवनप्रतिको वितृष्णाका साथ जीवनलाई धिक्कार्नेछन् त्यसै क्षण तिम्रो र मेरो बीचको यो करारनामा भङ्ग हुनेछ ।' यति भनिसकेर

ईश्वर एकैछिन रोकिएर भीमादेवीको प्रतिक्रिया पर्खिन लागे । भीमादेवी ट्वाल्ल परेर ईश्वरको मुहारमा हेरिरहेकी थिइन् ।

'अझै पनि तिमी स्वतन्त्र छौ भीमादेवी, के तिमीलाई यो करारनामाका सर्तहरू मन्जुर छ ?' ईश्वरले अलि कठोर आवाजमा प्रश्न गरेका थिए । भीमादेवी एकैक्षण रनभुल्लमा परेकी थिइन् । तर आफ्ना परिवारको नश्वरताका विपरीत उनी जुनसुकै मूल्य चुकाउन पनि तयार थिइन् ।

'स्विकार छ प्रभो ! अक्षरश: स्वीकार छ । म धन्य भएँ प्रभो ! म तृप्त भएँ प्रभो !' भीमादेवीले प्रभुको आराधना र अर्चना गरिरहिन् । आफ्नो ओजस्वितापूर्णको मुहारमा पूर्ववत गौण मुस्कान छर्दै प्रभु अन्तर्ध्यान भए । ईश्वरको आगमनको मुस्कान र गमनको मुस्कानमा निकै फरक भएझैँ भीमादेवीलाई लाग्यो । गमनका ईश्वरको ओठमा कताकता कुटिल मुस्कान छरिएको अनुभूति भएको थियो भीमादेवीलाई । तर आफूले ईश्वरमा पनि कल्पित दोष देख्न पुगेको मिथ्याभास भएको थियो उनलाई र उनले उक्त दृश्यलाई त्यस बेला पन्साएकी थिइन् ।

ईश्वरको अन्तर्ध्यानपछि भीमादेवीलाई आफ्नो पूजाकोठा रित्तो भएझैँ लागेको थियो । ईश्वरको साक्षात् दर्शन पाएकी उनले ईश्वरको सजीवचित्र आफ्ना छातीमा सजाउन खोजिन् । आफ्नो पूजाकोठामा आफूले सधैँ पुज्ने गरेका सबैजसो देउताका मुहारमा उनको आँखा पुग्यो । तर कस्तो अचम्म ! केही अघि मात्र उनका अघिल्तिर प्रस्तुत भएका ईश्वरको मुहार उनले पुज्ने गरेका कुनै पनि देउताको अनुहारसँग मिल्दैन थियो । बरु उनलाई आज दर्शन दिने ती देउता उनका पूजाकोठामा भएका सबै देउताको मुहारको सम्मिश्रणजस्तो लाग्यो । उनका अघिल्तिर आएका ईश्वरका दसओटा हातमध्ये प्राय:जसोमा किताप थिए । ती कितापमध्ये गीता, बाइबल, कुरान उनको आँखामा अहिले पनि नाचिररहेका थिए । भीमादेवीको

पूजाकोठामा पाँच मिनेटजति समय बिताएका ईश्वरको अनुहार र पोसाकहरू क्रमशः पटकपटक फेरिएका थिए । उनले विविध स्वरूपमा हरेक पटक फेरिइरहेका ईश्वरको अनुहारको सम्झना गरिन्, घरी महाकाली, घरी दुर्गाभवानी, घरी ईशु क्राइस्ट, घरी मोहम्मद, घरी गुरु नानक, घरी गौतम बुद्ध, घरी शिवशक्ति स्वरूप, घरी राधाकृष्ण र घरी सीताराम अनि अझै विविध उनले देख्दै नदेखेको र चिन्दै नचिनेको रूपमा पनि ईश्वरको सर्वाङ्गीण आवरण उनका सामु बारम्बार परिवर्तित भएको थियो । तर धेरैजसो समय भने ईश्वरको निराकार ज्योतिस्वरूप नै उनका अघि उपस्थित रहेको थियो ।

'ओहो ईश्वर त अनेक स्वरूप भए पनि एक पो रहेछन् ।' ईश्वरको गमनपछि भीमादेवी झल्याँस्स भएकी थिइन् । यत्तिको उमेरसम्म आफूले ईश्वरमा विभेद गरेकोमा उनलाई पछुतो भएको थियो । त्यस दिनदेखि नै भीमादेवीले निराकार प्रभुको आराधना गर्न थालिन् र कुनै पनि धर्मप्रति विभेद नगर्ने दृढ निश्चय पनि गरिन् ।

त्यस चमत्कारपूर्णको घटनापछिको समय भीमादेवीले चाहेजस्तै भएर बितेको थियो । अर्थात् ईश्वरको वरदानले कहिलेसम्म काम गऱ्यो, यसको तिथिमिति त भन्न सकिँदैन तर यो समय निकै लामो बित्यो । त्यस बेलाको त्यस भेकका सबैजसो मानिसहरू छक्क पर्ने गरी भीमादेवीको परिवार कालान्तरसम्म बाँचिरह्यो । पछिल्लो समयजस्तो समाचारको समय त्यस बेलासम्म विकसित थिएन । त्यसैले त्यस बेला यस्तो चमत्कारले भरिएको घटना पनि समाचार बनेर संसारभरि फैलिन सकेन । बरु चार गाउँसम्म भीमादेवीको घरलाई भुताहा घर भनिन्थ्यो । जुन घरमा कालान्तरदेखि मानिसहरू मरेका पनि छैनन् र जन्मेका पनि छैनन् । अनि त्यस घरका मानिस

कहिल्यै बिरामी पनि पर्दैनन् र बूढाबूढी पनि हुँदैनन् । यो असामान्य जीवनशैलीले भरिएको अनौठो घर कसरी सामान्य हुन सक्थ्यो र ?

कति युग बितेर गयो थाहा छैन । यस्तो परिप्रेक्ष्यमा भीमादेवीको परिवारलाई कतै कसैले चिन्दैनथे र उनीहरूले पनि गाउँसमाजका कोही कसैलाई चिन्न सक्दैनथे ।

अचानक एक दिन भीमादेवीको कल्पनाविपरीतको घटना घट्यो– 'यो कस्तो जीवन हामी बाँचिरहेका छौँ ? र किन बाँचिरहेका छौँ ? हाम्रा कुनै सन्तान पनि छैनन् । हाम्रो कुनै समाज पनि छैन । यस्तो निरर्थक र नीरस जीवन बाँच्नुको उद्देश्य के हो ? मलाई त बोझ लागिसक्यो यो जीवन ।' भीमादेवीकी जेठी बुहारी रामदेवीले उनकै पतिसँग गर्दै गरेको यो आक्रोशित बिलौना भीमादेवीका कानमा पनि परेको थियो ।

भीमादेवी दौड्दै पूजाकोठामा पुगेर ईश्वरको आराधना गर्न थालिन् । उनले हतारहतार दियो सल्काइन्, उनले जोडजोडले घण्ट बजाइन् । 'उफ् यो के भयो ? हे ईश्वर ! रामदेवी अज्ञानी छे, उसले अनर्थ बचन बोली, क्षमा दिनुहोस् प्रभो !' ईश्वरसामु भीमादेवीले साष्टाङ्ग दण्डवत गरिन् । त्यसै क्षण रामदेवीको कङ्कलाशब्दको रोदन पूजाकोठाको ढोकाबाट भित्रिएर भीमादेवीको कानसम्म पुग्न समय लागेन । यी घटनाहरू यति छिटो घटित भइरहेको थियो कि भीमादेवीलाई सबै सपनाजस्तो लागिरहेको थियो तर सबै सत्य थियो ।

भीमादेवी रामदेवीको मर्मभेदी आवाज आएतिर कुदेर पुगिन् । जेठो छोरो भरतप्रसादको कोठाबाट आवाज बाहिरिएको थियो । माइलो छोरो पुरुषोत्तम, साइँलो छोरो दुर्गादत्त र कान्छो छोरो देवीप्रसादका साथमा उनीहरूका पत्नीहरू पनि भीमादेवीसँगसँगै भरतप्रसादका कोठामा पुगेका थिए । भीमादेवीका पति सरस्वतीप्रसाद पनि तत्कालै

त्यहाँ पुगेका थिए । सबैको दृष्टि भरतप्रसादको बिछ्यौनामा पुगेर अडिएको थियो । त्यहाँ भरतप्रसादको शरीरले नश्वरता ग्रहण गरिसकेको थियो ।

भीमादेवीले बुझिसकेकी थिइन्, ईश्वर र उनीबीचको करारनामा भङ्ग भएको प्रमाण थियो यो ।

**त्यसपछि कथा समाप्त भएको थियो ।**

पाठकवृन्द मेरा बुबाले कथा भनिसक्नुभएको थियो । अरूले यो कथालाई कति र कसरी बुझे मलाई थाहा छैन । तर मैले त्यस बेला यो कथा बुझेकै थिइनँ । यति हो मेरा मनमस्तिष्कमा त्यस बेला ईश्वरले भीमादेवीलाई फेरि दर्शन दिए कि दिएनन् होला, ईश्वरले भीमादेवीसँग त्यस्तो सर्त नराख्नुपर्ने थियो । ईश्वरले भीमादेवीलाई तिमीले चिताएको पुगोस् भनिदिएको भए पनि त हुन्थ्यो नि जस्ता कुराचाहिँ आएको थियो । हुन त अहिले पनि यी कुरा मेरा मनमा जस्ताको तस्तै नै छ । यी प्रश्नको उत्तर मेरा बुबासँग हुँदा हुन् भन्ने पनि मलाई त्यस बेला लागेको थियो तर मेरा बुबाको डरलाग्दो व्यक्तित्वका अघिल्तिर मैले प्रश्न राख्ने हिम्मत जुटाउन सकिनँ । त्यस बेला त यस कथाको गहिराइमा पुग्ने मेरो त्यो वय नै थिएन सायद ! तर अहिले पनि मेरा मनमा यी कुरा अनुत्तरित रहनुलाई मैले केही दर्जा दिन सकेकी छैन ।

त्यस दिनचाहिँ यस कथाको सम्पूर्ण कुरा बुझ्नु र गहिराइमा पुग्नुभन्दा यस कथाको प्रारम्भमा नाम लिइएका अनिल मेरो मानसले टिपेको नाम थियो । किनभने झन्नै मेरै समवयका ती अनिललाई म चिन्थेँ । अधमैलो बुसर्ट र हाफपेन्ट लगाएर केही नमिलाई काटेको केशका साथ हाँस्न बिर्सेको अनुहारमा भएका चम्किला लक्ष्यभेदी आँखा भएको एउटा केटो अनिल । अनि मभन्दा होचो फुच्चेजस्तो देखिने त्यस केटो अनिलका पुर्खा नै मेरा बुबाद्वारा सुनाइएको कथाकी प्रमुख पात्र भीमादेवी भएको कारण त्यस बेला मलाई

अनिल थप परिचित लागेको थियो । मेरा बुबाका अनुसार हाम्रा अनिलका पुर्खा भीमादेवीकै कान्छा छोरा देवीप्रसाद हुन् भन्ने मैले सुनेकी हुँ ।

यति हुँदाहुँदै पनि मैले मेरा बुबाको डरलाग्दो अनुहारमा हेर्न खोजेर त्यति बेला यत्ति मात्र सोध्दै कथा निकै बुझेको जस्तो देखाउन खोजेकी थिएँ– 'अनिल भनेको त्यही अनिल पौडेल हो बुबा ?'

मेरा बुबाले टाउको हल्लाएर सकारेका थिए । त्यस अँध्यारोमा पनि मैले मेरा बुबाका चम्किला एक जोडी आँखा देखेकी थिएँ ।

यस बेला मेरा बुबा यस धरामा छैनन् । तर बुबाद्वारा प्रदत्त कथा मसँग छ र यस बेला छौँ अनिल र म । त्यसैले के मैले यो कुराको टुङ्गो गर्नु उचित हुँदैन र ?

अनिल भाइ ! म तपाईंसँग प्रश्न गर्न चाहन्छु– 'के यो कथा तपाईंको पुर्खाको हो ?'

**• गरिमा : २०६९ असार**

# औजार

पाठकवृन्दसँग एउटा कमलो अनुरोध !

यो कथा के हो मलाई थाहा छैन ! मैले यो कथा आफैँले लेखेको पनि होइन, देखेको पनि होइन तर यस कथालाई भेटेको भने हुँ । यसलाई मैले जस्तो भेटेँ तपाईंहरूसमक्ष जस्ताको तस्तै, केही नमिसाई प्रस्तुत गरेकी छु अर्थात् अर्ग्यानिक रूपमा प्रस्तुत गरेकी छु ।

•

**कथा यस्तो छ–**

...अनि परमात्मा फेरि चिन्तित भएका थिए । 'अब के गर्ने ? एउटाएउटा प्राणी बनाउने ञ्याउलो सधैँ आफैँले बोकिरहने ?

कि अधिकार प्रत्यायोजन गर्ने ? केन्द्रिकृत व्यवस्था समग्र विकासको बाधक हो ।

चौरासी लाख प्राणी पुगिसके । भो अब म थप सृष्टि गर्दिनँ ।'

•

हावा निकै जोरजोरले चलिरहेको थियो । तबै पनि प्रकृति मनोरम थियो । मन्त्रोच्चारणको आवाज टाढाटाढासम्म गुञ्जायमान थियो । प्रकृति सुगन्धमय थियो । चारैतिर फलफूलले ढाकिएर वातावरण रहरलाग्दो देखिन्थ्यो । स्वच्छ र सफा खोलानालाहरू कलकल ध्वनिका साथ बगिरहेका थिए ।

दुक्खकष्टको कतै कुनै सूक्ष्म चिह्न पनि थिएन ।

सोही वातावरणमा परमात्माका अपरम्पार सृष्टि चौरासी लाखै स्त्रीलिङ्गी प्राणी निमग्न विचरण गरिरहेका थिए । कुनै पीडाको कतै छायासम्म नपरेका उनीहरू कल्पकल्पसम्म यसरी नै नाचिरहे, बाँचिरहे ।

•

कोटियौँ वर्षपश्चात् परमात्माले ध्यानबाट केही बेरका लागि विश्राम लिएका थिए ।

आफैँले सृष्टि गरेका समग्र सृष्टि उनैद्वारा सृजना गरिएको स्त्रीमय वातावरणमा परमानन्द हुँदै विचरण गरिरहेको देखेर परमात्मालाई पनि अपार तृप्ति भएको थियो । आफ्ना सृष्टिलाई भेट्ने, छुने र उनीहरूबारे उनीहरूसँगै जानकारी लिने इच्छाले परमात्माले आफ्ना कनिष्ठतम सृष्टिलाई आफूछेउ बोलाए । अहँ, उसले त कुनै चालै गरिन । क्रमशः अर्की, अर्की र अर्की... तर कुनैले पनि परमात्माको बोलावटको वास्तै गरेनन् ।

त्यसपछि परमात्माकी सर्वश्रेष्ठ सृष्टि अर्थात् स्त्रीदेहधारी मानवीको पालो आएको थियो । उसलाई परमात्माले आदेश दिँदानदिँदै ऊ मृगचालले लचकलचक गर्दै, उसका सुनौला र बाक्ला केशराशिभित्र आफ्ना सुन्दर अङ्गप्रत्यङ्ग लुकाएझैँ परमात्माका सामु उभिएकी थिई । पोटिला सुन्तलाका केस्राजस्ता ओठबाट मोहक मुस्कान पस्किरहेकी त्यस नौनीजस्ती रङ भएकी नारीलाई देखेर परमात्मा स्वयम् मुग्ध भएका थिए । परमात्माले त्यस स्त्रीदेहधारी मोहक मानवीलाई आफैँले सृष्टि गरेको हो भन्ने कुराले पनि उनी त्यस बेला अति आनन्दित भएका थिए ।

•

कोटियौँ वर्ष बितेका थिए । परमात्मा उक्त नारीकै मादक देहमा अलमलिएका थिए । आफ्नै सृष्टिको मोहमा अनन्त समय

बितेको हेक्का हुनासाथ परमात्मा झ्ल्याँस्स भए । त्यसपछि उक्त मानवीलाई आफूबाट अलग्याएर परमात्मा पुन: ध्यानमग्न भए ।

•

कल्पकल्प बिते ।

•

ध्यानस्थ परमात्माले बेलाबखत आफ्ना सुन्दर सृष्टिमाथि ध्यानपूर्वक विचरण गर्ने गरेकै थिए । कहिल्यै नलगाइएका र पट्टचाएर दराजमा थन्क्याइएका आफ्नै सुन्दर लत्ताकपडाजस्तो, युगौँयुग पुराना र अविचलित प्रस्तर मूर्ति नै मूर्तिको सहरजस्तो, खोइ कस्तोकस्तो ! सुन्दर भएर पनि एक रसजस्तो ! कतै केही परिवर्तन थिएन । आफ्नै सृष्टि पनि परमात्मालाई निरसिलो लाग्यो । तर चौरासी लाख प्राणी भने लग्गूझैँ उही निमग्नतामा रहेका थिए ।

•

प्रत्येक प्राणीलाई पूर्ववत् परमात्माले आफूछेउ डाकेका थिए । अहँ कोही आएनन् । त्यसपछि परमात्मालाई कोटियौँ वर्षअघि कोटियौँ वर्षसम्म आफू मोहित भएको स्त्रीदेही मानवीको स्मृति भयो । विगतको स्मृति मात्रले पनि रोमाञ्चित परमात्माले सोही मानवीलाई पुन: आफूनजिक डाके ।

•

'अहो ! यसलाई सामु देख्नासाथ मलाई चुम्बकसँग फलाम टाँसिन खोजेझैँ भइरहेछ । विगतमा पनि सृष्टिको कल्पकल्पसम्म म यसैमा मोहित भएर बितेँ । अब भने मैले यससँग सावधान हुनै पर्छ ।' साँच्चै परमात्मा सावधान भएका थिए ।

किनभने त्यसपछि आफूनजिक पूर्ववत् मादक गन्ध छर्दै मुस्कुराइरहेकी स्त्रीदेही मानवीका आँखामा परमात्माले हेर्दै हेरेनन् ।

आफूसँग आतङ्कित परमात्माको भाव बुझेर स्त्रीदेही मानवी भने परमात्मालाई हेर्दै थप मुस्कुराएकी थिई । परमात्माले स्त्रीको प्रिय मुस्कान पनि अप्रिय मानेझैँ गर्दै, देखेर पनि नदेखेझैँ गरे । प्रतिक्रियामा एक पटक सम्मोहनले भरिएकी स्त्रीका मादक आँखासम्म परमात्माका आँखा पुगेका पनि थिए । त्यहाँ स्त्रीको अदम्य साहस थियो र चुम्बकीय आकर्षण पनि थियो । फेरि परमात्मामा स्त्री मोहमा परिने त्रास देखिएको थियो । मानवीले भने पुनः परमात्मामाथि व्यङ्ग्यात्मक दृष्टिकै प्रक्षेपण गरेकी थिई ।

•

'भन् मैले यस सृष्टिलाई कसरी एकरस हुनबाट जोगाउन सक्छु ?' आफैँले सृष्टि गरेकी मानवीको–

- विवेक,
- चेतना,
- बुद्धि,
- साहस र शक्ति,
- शान्ति र कान्ति,
- प्रेम र विनय,
- ज्ञान र गुण,
- वात्सल्य तथा
- करुणाजस्ता विशेषतासँग प्रभावित भएका परमात्माले स्त्रीलाई आफ्नो सल्लाहकार बनाएका थिए ।

'तपाईंले सृष्टि गर्नुभएका प्राणीहरूको नियन्त्रण तपाईंले नै आफ्नो हातमा राख्नुपर्दछ । विकेन्द्रिकृत व्यवस्थालाई केन्द्रिकृत सुपरिवेक्षण र नियन्त्रणमा नराख्दा स्वेच्छाचारिता बढ्न सक्छ ।' मानवीले गमेर परमात्मालाई सल्लाह दिएकी थिई ।

परमात्माले मानवीका आँखामा हेरेका थिएनन् । तर उसका कोमल नग्न अङ्गहरू सुमसुम्याउने लोभ भने उनले त्याग्न सकेका थिएनन् ।

'तपाईंको सृष्टिमा एक जात मात्र भयो, अब तपाईंले अर्को जात पनि सृष्टि गर्नुपर्ने देख्छु ।' केही गमिरहेकी मानवीले फेरि पनि परमात्माप्रति लक्षित हुँदै भनेकी थिई ।

यस कुराले परमात्मा कोटियौँ वर्षपछि फेरि मुस्कुराएका थिए ।

•

परमात्माले नवसृष्टिको सूत्र फेला पारिसकेका थिए । त्यसैले लगत्तै उनी आफ्नो निर्माणमा जुटेका थिए ।

मैले प्रकृति मात्र सृष्टि गरेँछु । अब पुरुष निर्माण गर्नुपऱ्यो । ध्यानस्थ परमात्माले ध्यानभित्रै विचरण गरेका थिए । त्यसपछि उनी पुरुष निर्माणमा लागिपरेका थिए ।

- 'अहँ, मलाई मन परेन ! परमात्माले सृष्टि गरेपछि स्त्रीका अघिल्तिर प्रस्तुत पुरुष एक हेरेर मानवीले परमात्मालाई भनेकी थिई ।

- 'हुन्न, यो पनि हुन्न ! यसमा के छ र ?'

दोस्रो पुरुषप्रति स्त्रीको प्रतिक्रिया थियो ।

- 'यो त झन् सुकेको काठजस्तो नीरस छ !'

तेस्रो पुरुषप्रति स्त्रीको उपेक्षा भाव थियो ।

- 'छि... यस्तो अर्थहीन प्राणी पनि परमात्माकै सृष्टि हो र ?'

चौथो पुरुषप्रति स्त्रीको अहङ्कारमिस्रित घृणाभाव प्रस्तुत भएको थियो ।

- 'यसलाई त तुरुन्त फिर्ता लगिहाल्नुस् परमात्मा ! म त यसलाई हेर्न पनि मन पराउन्न ।'

पाँचौँ पुरुषका लागि स्त्रीबाट चरम अनास्था प्रकट भएको थियो ।

- 'उफ्, यस्तो घिनलाग्दो प्राणी कसरी सृष्टि गर्नुभयो परमात्मा ?'

छैटौँ पुरुषप्रति स्त्रीको तिरस्कार भाव थियो ।

- 'भो अब थप सृष्टि नगर्नुस् परमात्मा !'

सातौँ पुरुषप्रति मानवीले चरम उपेक्षा भाव प्रकट गरेकी थिई ।

- 'भो परमात्मा भो ! तपाईं किन आफ्नो र मेरो समय पनि बरबाद गरिरहनुभएको छ ? बरु आउनुस् न मसँग रमाउनुस् ! अब त म तपाईंको नवसृष्टि हेर्दा पनि हेर्दिनँ ।'

आठौँ पुरुषका सन्दर्भमा परमात्माप्रति नै स्त्रीको आवेशात्मक आदेश थियो ।

क्रमशः एक, दुई, तीन, चार गर्दै परमात्माले आफूले निर्माण गरेका आठ थरीका पुरुष देहधारी मानव स्त्रीदेहधारी मानवीका अघिल्तिर पठाउँदाको नकारात्मक स्त्री प्रतिक्रियाले अब परमात्मा स्वयम् आजित भइसकेका थिए ।

•

'तपाईंले नयाँ प्राणी नै सृष्टि गर्ने नै हो भने मसँग नभएको कुनै विशिष्ट र जुन मेरा लागि पनि उपयोगी र तपाईंका लागि पनि कारक हुन सक्ने विशिष्टताधारी प्राणी आविष्कार गर्नुस् न परमात्मा ! तपाईंले सृष्टि गरेका यी आठै थरीका प्रत्येक पुरुषमा मसँग भएका एकएक गुण मात्र छन् । फेरि मैजस्तो अर्को थप अस्तित्वको पनि तपाईंको सृष्टिका लागि के उपयोगिता हुन्छ र ?' स्त्रीले अलि झोक्किँदै परमात्मालाई सल्लाह दिएकी थिई ।

•

आफूले परिश्रमसाथ गरेको नवआविष्कारप्रति मानवीबाट प्राप्त एकोहोरो नकारात्मक प्रतिक्रियाका कारण यस पटक परमात्मा हार्ने लागेका थिए ।

'एक पटक यसलाई हेर् ! तँलाई यो पनि मन परेन भने म पनि अब नवसृष्टि गर्दिनँ ।'

निराश हुन लागेका परमात्माले उनको आविष्कारको नवौँ पुरुष स्त्रीका अघि प्रस्तुत गरेका थिए ।

•

परमात्माको नवीनतम सृष्टिरूपी 'पुरुष' परमात्माले प्रस्तुत गर्नासाथ स्त्री दौडेर त्यस पुरुषका छेउमा पुगेकी थिई । त्यस पुरुषलाई स्त्रीले निकै महत्त्वका साथ हेरेकी थिई । किनभने यही नै परमात्माको अन्तिम सृष्टि थियो । यसपछि परमात्माका अरू सृष्टि उसले हेर्नु पनि पर्ने थिएन ।

स्त्री परमात्माको नवआविष्कारलाई गहिरिएर हेरिरहेकी थिई ।

अरू सबै कुरा त पूर्व आविष्कृत पुरुष र यस नवीनतम पुरुषमा केही फरक थिएन । तर परमात्माले भर्खरै उसका अघि पेस गरेको यस पुरुषका दुई तिघ्राका बीचमा एउटा सानो अन्दाजी तीनचार इन्चको कुनै मांसपिण्ड तुर्लुङ्ङ झुन्डिरहेको थियो । साथै एउटा मांसथैली पनि त्यसैको जरामा गाँसिएको थियो । स्त्री अचम्मित भएर पुरुषका उक्त अनौठा मांसपिण्डमै केन्द्रित थिई । उक्त पुरुषले पनि स्त्रीका छातीमा पहाडझैँ उचालिएका आफूसँग नभएको अङ्गतिर कौतूहल राखेर हेर्न थालेको थियो । स्त्रीले उक्त पुरुषको लत्रेको अङ्ग छोएर हेरी र आफ्नो पनि उक्त स्थलमा छामी । आश्चर्य मानेर नै पुरुषले पनि आफूसँग अभाव भएको स्त्रीका छातीमा स्थापित शिखर सुमसुम्याएको थियो । पुरुषले आँखा चिम्लेको थियो । सायद ऊ पनि आनन्द बटुल्ने तयारीमा थियो । अर्कातिर स्त्री स्पर्श पर्नासाथ पुरुषको उक्त तुर्लुङ्ग झुन्डेको अङ्गमा पनि प्राण सञ्चार भएझैँ त्यो अङ्ग उभिन खोज्यो । उता स्त्रीलाई पनि पुरुष स्पर्शले अनौठो मादक तरङ्गले छोप्न थालेको थियो । स्त्रीले आफ्नो देहमा पुरुषमा रहेको

त्यस्तो अङ्गकै खाँचो रहेको अनुभूत गरिसकेकी थिई । किनभने तत्क्षण उसले आफ्नो उक्त स्थल छामिसकेकी थिई र त्यहाँ त केवल प्वाल मात्रै भएको सत्य पनि ऊसँग साक्षात्कारै थियो । त्यसै क्षण स्त्रीले आफूमा रिक्तताको अनुभव गरी । स्त्रीले आफ्नो सोही रिक्त स्थलमा परमात्माको नवीनतम सृष्टि अर्थात् तथाकथित पुरुषसँग भएको उक्त तुर्लुङ्ङ झुन्डिएको अङ्गको तीव्र आवश्यकता महसुस गरी ।

'हो मसँग यसको मात्र अभाव रहेछ ।' स्त्रीले परमात्मातिर फर्केर भनेकी थिई ।

त्यसपछि बल्ल परमात्मा पनि आफ्नो नवीनतम आविष्कार सफलीभूत भएको देखेर सन्तुष्टिका साथ मुस्कुराएका थिए ।

'स्त्री ! तैँले बल्ल मेरो सृष्टि रुचाइस्, म खुसी भएँ । अब तँ यसैसँग रमाउने गर । म अरू प्राणीका लागि पनि यसैखाले पुरुषको सृष्टिमा लाग्नेछु । सुन् स्त्री ! एउटा कुराचाहिँ तैँले बुझ्न जरुरी छ... !'

परमात्मा बोलिरहेका थिए, तर स्त्री भने परमात्माका छेउबाटै पुरुषलाई समातेर बगैँचाविहारमा निस्किसकेकी थिई । स्त्रीलाई सावधान पार्न चाहँदाचाहँदै पनि परमात्मा असमर्थ भएका थिए । किनभने पुरुषनशामा परिसकेकी स्त्री परमात्माबाट टाढा पुगिसकेकी थिई ।

•

मोहमानवीलाई अलमल्याउन आफू सफल भएकोमा परमात्मा फेरि पनि मुस्कुराएका थिए ।

•

'स्त्री तैँले मन पराएको हुनाले सोही तेरो विपरीत अङ्गधारी पुरुष अब सदासर्वदा तेरो हुनेछ । तर अबदेखि तेरो

भागमा चाहिँ पुरुषको उक्त अङ्गरूपी औजारले दिन सक्ने सुक्ख र दुक्ख मात्रै पर्नेछ । किनभने तैँले रुचाएको पुरुषसँग तँसँग नभएको सो तुर्लुङ्ग झुन्डिने औजारबाहेक अरू तैँले पाउने केही पनि हुने छैन । आफ्नो आवश्यकता पूरा नहुन्जेल यो पुरुष पनि बत्तीको उज्यालोमा पुतलीझैँ तेरै वरिपरि झुम्मिरहनेछ । आफ्नो औजार तेरा प्वालमा प्रवेश गराइसकेपछि यस पुरुषलाई पनि पृथ्वीमा तेरो प्वालबाहेक अरू केही पनि छैनको भान भने हुनेछ । तर यस पुरुषले तेरो प्वालबाहेक तँमा भएका सम्पूर्ण सुन्दरतम विशेषताहरू भने हत्तपत्त देख्ने छैन, बुझ्ने पनि छैन ।'

'अर्को कुरा तैँले यस औजारको एक पटक प्रयोग गरेपछि नै तँलगायत मेरो यस समग्र सृष्टिमाथि मेरो नियन्त्रण हुनेछ र तिमी प्राणीहरू जरामरणको सिकार हुनेछौ । अर्थात् पृथ्वी चलायमान हुनेछ । हे स्त्री ! त्यसैले अब स्त्री जातिमा नै मेरो सम्पूर्ण सृष्टिको भविष्य गाँसिएको छ ।'

स्त्रीका लागि परमात्माले आकाशवाणी गरेका थिए ।

•

जुन बेला परमात्माले स्त्रीलाई आकाशवाणी गरेर सतर्क पनि गराउन खोजेका थिए । त्यति बेलासम्म स्त्रीले आफ्नो रिक्त स्थानमा पुरुषको उक्त अङ्ग प्रवेश गराइसकेकी थिई । परमात्माद्वारा नवीनतम आविष्कृत पुरुषमा समाविष्ट उक्त तुर्लुङ्ग झुन्डिने अङ्ग नै परमात्माको सृष्टि विचलनको आवश्यकीय औजार थियो ।

परमात्माको नवसृष्टि पुरुष स्त्रीको रिक्त स्थलमा आफ्नो औजारको प्रयोगपछि सन्तुष्ट भएर निदाइसकेको थियो । स्त्री भने सृष्टिपछि प्रथम पटक तृप्त त भएकी थिई, तर ऊ असन्तुष्टिको

डँडेलोमा पनि सल्किरहेकी थिई । ऊभित्र पुरुषको औजारका माध्यमबाट परमात्माले सृष्टिको बीजारोपण पनि गराइसकेका थिए ।

•

त्यसपछि परमात्मा हाँस्तै सृष्टिको चलायमान स्वरूप हेर्नका लागि केही कल्प विश्राममा बसे ।

•

'हे स्त्री ! मैले बुझ्नै नसकेको एउटा कुरा तँलाई सोध्नुपर्नेछ । मैले गरेको अन्तिम सृष्टि अर्थात् उक्त पुरुषलाई तैँले आफैँले रोजेर आफूसँगै लिएर गएकी थिइस् । अनि किन फेरि सधैँ रोइरहन्छेस् ?' सृष्टिको कुनै कल्पमा रोइरहेकी कुनै स्त्रीसँग द्रवित हुँदै परमात्माले संवाद गरेका थिए ।

'तपाईंमा विश्वास गर्नाले म यस भुमरीमा फसेकी हुँ । तपाईंले मलाई किन एउटा विवेकहीन पुरुषको निर्माण गरेर त्यसैसँग हिँडाउनुभयो ? तपाईंले मलाई आफैँसँग किन राख्नु भएन ? अथवा तपाईंले मेरा लागि कुनै अर्की मजस्तै स्त्रीदेहधारी मानवी नै सृष्टि गरिदिँदा पनि मेरो यस्तो विचलित अवस्था त हुने थिएन ।' स्त्रीले बढो चित्त दुखाएर परमात्मासँग गुनासो गरेकी थिई ।

'मद्वारा नै आविष्कार गरिएकी भए पनि तँमा भएको मादकता र सम्पूर्णतामा म आफैँ हराउन थालेको थिएँ । तँलाई मसँग राख्नाले मेरो सृष्टिले पूर्णता पनि पाउने थिएन । किनभने तँ रमाउन सक्ने औजार पनि त मसँग थिएन । अर्की तँजस्तै स्त्रीदेहधारी मानवीसँग पनि तँ रमाउने थिइनस्, किनकि ऊसँग पनि त्यो औजार हुने कुरै भएन । तँ जसरी उक्त पुरुष भेटिनासाथ मसँग बिदा पनि नमागी हिँडेकी थिइस् । त्यसबाट मैले तँ कल्पकल्पसम्म त्यही औजारधारी पुरुषसँग नै रमाउने बुझेको

थिएँ ।' परमात्माले स्त्रीको विरक्तलाग्दो अनुहार हेरेर जबाफ दिएका थिए ।

'के अब यो व्यवस्था हटाएर पुरानै अवस्थामा फर्काउन सकिँदैन, परमात्मा ?' स्त्रीले करुणरसमा डुबेर परमात्मासँग अनुनय गरेकी थिई ।

'असम्भव ।' वातावरणमा दृढ आवाज गर्जाउँदै परमात्मा अलप भएका थिए ।

• **मधुपर्क : २०७७ चैत**

# बघेनी

निद्राबाट आँखा खुल्नासाथ कथावस्तु खोज्ने क्रममा मैतीदेवीको वरिपरि घुमेँ । सबै बासी पात्र भेटिए । केको कथा लेख्नु ? मभित्र निराशा चलमलाउँदै थियो । यसै अन्यमनस्क भाव बोकेर सेतो पुलमुन्तिर पुगेको थिएँ ।

'म छु, यहाँ म छु ।' आवाजसँगसँगै फोहोरको डङ्गुरमास्तिर केही चलमलाएको पनि देखियो ।

'के हो ?'

'को हो ?'

झिसमिसे हुँदै नै थियो । ...र खोलाको किनार पनि त्यहीँ थियो ।

'भूत हो कि ?'

अलि चिसो भयो मनभित्र, गर्मीको एयरकन्डिसनको चिसोले पुसको जाडोमा छोएजस्तै भयो ।

'म वास्तविकता हुँ, किन डराएको ?'

लौ, त्यसको आवाज पनि आयो र मेरा फर्किनै लागेका गोडा त्यहीँ रोकिए र म ऊतिर फर्किएँ ।

अब भने बिचारेर गम्दै थिएँ ।

त्यो त स्त्रीस्वर थियो ।

'तिमी को ?'

मैले चिन्न खोजेँ ।

'शिशिरवसन्तको कथा याद छ ? त्यसमा भएकी शिशिरकी रानी मै हुँ !' उसले भनेकी थिई ।

स्त्री आवाज सुनेपछि र परिचय पनि पाएपछि पात्र परिचयका लागि मेरो उत्सुकता थप जागेको थियो । त्यो कस्ती देखिन्छे ? मैले स्त्री रूप, रङ, गन्ध आदि त्यहाँ खोजेँ । तर त्यहाँ त केही पनि देखिएन ।

त्यहाँ केवल एउटा ठूलो टाउको बन्न सक्नेजस्तो डल्लो थियो । मांसपिण्ड भाँतिको त्यस डल्लामा मानवीय कुनै ज्ञानेन्द्रियको अस्तित्व थिएन । डल्लोबाहेक डल्लैमा जोडिएका धागोका केही रेसाजस्तै त्यसमा देखिन्थे । त्यसैले ज्ञानेन्द्रियादी अङ्गको अस्तित्व त्यहाँ हुने कुरै भएन । ठ्याम्मै पत्रिकामा छापिने कार्टुन चित्र भाँतिको अस्तित्वजस्तो अस्तित्व मात्रै फेला परेको थियो । तर उसबाट आवाज भने रेडियोभाँति आएको थियो । तर रेडियोमा जस्तो औद्योगिक उत्पादनको कुनै निसानी त्यहाँ थिएन । त्यस अस्तित्वको कुनै परिचय नभएको परिचयले उसप्रति झनै कौतूहल जागेको मेरो अवस्था थियो ।

**कथासन्दर्भ**

बोधविक्रम अधिकारीले लेखेको लोककथा 'नेपाली दन्त्यकथा'भित्रको एउटा कथा 'शिशिरवसन्तको कथा' ।

त्यस कथामा कुनै देशकी रानीको बिहे गरेकै रात लोग्ने मर्ने भएकाले हरेक दिन हात्तीले रानीका लागि एउटा पुरुष खोजी ल्याउने उपक्रममा कथामा बिचल्ली परेको शिशिर राजा बनेको छ । हुन त ऊ राजकुमारै थियो । शिशिर त्यस कथामा धीरोदात्त पात्र थियो त्यसैले ऊचाहिँ मरेन । बाँच्नेकै कथा बन्ने हो, मरे के कथा ?

शिशिर नमरेरै राजा भयो र कथा अघि बढचो अर्थात् त्यसैले कथा 'शिशिरवसन्तको कथा' भयो ।

•

मैले लेख्न लागेको कथाचाहिँ अब अघि बढ्ने सुरमा छ : तर यो शिशिरवसन्तको कथा होइन, हुन पनि सक्तैन, किनभने यो शिशिरकी रानीको कथा हो ।

•

अब मसँग मैले फोहोरको डङ्गुरमा फेला पारेको अस्तित्व त थियो । उसले आफ्नो परिचय दन्त्यकथाकी रानी भनेर दिएकी त छे, तर ऊसँग कथाको वस्तु छ, छैन र कथावस्तु भएरै पनि उसमा पात्रता छ, छैन ? मैले कसरी थाहा पाउने ?

हुन त यति बेला मेरो कथामा शिशिरवसन्त कतै छैनन् । त्यहाँ अस्तित्वजस्तै एउटा अस्तित्व मैले फेला पारेको थिएँ । जुन स्त्रीअस्तित्व थियो र ऊ भन्दै थिई ऊ शिशिरकी रानी हो ।

'ए रानी, तिमी मेरो कथाको प्रमुख पात्र बन्न सक्छचौ ?'

अनुमति नै नलिई कसैलाई आफ्नो कथाको पात्र बनाउनु शिष्टता वा मर्यादा हुन्न भनेर नै मैले रानीसँग मेरो पात्र बनिदिने अनुनय गरेको थिएँ ।

'सुधार !'

'आफूलाई सुधार !'

'लेखक महोदय !'

'म पात्र मात्र हुँ । मेरो सत्ता छैन, शासन छैन । सत्ताबिनाकी रानी मलाई हुनु छैन । मेरो कुनै नाउँ हुन सक्छ । तिमी नाउँ राख्न सक्छौ नि ! मेरो नाउँ राख र मलाई त्यही नाउँले डाक, बुझ्यौ !'

कुनै बेला भइसकेकी रानीको यति बेला रानी हुन नपाउँदा ऊभित्र लुकेर बसेको हिनत्वसँगसँगै तत्कालीन रानीझैँ कड्केर बोलेकी थिई उक्त अस्तित्व । उसको लवजमा कुनै बेलाकी रानीको, दम्भ, गर्व, अहम्, स्वत्व, अहङ्कार, उन्माद, जोसादि इत्यादि सबै मिसिएको थियो । त्यही मलाई खूब मन पऱ्यो ।

किनभने मलाई मानिसको बाघशैली नै मन पर्छ ।

प्राय:जसो अधिकांश मानिसमा पाइने कुखुरा, खरायो, जुका, कुकुर, बिरालो, ब्वाँसो, झिँगा, लामखुट्टे, स्यालजस्ता शैलीलाई म घृणा गर्छु ।

त्यसैले यो पात्र मलाई मन परी, अब मेरो कथाकी पात्र बघेनी र कथाको शीर्षक पनि बघेनी !

'तिम्रो नाउँ बघेनी राखेँ है त, के तिमीलाई आफ्नो नाउँ मन पऱ्यो ? ।' पात्रको नाउँ जे मन लाग्यो त्यही किन राख्ने ? पात्रलाई नै रोजाएर नामाकरण गर्न पाए पात्र पनि खुसी हुने र कथा झनै रसिलो पार्ने मेरो मनसाय थियो । उसले मन नपराए म फेरि अर्को नाउँको खोजी गरौँला । तर उसले मेरो प्रश्नको कुनै उत्तर दिइन । 'मौनं सम्मति लक्षणम्' हामी दुवैलाई सहमति भएको महसुसले म रमाएँ । अर्को नाउँ राख्न पनि त झ्याउ नै हुन्थ्यो । यो पात्रको मन्जुरी र नामन्जुरीको पछि लाग्दा कथै उम्किने डर पनि थियो मलाई । त्यसैले अब मैले नाउँका पछि नलाग्ने निर्णय गरेँ ।

'ए बघेनी ! के तिमी मेरो कथाको पात्र बन्न सक्छेऊ ?' अस्तित्वसँगको कुराकानीमा नयाँपन पाएपछि मैले आफ्नो कथाकारिताको सफलताको पूर्वानुमानमा हौसिएर आफैँले नामाकरण गरिएकी 'बघेनी' नाउँकी अस्तित्वसँग पुन: वार्ता थालेको थिएँ ।

यति बेला पनि बघेनी फोहोरमै थिई । बसिनसक्नु दुर्गन्धले त्यहाँ म अडिन सक्ने अवस्था थिएन । तर लेखन अठोट नै गरिसकेको

मेरो अस्तित्व पनि मभित्र जुरमुराइसकेको थियो । त्यसैले जे गरी भए पनि, जसो गरी भए पनि अब मैले बघेनीको कथा लेख्नैपर्छ भनेर म डटेको थिएँ ।

'ए बघेनी ! यहीँ नजिकै मेरो अपार्टमेन्ट छ । के तिमी त्यहाँसम्म जान सक्छेऊ ?' उसलाई मेरो यो अनाहकजस्तो प्रश्न थियो ।

'म कतै जान सक्तिनँ । म केही गर्न सक्तिनँ । तर म सबै कुरा भन्न सक्छु । सुन्न पनि सक्छु । के तिमी मलाई बोकेर लैजान सक्छौ ?' उसले सोधेकी थिई ।

'लौ, यसले त मारी ! मैले यसलाई छुने त कसरी ? झन् बोक्ने ?' मनमनै आफैँसँग बोलेर म आत्तिएको थिएँ ।

•

...तर हामीबीच सम्झौता भयो ।

भौतिक भएरै पनि अभौतिक पात्र पनि भएकीले मैले पात्रताबापतको पात्रस्व उसलाई दिनु नपर्ने टुङ्गो भयो ।

गरिब नभएर पनि सधैँ गरिबीकै मानसिकतामा डुबिरहने म लेखक दङ्ग परेँ ।

त्यसपछि कुनै जुक्तिको प्रयोगपछि बघेनीलाई मैले कालिकास्थानको आफ्नो अपार्टमेन्टसम्म पुऱ्याएको थिएँ ।

•

बघेनी !

ऊ बघेनी थिई ।

बघेनी आफ्नो कथा भनिरहेकी थिई ।

अनि बघेनी कथा भनिरही र म यन्त्रवत सुनिरहेँ ।

तर यो कथा बोधविक्रम अधिकारीको कथामा लेखिएको छैन है !

यस कथामा शिशिर युद्ध विभीषिकाको सिकार भएपछि पनि बघेनी भने बाँचिरही ।

'तर शिशिरले तरबारले मभित्र बस्ने गरेको एउटा नाग काटेपछि मेरो नाकबाट अरू नाग निस्किन छोडेको थियो । त्यसपछि शिशिरसँग मेरो सरसम्बन्ध हुन्जेल मभित्रका अन्य नागहरू सुषुप्त रहे । शिशिरको डरले नागहरूले मेरो नाकको बाटो नै बिर्सेका थिए । जसै शिशिर मेरो जीवनबाट अलप भयो अनि नागहरू मेरै नाकको बाटोबाट पुरुषरक्त प्यास बोकेर ओहोरदोहोर गर्न थालेका थिए । त्यसपछि...'

बघेनीको आवाज बन्द भएको थियो ।

म कथा अधुरो छोड्न सक्तिनँ थिएँ ।

'के भयो बघेनी ? किन चुपो लाग्यौ ?' मैले नरम बोलीले उसलाई खोतल्न खोजेँ ।

'शिशिर मारिएपछि पनि सत्ताको नियमानुरूप राजगद्धी खाली नगर्नका लागि हात्तीले देवराज, वीरभद्र, हिमायु, बनेश्वर आदि अनेकअनेक पुरुषहरू प्रत्येक दिन दरबारमा बाजागाजाका साथमा भित्र्याउने गर्थ्यो । तर प्रत्येक बिहान मेरो अन्तःपुरबाट तिनको शव निष्कासित हुने गर्थ्यो । यस प्रक्रियाले म आजित भइसकेकी थिएँ ।'

'ए लेखक ! तिमी नै भन न ? म कति ओटा पुरुष परिवर्तन गरौँ । म नगरबधू पनि होइन, म त त्यस देशकी सम्मानित रानी थिएँ । तर रानी भएर पनि हरेक रात पुरुष फेरेर भोग गर्नु र आफूले भोग गरिसकेको पुरुषको आफैँभित्रको नागद्वारा हत्या गरिएको दृश्यसमेत भोग्नु ! यस प्रक्रियामा म विरक्त भइसकेकी थिएँ । तर राज्यका लागि मैले पुरुष भोग्नै पर्थ्यो । पुरुष भोग मेरो विलासिता

नभएर राज्यप्रतिको दायित्व थियो । त्यसपछि मैले एउटा उपाय निकालेँ । मैले मेरो दरबारमा एउटा नाग अनुष्ठानको गोप्य आयोजना गरेँ । आफ्ना इष्टदेवतासँग अनुनय गरेर आफूभित्रका नागहरूलाई मैले आफ्नो कम्मरमुनि अर्थात् दुईटा जाँघको बीचमा भएको प्वालको छेउछाउमा बस्न पठाइदिएकी थिएँ । अनि ती नागको विषाक्त दाँतचाहिँ झिकेर देशको अदालतको गर्भगृहमा गाडिदिएकी थिएँ ।'

अनि त्यसपछि पनि दरबारको हात्तीले मेरा लागि धेरै पुरुषहरू पालैपालो ल्याइराख्थ्यो नै । ती सबै पुरुषका आँखामा मेरो राज्य, यौवन, प्रतिष्ठा र श्रीसम्पत्तिको मोहले मेरा नजिक बस्न लालायित भएको भाव म पढ्थेँ । तर ती कुनै पनि पुरुषले मेरो अन्त:पुरमा एक रात बिताउन सकेनन् । मसँगको प्रत्येक समागमपछि निरीह भएका ती पुरुष अदालतमा पुगेका हुन्थे र त्यहाँको विषाक्त दाँतले डसिएपछि उनीहरूको इहलीला समाप्त हुने गर्थ्यो । यस परिवर्तनले पनि पुरुषको समाप्ति त रोकिएको थिएन, तर मेरो अन्त:पुरबाट भने पुरुष शव निस्किनुपरेको थिएन । यसबाहेक मसँग अर्को विकल्प पनि थिएन किनभने कुनै पुरुष शिशिरजस्तै धिरोदात्त भएनन् । तिमी नै भन न लेखक म के गर्न सक्थेँ र ?'

फेरि बघेनी चुप लागेकी थिई ।

मलाई कथा अन्त्यविहीन लागिरहेको थियो । हरेक पटक बघेनी चुपो लाग्दा मलाई मेरो कथा अधुरो हुने पीर थियो ।

बघेनीको अस्तित्व जीवनसँग विचारधीन थियो । त्यसैले म झनै डराएको थिएँ । यो कथा सक्नुपर्छ । त्यसपछि बघेनीको अस्तित्वसँग मलाई के सरोकार ?

'बघेनी ?'

मैले उसको आवाज खोजेँ ।

'यसरी पारपाचुकेको फन्दामा ती पुरुषहरू अदालत पुगेका हुन्थे । पारपाचुकेको अङ्कुशेले तानेर अदालत पुगेका पुरुषहरू नागको दाँतले डसिन्थे र भुतुक्क हुन्थे । यसरी पुरुष अस्तित्वको समाप्ति हुँदै गयो र त्यो देश पुरुषविहीन हुन गयो !

मेरा लागि पुरुषको खोजीमा जाने गरेको हात्ती दरबारमा रित्तै आउन थाल्यो । रित्तो हात्तीका कारण मेरो अन्त:पुर चकमन्नचकमन्न हुँदै गयो । अनि म युगयुगसम्म पुरुष प्रतीक्षामा बस्न थालेँ । तर पुरुष भने निमिटचान्न थिए र कहिल्यै मेरो सामु कुनै पुरुष परेनन् । अहिले पनि म पुरुष प्रतीक्षामा छु ।

पुरुष भनेरै पनि हुँदैन । मलाई शिशिरझैँ विजयी पात्र चाहिन्छ । जुन पुरुषले हातमा नाङ्गो तरबार बोकेर मभित्र युगौँदेखि बाँचिरहेका कालो विषधारी नागलाई टुक्राटुक्रा पार्न सक्छ, त्यो पुरुष मात्र मेरो राजा बन्न सक्छ । अन्यथा मेरो यही अभिशप्त स्वरूप नै मेरा लागि उपयुक्त छ ।'

बघेनी फेरि चुपो लागेकी थिई ।

सायद कथा सकिएको हुनुपर्छ । अब यसको अस्तित्वको मसँग सरोकार रहेन । तर यसलाई विसर्जन गर्नुपर्छ । सोच्दै मात्र थिएँ ।

'ए लेखक, तिमी मलाई मेरो शिशिरसान्निध्य साहसी लाग्यौ ! आऊ मलाई वरण गर ।'

अचानक बघेनीको आवाज आएको थियो ।

'म पनि स्त्री हुँ । तिमीलाई मैले वरण गर्नुको केही औचित्य हुने छैन बघेनी ।' बघेनीको अप्रत्याशित प्रस्तावले म भित्रैबाट काँपिसकेको थिएँ ।

'ए लेखक, तिमी फगत आत्मा हौ, स्त्रीपुरुषको अर्थ बेतुक हो । तिमीमा भएको अदम्य साहसले मभित्रको कालो नागको संहार गर्न

सक्नुपर्छ । केवल त्यत्ति गरिदेऊ । आऊ र मलाई वरण गरेर यस कुण्ठित र अभिशप्त अस्तित्वबाट मलाई मुक्त गरिदेऊ ।'

यति बेला बघेनीको आवाज तरल सुनिँदै थियो । उसका भुजास्थानमा लर्किएका केस्राहरू अङ्कमालका लागि उठिरहेका थिए ।

म सपना र बिपनाको दोभानमा थिएँ । सन्त्रस्त म आफ्नो दसौँ तलाको अपार्टमेन्टको ढोकाबाट निस्केर लिफ्टबाट तल ओर्लें । त्यसपछि बेतोड गतिमा सडकमा दौडिरहेको थिएँ ।

•

अहो ! यो बिपनै थियो अथवा सपना !

•

'आजसम्म म शिशिर नै पर्खिरहेछु । हरेक पुरुषलाई मभित्रको नागले विष पोखेकै थियो । मभित्रको कालो नागको हत्या गर्ने पुरुष यहाँ कोही भएनन् । फगत पुरुषको खोल ओडेका पुरुष मात्र मेरो अन्त:गृहमा पसे ।

ए लेखक ! तिमीले शिशिरलाई भेटेका छौ ? म उसैलाई युगौंदेखि पर्खिरहेकी छु । मभित्रको नाग उसको तरबारले काटिन सक्छ । अदालतको गर्भगृहबाट शिशिरले मात्रै नागको विषदाँत उखेलेर फाल्न सक्छ ।

लेखक मेरो शिशिरलाई भेटचौ भने म पर्खिरहेकी छु भनिदेऊ है ।'

बघेनी वाणीले मेरो मथिङ्गल घोचिरहेछ ।

•

यति बेला मेरो कथामा शिशिरवसन्त कतै छैनन् । यहाँ तिनै शिशिरकी रानीलाई भने मैले भेटेको थिएँ । आफैँले बघेनी बनाएकी

अभिशप्त रानीको त्रासले तर घरी अभिशप्त स्त्री र घरी पुरुष अभिशप्तताले लखतरान अस्तित्वहरूका जुलुस अघिपछि लगाएर म भागिरहेको छु ।

•

बघेनी सादृश्य अस्तित्वविहीन अस्तित्व बन्न सक्ने आशङ्काले भयग्रस्त अस्तित्व थाकेर पनि दौडिरहिछे ।

**• मधुपर्क : २०७९ फागुन**

# बिहेको बाजा

आज अञ्जलीको बिहे । यस सहरकी धनाढ्य गौरीशङ्करकी छोरी अञ्जलीको बिहे धूमधामसँग हुनु कुनै आश्चर्य पनि थिएन । सहरका अधिकांश मर्यादित व्यक्तित्वहरू र गौरीशङ्करका नातेदारहरू विवाहस्थलमा खचाखच भरिएका थिए । आज विवाहको लगन बेलुकी साढे आठ बजे नै भएकाले जन्ती पनि छिट्टै आउने कार्यक्रम थियो । काठमाडौँको मङ्सिर महिनाको मीठो जाडोमा केटीपट्टिका अधिकांश पाहुनाहरूले भोज खाइसकेका थिए । क्रमश: साँझ छिप्पिँदै थियो र अब जन्ती आइपुग्ने बेला पनि भइसकेको थियो किनभने भर्खरै भत्खरु आएर जन्तीको सूचनासमेत दिइसकेको थियो ।

साहू धनञ्जय पनि सहरका अर्का विख्यात व्यापारी नै हुन् । उनले पनि जन्ती सिँगार्न कुनै कसर बाँकी राखेका थिएनन् । उतापट्टिका मानिसले जानकारी दिएअनुसार पाँच प्रकारका त बाजा मात्रै राखिएका छन् । किसिमकिसिमका बाजा अघि लगाएर आधुनिकभन्दा आधुनिक मोडेलका कारहरूमा जन्ती आइरहेका थिए । त्यसैले केटीपट्टिका के बूढा, के बूढी, के तन्नेरी, के तरुनी अथवा बालबच्चा नै पनि व्यग्रताका साथ जन्तीको प्रतीक्षा गरिरहेका थिए । त्यत्तिकैमा केही आवाजहरू सुनियो– 'लौ जन्ती आइपुग्यो ।' सबैले ध्यान दिएर सुन्न खोजे, हो बिहेको बाजा कानमा घन्किन थालेको थियो ।

नभन्दै केही बेरमै जन्ती गौरीशङ्करको आँगनमा आइपुग्यो । नौमती बाजा, पन्चैबाजा, सैनिक बैन्ड, पुलिस बैन्ड ओहो ! बाजा पनि कति थरीका । गौरीशङ्करको घरै उचाल्ने गरी, टोलै थर्काउने गरी बाजा घन्किरहेको थियो । मानिसहरू घरका बार्दली, पटाङ्गिनी, झ्याल अनि बरन्डा र आँगनका किनारासम्म उभिएर बिहेको बाजामा डुबिरहेका थिए । भव्य सजाइएको बैठककोठामा गहनाका भारीले थिचिएकी बेहुली अञ्जलीले पनि भर्खरै मात्र चलनअनुसार एक लर्को जन्ती हेरेकी थिई । यसबिघ्न शृङ्गार, गहना र मनोरम वातावरणमा पनि अञ्जलीको मन भने रमाउन सकेको थिएन । उसले मनमनै पिताले उसका लागि छनोट गरेको अपार सम्पत्तिको एकलौटी मालिक आजको उसको बेहुलो अतुललाई र उसले आफैँले छानेको आर्थिक रूपले विपन्न अनुनयलाई दाँजेर हेरी । टीकाटालो गर्दा एकै पटक मात्र देखेको अतुल र लामै समयदेखि प्रेमसम्बन्ध भएको अनुनयका बीच अञ्जलीलाई निकै ठूलो भिन्नता लाग्नु स्वाभाविक पनि थियो । बिहेको बाजा कानको बाटोबाट पसेर अञ्जलीको मुटु नै छिचोलिरहेको थियो ।

'पिताले मेरो रुचि मात्र बुझिदिएका भए आज यही बाजामा म कति रमाउने थिएँ होला । अतुलको सम्पत्ति र मेरा पिताको सम्पत्तिले मेल खाए पनि आगामी मेरो जीवनले मैले चाहेको अनुनयको पर्यायका रूपमा अतुललाई कतिसम्म स्विकार गर्ने हो !'

पिताका अघि बाध्य भएर त्याग्नुपरेको अनुनयको स्मृतिमा अञ्जलीका आँखाबाट आँसुको भल बगिरह्यो ।

- तेस्रो तलाको पटाङ्गिनीमा उभिएकी नैनप्रियाले बाजाको आवाजसँगसँगै बीस वर्षअघिको आफ्नो विवाहको दिन सम्झन पुगिन् । साँच्चै त्यस दिन कति रमाइलो, कस्तो उमङ्ग, मीठा सपना र मनभरि काउकुतीहरू मात्रै थिए । तर भोलिपल्टैदेखि नैनप्रियाले लोग्नेको राक्षसी व्यवहारसँग सम्झौता गर्नुपरेको

थियो । त्यसपछि जीवन उनले सजाएको कल्पनाको महलको ठीक विपरीत भएर गएको थियो । नैनप्रियालाई यस्तो रमाइलो वातावरणमा पनि आफ्नो बिहाको सम्झनाले दु:खित तुल्यायो । लगभग आठ वर्षअघि मात्र उनको लोग्नेले आत्महत्या गऱ्यो । घरव्यवहार र पाँच जना छोराछोरीको जन्जालमा भासिएकी नैनप्रियालाई यस्तो बाजाको आवाजले सधैँजसो मर्मान्त पार्ने गर्छ ।

- तल आँगनमा बेतको आराम कुर्सीमा बसेका पैँसट्ठी वर्षीय सेमन्तप्रसादले आँखा चिम्लिएको देखेर उनकै अगिल्तिरबाट जन्तीका अघि पुग्न उतर्सिएका एक हूल नखरमाउलीहरू उरालिएर हाँसे । उनीहरूको हाँसो छचल्किएको सुनेर सेमन्तप्रसादले एक पटक आँखा खोलेर हेरे । त्यो दृष्टिमा अपार वैराग्य मात्र थियो । उनकी पत्नी सुरभिको देहान्त भएको दुई वर्ष पनि पुगेको थिएन । बिहेको बाजा सुन्नासाथ उनले आफ्नी मायालु पत्नीसँग बिताएका सुमधुर दिनहरू सम्झन पुगेका थिए । उनले सुरभिलाई बिहा गरेर ल्याएको रात सम्झेपछि सुरभिसँगको चरम आनन्दका क्षणहरू पनि उनका स्मृतिभरि ताजा हुन खोजे तर सुरभिलाई अप्रत्याशित क्यान्सरले आक्रमण गरेपछि यो प्रौढावस्थामा सेमन्त अपाङ्गसरह भएका थिए । बाजाको आवाजसँगसँगै उनी पत्नीवियोगमा छटपटाइरहेका थिए ।

- 'ओइ मोरी ! अर्को बुधबार त यसै गरी तेरो सुलभ पनि बेहुलो भएर आउँछ, अनि भोलिपल्ट ...संरचना ! हामीलाई पनि सम्झन्छेस् के !' तरुनीको हूलमा एउटी चञ्चलेले भनी । संरचना लाजले केही बोलेकी थिइन । 'लौ अब त्यस्तो अपूर्व क्षणमा तँलाई नै सम्झेर बस्ली संरचना !' अर्की चञ्चलेले इतरिँदै जबाफ दिएकी थिई । तर संरचना हाँसिरहेकी थिई ।

उसले लाजको घुम्टो पनि उघार्न सकेकी थिइन । विगत दुई वर्षदेखिको प्रेमप्रसङ्गमा सुलभले संरचनालाई असाध्यै माया गरेको छ । मायाका पराकाष्ठाहरूमा पुगेर पनि उनीहरू साँच्चै रमाउनचाहिँ सकेका थिएनन् । निर्धक्क मायाको स्वरूप भोग्नका लागि सामाजिक मान्यताको अनिवार्यता बुझेर नै उनीहरू विवाह गर्न गइरहेका थिए । बिहेको बाजा सुन्नासाथ संरचना सुलभबाट विवाहपछि प्राप्त गर्न सकिने सम्पूर्ण आनन्दको कल्पनामा डुबेर रमाइरहेकी थिई ।

- 'मैले व्यर्थै हतारिएर उसलाई भगाएछु । त्यस बेला अरुन्धतीको रूप र बैँसको अघिल्तिर मैले सारा संसार व्यर्थ देखेँ । साँच्चै यसरी बाजा बजाएर एउटी अपरिचित युवतीसँग बिहा गरेपछिको समय कति रोमाञ्चक हुँदो हो !' जन्तीमा आएको आकारले सोचिरहेको थियो । 'कुखुरे बैँसमा गरेको निर्णय जीवनपर्यन्त भोग्न कठिन हुने रहेछ । अहिले विचार गर्छु, मैले के भनेर अरुन्धतीलाई रुचाएँ, ऊ भनेपछि हुरुक्क भएछु । मेरो र अरुन्धतीको मेल खाने कुनै एउटा बिन्दुसम्म पनि फेला पार्न सकिरहेको छैन म । तर कसरी हो जीवन बितेछ । अहिले यौवनको सिँढी उक्लिरहेका आफैँले जन्माएका छोराछोरी हेर्दा अचम्म लाग्छ ।' कहिलेकाहीँ जीवन घाटाको अग्रिम सम्झौताजस्तो लाग्ने गर्छ उसलाई । बिहेको बाजा सुन्नासाथ एक किसिमको पश्चात्ताप हुने गर्छ आकारलाई । बिहेको बाजा सुनिरहूँ जस्तो लागे पनि यस बेला उसको मन भने कसोकसो नरमाइलोनरमाइलो गरी छटपटाइरहेको थियो ।

- 'त्यस बेला उनी पनि बालखै थिए ।' चाउरी परेको अनुहार र सेताम्मे कपाल भएकी काइँली आमाले आफ्ना दिवङ्गत पतिलाई सम्झन पुगिन् । 'साँच्चै त्यस्तो पनि बिहा हुन्थ्यो, पन्चैबाजा आँगनमा आइपुग्दा पनि कसको बिहा होला भनेर

बाजा हेर्न आँगनमा म पुगेकी थिएँ । त्यति नै बेला ठूल्दाजुले बोकेर माथ्लो कोठामा पुऱ्याउनुभएको थियो । मेरै बिहे पो रहेछ । सपनाजस्तै, हो कि हैन । मैतालु पठाएर घर पुग्दा त राक्षसनीजस्तै सासू, चण्डालिनीजस्ता आमाजूहरू । ओहो ! कस्तो सासना भोगियो । लोग्नेको मुख त राम्ररी चिनेको पनि काइँलो छोराको पालामा मात्रै । त्यही पनि घर खान सकिन भनेर सौता पनि हाल्दिए । खोइ, हाम्रो पालामा बिहा पनि कस्तोकस्तो ! आजकलका बेहुलाबेहुली देख्ता अचम्म लाग्छ । लाजसरम पटक्कै छैन ।'

बरन्डाको एक छेउमा उभिएकी काइँली आमाले ओठ लेब्र्याउँदै सरसरती चारैतिरको वातावरण हेरिन् । 'एउटा बाजा त मेरै बिहेको जस्तो रैछ ।' उनले बाल्यावस्थामा आफ्नो बिहेका दिन पहिरेका रङ्गीन कपडा र ऊरिफुट्ट गहना सम्झिइन् । त्यस बेला गहना र कपडा हेरेर आफू रमाएको कुरा पनि उनको सम्झनामा आइरह्यो ।

'केटी आमाले नै मन पराउनुभएको थियो' सन्तुलनले सम्झन खोज्यो । दाजुले आफैँले छानेकी केटी बिहा गरेपछि घरमा भएको दिनरातको रडाको देखी वाक्क भएर सन्तुलनले चाहिँ आफूले केटी खोजेर बिहे नगर्ने निर्णय गरेको थियो । तर बिहेपछि एक महिना पनि राम्ररी बितेको थिएन, आमा र सुप्रभाबीच क्रमशः वाक्युद्ध सुरु भएको थियो । सन्तुलनले विधवा आमा वा पत्नी रोज्नुपर्नेसमेत परिस्थिति आइपुग्यो । आमाकै निर्देशनमा ऊ आमाबाट पनि अलग भएको थियो । तर सुप्रभाले सन्तुलनलाई त्यहीँसम्म मात्र पुऱ्याएकी थिइन, दुई छोराहरू जन्माइसकेपछि सन्तुलनकै सहकर्मीसँग दोस्रो बिहा गरेर सुप्रभाले सन्तुलनलाई असन्तुलित तुल्याएकी थिई । त्यसपछि उसले पनि रश्मिलाई दियोकलश पुजेर भित्र्याएको

थियो । तर अहिले पनि रश्मिका आँखामा बेलाबखत देखा पर्ने ऊप्रतिको प्रश्नात्मक भावपरिवेशका कारण सन्तुलन पीडाले रनथनिने गर्छ । 'साँच्चै मैले सुप्रभालाई के कुरामा कमी गरेको थिएँ र ! अहिले उसले बिहा गरेको मान्छे कुनै कुरामा पनि मभन्दा योग्य भएजस्तो मलाई लाग्दैन ।' यो बिहाको बाजा सुनिरहँदा सन्तुलनलाई सुप्रभासँग बिताएका मधुर दिनहरू र सुप्रभाले दिएको धोका एकै चोटि सम्झना भएर आयो । अब उसको मन अमिलो भएको थियो ।

- त्यसपछि बिहेको बाजा अचानक बन्द भएको थियो । यस बेला बाजावालहरूको खानपानको समय भएको रहेछ ।

• **दोस्रो सत्ता** (कथासङ्ग्रह) : २०६२

# एउटा रोज है गीता !

**भूमिका**

गीता ! तिमीले मलाई धेरै पटक तिम्रो 'अस्तिता' पत्रिकाका लागि कथा चाहियो भनेर २०६४–६५ सालतिर मलाई भनेकी थियौ (तर त्यो पत्रिका तिमीले प्रकाशितै नगर्नाले मेरो यो कथा पनि अप्रकाशित अवस्थामै रहन गएछ) । २०६१ सालमा मोमिलाका आग्रहमा 'कलाश्री'का लागि कथा भनेपछि मेरो कथाकार फेरि सुतेको थियो । अनुरोधको, आग्रहको अपेक्षा गर्दो रहेछ मेरो कथाकार । नत्र सुतिरहन्छ । विगतमा पनि त्यस्तो भएको छ । कसैले सुमसुम्याएर उठाएपछि, म्वाइँ खाएर झकझक्याएपछि मात्र यो उठ्छ । यसलाई मायाले मात्र उठाउन सकिन्छ, झर्कोफर्को हप्कीदप्की गऱ्यो भने त यो झन् गुटुमुटु भएर सुतिदिन्छ । त्यस्तो पो छ त मेरो कथाकार । हिजोआज त झन् यस्तो भूखण्ड गर्मीमा पनि मेरो कथाकार जाडो महिनामा सिरक ओडेर मज्जाले सुतेजसरी पो सुतेको छ । त्यसो त त्यसलाई उठाउन पनि मलाई मन लाग्दैन । 'मैले किन लेख्ने कथा ? कसका लागि लेख्नु मैले कथा ?' उसले प्रश्न गऱ्यो भने म उसको चित्त बुझाउने गरी जबाफ दिन पनि सक्तिनँ । त्यसैले पनि चकचके बच्चा सुतेपछि आमाले चैन मानेर ढल्केजस्तै म पनि बरु चैन नै मनाइदिन्छु । त्यसैले उसले भन्दैन कथा, अनि म पनि लेख्दिनँ कथा ।

अझ थाहा छ गीता ! एक पटक ऊ बिउँझिएको बेला मैले उसलाई सम्झाएथेँ– 'हेर यसरी सुतिनराख, तैँले कथा भनिस् भने पो

मेरो पनि अस्तित्व रहन्छ, कुनै पनि मानिससँग समय कति छ भनेर कसैले भन्न सक्तैन, विलम्ब गर्नु ठीक छैन, आलस्य लिनु ठीक छैन', आदि इत्यादि मैले जानेजति पाण्डित्य उसका अघि छाँटें । त्यसपछि आफूले राम्रैसँग उसलाई सम्झाएँ भन्ठानेर म आफूचाहिँ आत्मगर्वले फुल्दै उसका अनुहारमा मेरा कुराहरूको स्विकारोक्तिका भाव खोज्न थालें । तर त्यहाँ त मेरा कुराले उत्प्रेरित भावका साटो झनै विरक्तिका भावहरू पो थपिएर देखा परे । आफूले जानेसम्मका शब्दभण्डार खर्च गरेर उसलाई क्रियाशील तुल्याउने मेरो प्रयत्न खेर गएकोमा मलाई पनि हुनसम्मको विषादले छोप्यो । निकै बेर मौन रहेर त्यसले मसँग त्यस बेला गन्थन पनि गरेथ्यो– 'हिजोआज कथा पनि केको पो लेख्छौ ? कसको पो लेख्छौ ? कति पो लेख्छौ ? जतातते कथाहरू छ्याल्लब्याल्ल छन् । लेख्नका लागि लेखेर मूल्यवान् कागज नाश पारेको पनि मलाई मन पर्दैन । अनि कुरा पनि के लेख्छौ ? रामायणजस्तो आदर्शवादी कुरा अब काम लाग्दैन । महाभारतको उदात्तता पनि हाम्रो समाजले पचाउनै सक्तैन । वेद, उपनिषद् लेख्न तिम्रो क्षमताले भ्याउँदैन अनि अब अर्को वेद, उपनिषद्‌को खाँचो पनि कसलाई पो छ र ? भएकै वेद, उपनिषद् नै कतिले पढेका छन् ? पढ्नेले कति बुझेका छन् ? र बुझेर पनि व्यवहारमा कतिले लागू गरेका छन् ? अनि पुराणकै कारण अपभ्रंश भएको यो समाजलाई पुराण लेखेर अरू कति थिलथिल्याउँछौ ? त्यसैले तिमीले मेरा कुरा बुझ न ! तिमीलाई म अरू के लेखाऊँ ? लेखिइसकेका थोत्रा पुराना कुरा लेखेर तिमी आत्मरतिमा कति रमाउँछौ ? अथवा जे पायो त्यही लेखेर लेखकीय दम्भले भरिँदै मुस्कुराउँछौ ?' मैले त्यस बेला उसलाई केही जबाफ फर्काउन सकिनँ गीता ! तिमी विश्वास गर्छ्यौ, त्यसपछिका दिनरात मैले छटपटाएर बिताएँ । ऊ भने मस्त निदाइरह्यो, एकनास निदाइरह्यो । म के गर्न सक्थेँ र ! कथाकार निदाएको दृश्य टुलुटुलु हेर्नुसिवाय ।

यो समय त्यसैले मेरा लागि चाहिँ मौन भएर बित्यो । आफू जति नै उथलपुथलिए पनि निकास नभएको पोखरी नियतिसँगको सामीप्यतामा पोखरीकै पीडानुभूतिमा बाँचिरहेँ म । ...र बाँच्नुको अर्थ खोजिरहेँ म ।

त्यसैले कथा नलेखेको र लेख्ने सोचाइ पनि नबनाएको धेरै भयो गीता !

तर त्यति बेला अचानक तिमीसँग निकै लामो समयपछि भेट भएको थियो । यो भेट दोहोरियो र तेहरियो पनि । यस्ता भेटहरूमा तिमीले जबजब आग्रह गऱ्यौ, मैले तिमीलाई अरूलाई जस्तै पन्साउन खोजेकी थिएँ । तर तिम्रा सामुन्ने तिमीलाई पन्साएर तिमीबाट टाढिए पनि मेरा स्मृतिमा 'सेभ' तिम्रो आकृतिले मलाई सताउन थाल्थ्यो । त्यसैले मैले आफूले 'सेभ' गरेको तिम्रो त्यो आकृतिको पत्रपत्र केलाउने उपक्रम नगरी हुँदै भएन । माफ गर गीता ! मानिस भन्ने जन्तुबाट मैले यति धेरै धोका खाइसकेकी छु कि म यो जन्तुलाई सितिमिति विश्वास गर्नै सक्तिनँ । यो जन्तुजस्तो बहुरूपीया जन्तु मैले अर्को देखेको पनि छैन । अहिले भर्खर एउटा रूपमा देखिएको यो जन्तु आफ्नो अनुकूलअनुरूप तुरुन्तै रूप परिवर्तन गर्न छेपारोभन्दा पनि खप्पिस हुँदो रहेछ । एकैछिन अघि मात्र एउटा रूपमा देखिएको यो जन्तु एकै पलमा अर्कै भइसकेको हुन्छ । फेरि यसमा हुने विकृतिको पनि सीमा नै छैन । कुनचाहिँ कुरो हुँदैन यसमा ? त्यसैले गीता म हिजोआज मानिस भन्ने जन्तुसँग सङ्गत नै गर्न चाहन्नँ । सङ्गत गरिहाले पनि यसलाई विश्वास गर्न चाहन्नँ । त्यसैले गीता ! मैले तिमीले थाहै नपाई 'सेभ' गरेको तिम्रो आकृतिलाई केस्राकेस्रा गरेर केलाउनुपरेको हो । तर एउटा गुठी कुरो भनूँ गीता ! यो जन्तुलाई छोटकरीमा केलाएर विश्वासको ससानो पहिचान गर्न पनि सकिन्छ । यसका लागि यसका आँखा मात्रै जाँच्न सकियो भने पनि यसको केही सत्यतथ्यचाहिँ सामुन्ने आउँछ । यो

कुरा मेरा अनुसन्धानले प्रमाणित भइसकेको तथ्य हो । त्यसैले मैले 'सेभ' गरेको तिम्रो आकृतिबाट छुट्टचाएर तिम्रा आँखाका रेसारेसाहरूलाई केलाएर हेरेँ । मैले तिम्रा आँखामा छल देखिनँ, आडम्बर पनि देखिनँ, त्यहाँ औपचारिकता पनि थिएन । तिम्रा आँखामा त मायाका रसिला छालहरू सलबलाइरहेका थिए, आखिर म पनि त यही मानिस भनिने जन्तुभित्र त पर्छु नि गीता ! तिमीलाई थाहा छ ! त्यस्तो मानिस भन्ने जन्तुमध्ये एक थरी स्वार्थ, धोका र प्रपञ्चको जाल थाप्छ र त्यही जन्तुमध्येको अर्का थरी भने पटकपटक त्यही जालको आकर्षणमा पर्छ । सायद त्यस्तै केही भएको पो हो कि, म त तिम्रो जालमा परेँ नि गीता ! तिम्रो सुमुग्ध भावभङ्गिमाले मलाई तिम्रो आग्रह स्विकार गर्न विवश पनि पारिसकेछ । तिमीसामु हुन्जेल मैले यो कुरा पटक्कै बुझेकी थिइनँ, बुझ्यौ गीता ! तिमीसँग बिदा भएपछि मात्रै मैले म स्वयम् तिम्रो स्नेहतालमा डुबेको अनुभूति गरेँ ।

त्यसैले गीता ! मैले तिम्रै अनुरोध पूरा गर्ने लक्ष्य लिएर मेरो कथाकारलाई जगाउन थालेँ । निकै गाह्रो पर्‍यो त्यसलाई जगाउन । साँच्चै निदाएकालाई जगाउन सकिन्छ तर निदाएको बहाना गर्नेलाई जगाउन सकिँदैन भन्ने उक्तिको सार्थकता मेरा अघि देखा पर्‍यो । मेरो कथाकार पनि निदाउँदो रहेनछ, ऊ त निदाएको बहाना मात्रै गर्दो रहेछ । मैले यसैपालि थाहा पाएकी हुँ । आ... हुनु न हुनामी, किन टन्टा बेहोर्नुपरेको होला मैले पनि, गीतालाई 'कथा लेख्न सक्तिनँ म' भनिसकेकै छु, किन यसलाई जगाउने उपक्रममा म बितिरहनुपर्‍यो र ? जस्तो पनि लाग्यो । तर तत्क्षण तिम्रा सामान्य आँखामा मैले पाएको मेरा लागि चाहिँ अति सुन्दर भावहरूले मलाई शान्तिले बस्नै दिएनन् । अनि मैले कथाकारलाई जगाउने प्रयत्नमा लागिरहनुबाहेकको अर्को विकल्प नै मसँग भएन ।

त्यसैले पुन:पुन: कथाकारलाई जगाउने कर्ममै मेरो केही समय बित्यो । ऊ निदाएजस्तो गर्ने र म उसलाई नजगाई नछोड्ने ।

कस्तो निरर्थक जस्तो खेल खेलेँ मैले । सत्तेसत्ते गीता मैले यसरी लगन लगाउनुमा तिम्रा आँखाका कोमल भावहरू नै कारक हुन् । नत्र म यसरी एकलव्य भएर लागिपर्ने मानिस नै होइन ।

तिमीसँग साँचो भन्दै छु, यस्तो घटना पहिलेपहिले पनि नघटेको होइन र यस्तो क्रियामा मैले सफलता पाएको पनि छैन । तर यसपल्ट चाहिँ अचम्म भयो ।

बुझ्यौ गीता ! मेरो कथाकार त उठचो । उसले मलाई मन नपराएका आँखाले हेऱ्यो । मैले उसलाई मायालु आँखाले हेरेँ । मलाई ऊसँग काम लिनुपर्नेछ, म ऊसँग रिसाएर पनि त काम चल्दैन नि । 'आफूलाई काम परेपछि कोढीको पनि पाउ मोल्नुपर्छ' कुष्ठरोग असाध्य र सरुवा रोग भएको बखत बनेको पुरानो उक्ति भर्खरै मेरै लागि बनेको नयाँ उक्तिझैँ भएको थियो । त्यसैले मैले उसको मन नपर्दो अनुहार र व्यवहार पनि सहेँ र एकनास सहिरहेँ ।

'ए कथाकार तिमीले एउटा कथा भनिदिनुपर्ने भयो ।' मैले उसलाई सुमसुम्याएर भनेँ । उसले मलाई झनै रिसले तमतमाएको अनुहार पारेर कपलक्क निलौँला जसरी हेऱ्यो ।

'हो तिमीले एउटा कथा त भन्नैपर्ने भयो । जसरी पनि भन ।' मैले पनि उसको व्यवहारसँग सरोकारै नराखी आफ्नो उद्देश्यमा अडिग भएर भनेँ । मैले उसका आँखाको भावको पनि वास्तै गरिनँ । त्यस क्षण कथाकारले पनि केही नबोली टुलुटुलु मेरा आँखामा मात्र हेरिरह्यो ।

'हो तिमीले कथा भन्नैपर्ने भयो ।' उसको मौनबाट झनै प्रोत्साहित भएर मैले उसलाई आदेश दिएँ ।

'के तिमी मसँग ठट्टा गरिरहेकी छौ ।' बल्ल कथाकारको गम्भीर आवाज आयो ।

जे होस् उसको वाक्य फुट्दा भने मैले ठूलो प्रतिशतले सफलता पाएँजस्तो मलाई लाग्यो । त्यसैले अब म अझ उत्साहित भएकी थिएँ ।

‘कथासथा भन्न सकिँदैन, अब तिमी पनि कुनै बेला कथाकार थियौ भन्ने कुरा मनमा मात्रै राख, अबको यो युग नै तिम्रो हाम्रो रहेन । यस बेलाको सामाजिक मूल्यमान्यता नै अर्कै भइसक्यो । व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्व नै तिमी हामीले देखेको, बुझेको र भोगेको भन्दा नितान्त बेग्लै भइसक्यो । कुनै बेला पुजिने देवतालाई अहिले रछ्यानमा राखेका छन् । त्यसैले अबका मानिसका लागि तिमी हामीले लेखेको कथा म्याद नाघेको औषधिजस्तै हुन्छ ।’

मेरो कथाकारका कुराहरूसँग मेरो असहमति हुने कुरा नै थिएन, तर पनि मलाई तिम्रा लागि कथा नलेखी पनि हुने थिएन नि गीता ! म अलि जिद्दीजिद्दी पनि छु नि ! आफूले अठोट गरेको काम गरिछोड्ने रोगैजस्तो पनि मलाई छ ।

‘भैगो यी सब तिम्रा उपदेश मलाई सुन्नु छैन । म अरू केही जान्दिनँ, मलाई एउटा कथा तिमीले भनिदिनै पर्छ ।’ मैले पनि आफ्नो निर्क्योल उसलाई सुनाइदिएँ ।

‘कस्तो कुरा नबुझ्ने मानिस रहेछिन यिनी, के भन्ने ? कस्तो भन्ने ? तिमीले किन मलाई असहजताको भुमरीमा पार्दै छौ ?’ उसको झिँझिएको आवाज आएको थियो ।

‘त्यो तिमीले आफैँ ठहर गर्ने कुरा हो, मैले कहिले पनि तिमीलाई यही कथा भन भनेर किटानी दिएकी छैन । आज पनि तिम्रो खुसीले जे मन लाग्छ त्यही भने हुन्छ । मलाई कथासँग मतलब छ । विषय र सुन्दरतासँग मतलब छैन ।’ मैले पनि उसलाई पाखुरामा समातेर भने ।

‘तिमीले लेखाएको कथा आजसम्म त लेख्नुपर्ने खालकै छ नि, त्यसैले पनि म ढुक्क छु ।’ पहिले मैले बोलेको वाक्यले उसको बेवास्ता गरेको ठहर्ला र उसको अहम्मा चोट पर्ला भनेर उसलाई उत्प्रेरित पार्ने मनासायले म दोहोऱ्याएर बोलेकी थिएँ ।

त्यसपछि पुन: हामीबीच मौनता छायो । कथाकार त आँखा चिम्लेर बसिरहेकै थियो, म पनि अब अहिलेलाई बोल्नु हुन्न भन्ने मानसिकतामा पुगेर चुपचाप थिएँ ।

निकै समय बित्यो । हिसाब त गरेकी थिइनँ, तर समय निकै बितेकै अनुभूति मभरि भइरह्यो । मैले पनि आफ्नो अड्डी छोड्दै छोडिनँ, 'स्त्रीहठ' भनेको पनि यही हो कि !

आखिर मेरो कथाकार हारेको अनुहार लगाएर कागजकलम समातेकी मेरा सामुन्नेमा बस्यो । ऊ त्यसरी 'मुड'मा बस्नेबित्तिकै मेरो मनको आकाशभरि सन्तुष्टिका सेता बादलहरू लहराउन थाले ।

'तिम्रो जिद्दीका कारण मैले कथा भन्ने भएँ । तर म एउटा कथा मात्रै भन्दिनँ । तिम्रो र मेरो वरिपरि छयाल्लब्याल्ल भएका कथाहरू सोरेर तिमीलाई दिन्छु । ती कथाहरूको व्याख्या विश्लेषण पनि म केही गर्दिनँ । कुनै केमिकल नमिसाइएको प्राकृतिक स्वरूपका विशुद्ध अर्थात् अर्ग्यानिक भन्छन् नि, त्यस्ता ती कथाहरू तिमी जे गर्छ्यौ गर । तर हेर अर्को पटकदेखि मलाई यसरी कथा भन्न विवश नपार है ।

त्यसपछि सधैँ झैँ मेरो कथाकार कथा भन्न थाल्यो र म खुरुखुरु लेख्न थालेँ ।

**कथा नम्बर एक : अर्थको अर्थ**

मीना कुबेत गएको पनि पूरै दुई वर्ष भइसकेछ । चार वर्षका लागि दूधे बालख छोडेर गएकी हो । छोरो राजु पनि दुई वर्ष पुगेर तीन वर्ष लागिसक्यो । आइमाईले कुबेतमा सजिलै काम पाउने कुरा राजुको बाबुले नै दलालबाट सुनेपछि लोग्नेकै सल्लाहले मीना कुबेत गएकी हो । 'छोरो पनि म राम्ररी स्याहार्छु तँ चिन्तै नगर' भनेर ढुक्क पारेको थियो गरिबीसँग हारिसकेको राजुको बाबुले । मीना गएपछिका केही दिन त मीनासँगको सम्झौताअनुरूप नै उसले छोराको स्याहार गरेको थियो । तर मीनाले पैसा पठाउन थालेपछि ऊ आफ्नै दुनियाँमा मस्त

हुन थालेको छ । कुबेतबाट पैसा आउन थालेपछि उसको धेरैजसो समय भट्टीतिरै बित्छ । भट्टीमा आउने अरू पनि धेरैजसो केटाहरूका स्वास्नीहरू उसकी मीनाजस्तै पैसा कमाउन अरब, इजरायलतिर गएका छन् । मात्तिँदै गएपछि त्यहाँ एकअर्काका स्वास्नीका बारेमा अनर्गल कुरा पनि चल्छन् । त्यस्तो बेला कहिले ऊ पनि सह मिलाउँछ भने कहिले त्यहाँ उनीहरूको झैझगडा पनि हुने गर्छ । पर्याप्त पैसा भएपछि छोरो स्याहार्न भनेर उसले एउटी कामदार केटी पनि घरमा राखेको छ । तर त्यस कामदारले राजुलाई भन्दा आफैँलाई तनमन धनले स्याहार्नु अनौठो पनि होइन । त्यसैले राजु दिनदिनै कुपोषणको सिकार हुँदै छ । आमा जिउँदो भएको टुहुरो छोरो राजुको भविष्य कस्तो होला ?

**कथा नम्बर दुई : अपेक्षाको मूल्य**

सञ्जीव बहराइन गएका छन् । सञ्जीवका बूढा बाआमा छोराले पैसा कमाएर ल्याउला र ऋण तिरौँला भनेर पाँच वर्षदेखि छोरोको बाटो हेरिरहेका छन् । सुरुसुरुमा त सञ्जीवले पैसा पनि पठायो । तर बिस्तारै पैसा पठाउने क्रम रोकिएजस्तै भएको छ । ऋण पनि तिरिसकिएको छैन । एउटा मात्र छोरो सञ्जीव फर्केर आउला, हामी मरेपछि किरिया त गर्ला भन्ने आशा छ बाआमालाई । सञ्जीवका बाआमाले पिण्डपानी दिन छोरै चाहिन्छ भनेर दसओटी छोरी जन्माएर पनि सञ्जीव एघारौँ सन्तानका रूपमा जन्मिएको हो । तर सञ्जीव कहिले फर्कन्छ सञ्जीवलाई पनि थाहा थिएन । अचानक वृद्ध पिताको मृत्यु भयो । छोरोलाई खबर पनि भयो, उसले पैसा पठाइदियो, आफूले बिदा नपाउने जानकारी गरायो । घरमा पैसा त थियो तर किरिया गर्ने छोरो आउन सकेन । आमा रोइरहेकी छन् ।

**कथा नम्बर तीन : समयको रौनक**

'कस्तो महँगी ? ढाडै सेकिइसक्यो ! घरव्यवहार चलाउन त तपाईंको तलबले पुग्दैन, अरू मलाई चाहिएका कुराको त कुरै नगरौँ ! पल्लो घरको मदनदेव खरदार होइन, उसको त आम्दानी

धूमधाम छ जस्तो छ नि ! अनि तपाईं हाकिम भएर पनि किन यस्तो सधैँको टिमटिम ?' सधैँको अभावबाट दिक्क भएर स्वास्नीले लोग्नेलाई टोकसेकी थिई । 'म ऊजस्तो हुन सक्दिनँ, बेइमानीको कमाइ मलाई पच्दैन, मेरो सीमित आम्दानीबाट जति पुग्छ त्यति नै पुऱ्याएर खर्च गर्, बुझिस् । अरू मलाई थाहा छैन ।' लोग्नेचाहिँले निकै अमिलो मुख लाएर स्वास्नीलाई हपारेको थियो ।

केही दिनपछि स्वास्नीचाहिँलाई छिमेकी खरदारको गाडीमा रानीवनतिर जाँदै गरेको देखिएको थियो ।

**कथा नम्बर चार : चाहनाको औचित्य**

'चियर्स !' सबैले चियर्स गरेपछि सुकन्याको बैठक गुञ्जायमान भयो । एकसे एक पहिरन र गहनाधारी तरुनी सुन्दरीहरूको जमघट थियो त्यहाँ आज । 'आज हामी मात्रै ? खोइ, अरू को छ त ?' सुनीताले प्यासा आँखाले चारैतिर नियाली । 'आउँछ, आज अर्कै आउँछ, म तिमीहरूको इच्छा पूरा नगरौँला र ?' सुकन्याले सबै तरुनीका आँखामा छचल्किएको प्यास चाखेर भनी । सबैका लोग्नेहरू पैसा कमाउन विदेश गएका थिए । कसैका लोग्ने बिहे गरेपछि मधुमास पनि राम्ररी नमनाई हिँडेका थिए । कसैका लोग्ने एउटा सन्तान भुइँमा झर्दानझर्दै हिँडेका थिए । मीठो स्वादसँग परिचय गर्दानगर्दै थाल खोसिएका भोका आइमाईहरूलाई विदेशबाट लोग्नेको कमाइ राम्ररी आउँथ्यो । पैसा सबै थोक भएर पनि लोग्नेको पर्याय हुँदैनथ्यो । तर सुकन्याको परिपाठका कारण अब लोग्नेले नै पठाएको पैसाले लोग्नेको आवश्यकता पूर्ति गर्ने उपक्रमले पनि गति लिँदै थियो ।

**कथा नम्बर पाँच : वर्तमानमा जीवन**

बिहे गरेको चार वर्षसम्म पनि सुन्तलीको कोख भरिएन । अब अति भयो भनेर घर र गाउँ सबैतिर कुरा काट्न पनि सुरु भइसकेको थियो । लोग्ने, सासू र ससुरासमेत सुन्तलीको पछिल्तिर खासखुसखासखुस गर्न थालिसकेका थिए ।

एक पटक डाक्टर देखाउने सल्लाह भयो र केही औषधिपानीपछि गर्भ रह्यो, छोरै जन्मियो । साउनको पानी बढेझैँ छोरो बढ्यो, उनीहरूको अर्को सन्तान जन्मेन पनि । एउटै सूर्य काफी छ भन्ठानेर परिवारमा पनि चित्त बुझेकै थियो । अचानक एक दिन त्यही सोह्रबर्से छोरो अज्ञात बन्धुकधारीको गोलीको सिकार भयो ।

**मध्यान्तर**

… … … … … …

… … … … … …

मैले लेखिरहेको बेला अचानक कथाकारको आवाज बन्द भयो । मैले कथाकारलाई हेरेँ, ऊ त चुप लागेर मलाई पो हेरिरहेको रहेछ । मैले उसलाई 'किन कथा नभनेको ?' भन्ने मौन प्रश्न गरेँ ।

'कति ओटा कथा चाहियो तिमीलाई ? पुगेन भन्याँ ? यस्ता कथाहरू त जताततै छ्याल्लब्याल्ल छन् । टिप्नु मात्रै पर्छ । भो अब ।'

उसले केही झर्केको भाकामा भन्यो ।

'यतिले काँ पुग्छ भन्याँ, अल्छी नगर न अझै केही कथाहरू भनन्' मैले पुनः आग्रह गरेँ ।

उसले केही अल्छी नै गरेर लामो हाइ काड्यो र आँखा चिम्ल्यो । अब उसले केही कथा भन्छ । म पनि टिपोटका लागि अग्रसर भएँ ।

**कथा नम्बर छ : सहादत**

जनयुद्ध समाप्त भयो । दिन नभनी रात नभनी के गरिएन । लुटपाट गरिएन कि, हत्या गरिएन कि, भोकप्याससँग लडिएन कि ! जे पनि गरियो नवबिहानी आउँछ भनेर गरियो । जे होस् सोचेजस्तै शान्तिवार्ता पनि भयो । अब सपनाहरू साँचो हुने भए । लोकनाथ काठमाडौँ गएको पनि निकै दिन भयो । कसोकसो विमलाले जङ्गलमै

पेट बोकेकी थिई । तै लोकनाथले पेट स्विकारेकाले ठूलो समस्या परेन । कमान्डरले पनि दुवैलाई जोडी नै मानिदियो । हुन त कमान्डरलाई पनि विमलाले खुसी राखेकी नै थिई । विमलाले धन्न जङ्गलमा सुत्केरी हुनु पनि परेन । शत्रुको आक्रमणको खबर आएकाले त्यस बेला कमरेड शान्तिले जङ्गलमा सुत्केरी भएकै दिन रगत चुहाउँदै त्यहाँबाट सुदूर पूर्वको डाँडो नाघ्नुपरेको थियो । कमरेड शान्तिकै हाल हुने भयो भनेर यो बच्चो पेटमा आएपछि गिराउन पनि विमलाले कति खोजेकी हो तर केही लागेन । 'तर अब शान्तिवार्ता भएको छ । यो पेटको बच्चो भाग्यमानी छ जस्तो छ । लोकनाथले केही त काम पक्कै पाउँछन् । सुत्केरीमा भोकै बस्नुपर्ने छैन ।' विमलाले शान्तिको सुस्केरा तानी । 'घर फर्किन केही ढिलो हुन्छ, अहिले पार्टीले खटाएको एउटा अपरेसनमा जाँदै छु, उताबाट फर्केपछि कमान्डरले आम्दानी हुने काम मिलाइदिने भएका छन् । काम पाउनासाथ तिमीलाई पनि बोलाउँछु, चिन्ता नगर्नु ।' त्यस दिन लोकनाथले काठमाडौँबाट फोन गरेको थियो ।

पार्टीले लोकनाथलाई तराईमा खटाएको रहेछ । हिजो मात्रै गाउँभरि समाचार फैलियो, रौतहटको घटनामा कमरेड लोकनाथले सहादत प्राप्त गरे ।

**कथा नम्बर सात : प्राणऔचित्य**

कालीमाटीबाट पचास रुपियाँको कागती र पच्चिस रुपियाँको साग किनेर साँझपख जमलको सडककिनारामा थापेपछि उसका हातमा साउँ छुट्टचाएर पचास रुपियाँ परेको हो । उसले बेलुकीको छाकका लागि बीस रुपियाँको चामल र दस रुपियाँको मटितेल किनी, भोलि कालीमाटी जान आउन माइक्रोबसको भाडा बीस रुपियाँ पनि छुट्टचाएपछि बाँकी पचहत्तर रुपियाँ साउँ चोखै छँदै थियो ।

'जे होस् पानी परेन भने भोलि बेलुकीको छाक पनि कमाउँला ।'

ऊ ढुक्क भएर भात पकाउन थाली । सधैँ झैँ मातेको लोग्ने छिँडीको कोठामा पस्यो । अभ्यस्त भए पनि नाकमा ठ्वाँस्स गनायो । 'ए राँडी ! खोइ, पैसा ले...' एकैछिन भनाभन..., एकैछिनपछि हानाहान..., एकैछिनपछि कोलाहल... आइमाई स्वरको चिच्च्याहट '...राँडीका छोरोले सबै पैसा लग्यो, अब भोलि केले कमाउनु ...' भोलिको छाक केले टार्ने ?

...भोलिको भोक जागेर ऊ आजैदेखि रोइरहेकी थिई ।

**कथा नम्बर आठ : सेरोफेरोमा विश्वास**

'अहिले हामीले भनेअनुसार मात्रै गर, हाम्रो सरकार आएपछि तिम्रा पनि दिन आउलान् ।'

नेताजीले भनेका थिए, बारम्बार भनेका थिए । उसकै झुपडीमा आएर पिँडीमा बसेर उसकै ठुटो बिँडी तानेर भनेका कुरा पनि उसले नपत्याउने कुरै भएन नि ।

'त्यत्रो ठूलो नेता... ! बाबै हाम्रा घरकरेसाँ आउनु भनेकै हाम्रो भाग्य उदाउने सङ्केत हो बुझिस् !' स्वास्नीलाई उसले परिपाठ लाउँदै भनेको थियो । '...जे नि पाकेको छ भातभान्सा लोभ नगरी उनको पनि भाग लगा, हेर्, पछि उनकै शरणाँ जाने हो हामी पनि..., बरा कति दिनदेखि पुलिसले लखेटेर हैरान भा छन् ।'

अनि उसले पनि गर्नुनगर्नु जे पनि नेताजीकै हिसाबमा गऱ्यो । आफ्ना आँखाले पनि हेरेन, स्वविवेक पनि चाल पाएन, गाउँछिमेकी पनि भनेन, पापधर्म पनि भनेन ।

'त्यस्तो देउताजस्तो नेताजीले भनेका कुरा जगत्कै भलोका लागि भनेका हुन्, मेरै भलोका लागि भनेका हुन् ।'

उसले यसबाहेक केही ठहऱ्याएन ।

नभन्दै नेताजीले भनेजस्तै भयो, दिन फिऱ्यो नेताजीको । उनी हेर्दाहेर्दै चिल्ला ठूला गाडीमा चढ्ने भए । उसका पनि भुइँमा खुट्टा थिएनन् ।

'... अब गरिबको पनि दिन फिर्छ... ।'

त्यसपछिको उसको ठहर थियो ।

अहिले नेताजीलाई भेट्न काठमाडौँ धाउँदाधाउँदा उसलाई ऋण पनि लागेको छ । कसै गरे पनि नेताजीसँग उसले भेट गर्ने पाएन । गाउँलेलाई गर्नु नगर्नु गरेकाले उसको बास पनि गाउँबाट उठिसकेको छ । तर नेताजीसँग भेट गर्न पनि उसले पाएन । नेताजीको झलक उनी गाडीमा चढेका बेला एकदुईपल्ट मात्रै देखेको हो ।

'कस्तो अर्कै देखिएका... मोटाएर गालाबाट रगत चुहिएला जस्तो... । पोसाक पनि सफा चिटिक्क, आर्कै मानिसजस्तो... ।'

टाढैबाट देखिएका नेताजीबारे उसले गुनेको थियो ।

'नेताजीलाई फुर्सतै छैन...'

ऊ आफ्नो जीर्ण हुँदै गएको तनमन सम्झेर दिक्क भएको थियो । तर नेताजीसँग अहँ उसको भेट हुन सकेन ।

... सरकार भर्खरै ढलेको खबर रेडियोमा आएको थियो । अब नेताजीलाई फुर्सत हुन्छ । पार्टी प्रतिबन्धित भयो रे ! अब फेरि नेताजी पनि अन्डरग्राउन्ड ।

**कथा नम्बर नौ : महत्ता र परिवार**

'मेरो बाँकी भाडा पनि तिर र मेरो कोठा पनि छोडिहाल नत्र भने म अब पुलिस नै बोलाउँछु, ...तिमीहरू लाजसरम नभएका साह्रै टीठ मानिस रहेछौ... ।'

भर्खरै फेरि पनि घरपतिले नानावली भनेर गयो । किन नभनोस्... भाडा नतिरेको पनि तीन महिना भइसक्यो ।

'...के गर्ने होला, अब त यसले छोड्दैनजस्तो छ ।' होसमै भएकाले लोग्नेचाहिँले भन्यो ।

'...मैले सकुन्जेल गाह्रोसाँगुरो टारेकै हो, अब आफैँ ढलेँ ।' रुग्ण स्वास्नीको मसिनो आवाज आयो ।

'...तिमीले पनि त यसो काम गरेको पैसा जोगाए हुन्थ्यो नि, आफूले कमाएको जति रक्सी घिच्तै ठिक्क छ ! मेरो मासु हुन्जेल खायौ, अब जेठी छोरीको मासु खान थालेका छौ, कहिलेसम्म खान्छौ, त्यसलाई पनि कहिलेदेखि..., मजस्तै थलिन्छे होली... !' स्वास्नी सुँक्कसुँक्क गर्न थाली ।

'बढ्ता बोल्छेस् हैजेराँड, तेरो बाबुको किरिया खाको छु र...'

लोग्नेचाहिँ फत्फताउँदै हिँडचो ।

'...काम गरेको पैसा मात्रै घरमा दिए पनि त हुन्थ्यो नि तर के गर्नु र... बजिया अब टन्न धोकेर आधा रातमा मात्रै आउँछ ।'

बिहानको दस बज्न लागेको छ, जेठी छोरी सुतिरहेकी छे । सधैँ यस्तै हो, बरी राति कतिखेर आउँछे, गलेको शरीर कसरी उठोस् पनि, फेरि भरे नहिँडे केले व्यवहार चलाउने । निदाएकी तरुनी छोरीको दिनदिन अस्ताउँदै गएको अनुहार हेरेर खुइय्य काढ्नबाहेक उसले गर्न सक्ने केही छैन । सानी छोरी पनि हिजोआज साँझ निक्कै छिप्पेपछि घर आउन थालेकी छे । उसका पनि नक्कल गर्ने सामान र लुगाफाटा नयाँनयाँ देखिन्छन् । मनमनै अडकल काट्नुसिवाय उसले के नै गरोस् । छोरो त मोरो भइगयो । यस बेलासम्म उठेको छैन । त्यत्रो ज्यान भए पनि केही काम गर्दैन, दिदीचाहिँसँग झगडा गरेर पैसा माग्छ । हिजोआज के खान्छ कुन्नि !

भात जति राखिदिए पनि पुगेन भनेर झगडा गर्छ । कस्ताकस्ता अनपामरिका केटाहरू उसलाई बोलाउन आउँछन्, कपाल पनि कहिले रातो, कहिले खैरो उफ्... छोरोको बहुरूपीया रूपले उसलाई खलखली पसिना आउँछ । आफ्नै छोरो कस्तो डरलाग्दो भएको हो !

**उपसंहार**

...

...

पुन: कथाकार चुप लाग्यो । मैले लेखनी अडचाएर उसलाई हेरेँ, ऊ त मुखमा बुझो लगाएर ढल्किसकेछ ।

'ए कथाकार तिमी किन सुतेको ! उठ त, कथा सकिएको छैन, उठ !'

मैले केही आदेशात्मक स्वरमा उसलाई उठाउन खोजेकी थिएँ ।

'ल भैगो अब मलाई कचकच नगर । यत्तिका कथा भन्दा पनि तिमीलाई पुगेन । प्रत्येक कथामा तिमी आफैँ फूलबुट्टा हालेर ठूलो पार न एउटा कथासङग्रह नै भइसकेको छ त ! अब तिमी मलाई व्यर्थ उठाउने काम नगर, यस्ता कथाहरू मसँग जत्ति पनि छन् तर आजचाहिँ म अरू कुनै कथा भन्ने छैन ।'

यति भनिसक्नासाथ ऊ त साँच्चै मपट्टि पिठ्यूँ फर्काएर पो सुत्यो । नभन्दै ऊ त एकैछिनमा मस्त निद्रामा पुगेर घुर्न पनि थाल्यो ।

ल भन त गीता ! अब म के गरौँ ! मलाई यी कथाहरूको व्याख्या गर्न मन लागेन । त्यसैले तिमीलाई यी कथाहरू जस्ताको तस्तै दिँदै छु । ...र तिमीसँग मेरो एउटा अनुरोध पनि छ । के तिमी यी कथामध्ये कुनै एउटा कथा मात्रै रोजेर व्याख्याविश्लेषण गर्दिन्छचौ र बाँकी रहेका कथाहरूचाहिँ मलाई नै फिर्ता गर्दिन्छचौ गीता !

# झ्ल्याँस्स

**भूमिका**

छताछुल्ल भएर वातावरणभरि कथैकथा पोखिएका छन् । मलाई टिप, मलाई... मलाई... मलाई... । हरेक छरपस्ट कथाले समातेर हैरानहैरानै भएकी छु म । सबै एकसे एक कथा छन् ! कसलाई समातूँ कसलाई छोडौँ ? मैसँग उत्तर छैन । न्याय छैन । तर एउटा कथाले छोडेन, टाँसियो । मैले नटिपे पनि मेरा अक्षरमा आएर टचाप्पै टाँसियो यो कथा । अब म के गरौँ ?

•

**मध्य कथा** : श्रीमान्श्रीमतीको भेटका लागि पनि 'एप्वाइन्टमेन्ट' लिनुपर्ने भएको थियो ।

•

**अघिल्लो कथा** : उसले तन्नम परिवारमा जन्मिनुको पीडा भोग्नु भोग्यो । तन्नेरी हुँदानहुँदै गाउँकै अर्की तन्नमै भगायो ।

•

**विशेष घटना**

यत्तिकैमा देशमा जनयुद्धको गाइँगुइँ हुन थाल्यो । नेताहरू कार्यकर्ताको खोजीमा थिए । बेरोजगार थिए उनीहरू । जोईपोइ नै कार्यकर्ता बने । बमबारुद पनि बोके । लोग्नेस्वास्नीले ज्यानकै बाजी

लगाएकै हुन् । पार्टीको आदेशअनुरूप कैयौँको ज्यान पनि लिएकै हुन् । आखिर रक्तरञ्जित थियो जनयुद्ध । मार्ने वा मर्ने । लुटपाट मच्चाउने । विध्वंस गर्ने, गराउने । सकेसम्म नष्ट र भ्रष्ट पार्ने । जनयुद्धको नीति नै यही थियो । यति गरेपछि परिवर्तन सम्भव छ भनिएको थियो । जनताको जीवनस्तर उकासिने मन्त्र यही थियो । उनीहरूलाई पार्टी हाई कमान्डबाट यही घोकाइएको थियो । सपना देखाइएको थियो । त्यसैले उनीहरूले पनि तन, मन र वचनले यही पालना गरेका हुन् ।

त्यसपछि परिवर्तन पनि भएकै हो ।

जे होस्, उनीहरू जोईपोइले नै सहिद पनि हुनु परेन । बेपत्ता पनि हुनु परेन । छोराछोरी हुर्काउँदाहुर्काउँदै मर्ने र मार्ने खेल पनि सकिएको थियो । उनीहरू सुरक्षित अवतरण गर्न पाउने भाग्यमानी दम्पती र डाहालाग्दा परिवार भएका थिए ।

दस कक्षा पढेको टाठोबाठो केटो ऊ नेताको झोला बोक्दाबोक्दै पार्टीको खास नेता बनेकै हो ।

•

**पछिल्लो कथा**

छोराछोरी विदेश हान्निए । काठमाडौँमा आलिसान महल । नोकर चाकर । ओहो ! हिजो तन्नम बितेको दिन सम्झँदा आज विश्वासै नलाग्ने !

हिजो सपना थियो कि आज सपना हो ?

स्वास्नीका लुगाफाटा, गरगहना ! लोग्नेका टाईसुटबुट, घडी कतिकति ! बेहिसाब !

ग्यारेजमा लोग्नेको छुट्टै कार, स्वास्नीको छुट्टै । नोकरचाकरका लागि छुट्टै ।

कतिओटा बैङ्कमा सेयरहोल्डर हो ? कतिओटा बैङ्कमा ब्यालेन्स ? उसलाई थाहा छैन । कारण, सम्पत्तिको कारोबारजति स्वास्नीले गर्छे । रुपियाँपैसाको, लेनदेनको भाषामा ऊभन्दा स्वास्नी धेरै पारख । त्यसैले कति ओटा सहकारीमा उसको लगानी छ ? बोर्डिङ स्कुल, कोलोनी, अपार्टमेन्ट, काठमाडौँवरिपरिका डाँडापाखामा जग्गाजमिन ? छन् त अथाह नै छ, तर कति छ र कहाँ छ ? उसलाई केही थाहा छैन । उसका पर्सका भित्तामा एटिएमका लस्कर छन् । उसलाई यत्ति थाहा छ । जति खर्च गरे पनि पैसा जाबोको के अर्थ छ र ? तर खर्च पनि कता गर्नु ? गरौँ न त भन्दा मन लाग्ने ठाउँ नै थिएन । आफ्नै मन न हो ।

परोपकार गर्नेतिर मन जाँदै गएन ।

•

यति भए पनि :

•

लोग्ने कुन बेला घरमा !

•

स्वास्नी कुन बेला घरमा !

•

दुवैलाई थाहा छैन ।

•

त्यस रात पनि स्वास्नी त्यही बिछ्यौनामा कुन बेला आएर सुती ? अरू रातझैँ उसले थाहै पाएन ।

•

'अलि बेलैमा घर आइज् न, बूढी ! कति दिन भयो तेरो अनुहारै नदेखेको पनि...'

बिहान सँगै बसेर चिया खाँदै गर्दा लोग्नेचाहिँले स्वास्नीलाई मायालु आँखाले हेर्दै भनेको थियो ।

'के कुरा गर्छौ हौ तिमी पनि बूढा, म मिटिङ सकेर फर्किंदा ढिलो भइहाल्छ । तिमी पनि त मिटिङ हुँदा रातैभर बाहिर बस्छौ त ।'

स्वास्नीचाहिँले अलि गम्केरै जबाफ फर्काएकी थिई ।

'होइन रातिराति यसो... मलाई पनि त...' बूढोचाहिँले स्वास्नीको संसर्ग खोजेको भाव अभिव्यक्त गरेको थियो ।

'अब तिमी पनि नातिनातिनाका मालिक भएर पनि अचम्मै पो बोल्न थाल्यौ हौ बूढा मान्छे ! जवानीमा रातैभरि तिमी कता म कता हुँदा नि केही भएन, यो बूढेस्कालाँ चैँ... राति भो... हाहा... तिमी त... लोग्नेमान्छे बूढो भएपछि छिल्लिन्छ भन्थे । साँच्चै तिमी पनि बूढो पो भयौ कि के हो बूढा ?' स्वास्नीले उसलाई बोल्नै नदिई जितेकी थिई ।

ऊ सधैँजस्तै भित्रभित्रै मुरमुरियो मात्र । बाहिर केही बोलेन पनि !

•

**मनोभाव**

'ऊ भनेको पचास कटेको मान्छे, हो उसको अब बुढचौली सुरु भएकै पनि हो । तर मन किन मान्थ्यो र ? तृष्णा किन मर्थ्यो र ? सानै उमेरमा केटी भगायो । अहिले पो ससाना बच्चालाई पनि रेडियो, टेलिभिजन र स्कुलका किताब र मास्टरले पनि सबै थोक सिकाइदिन्छन् । 'अर्थोक जे गरे गर, गर्भधारणचाहिँ नगर ।' तर किशोरवयमै बिहे गरेर जोईपोइ बनेका उनीहरू दुइटैलाई परिवार नियोजनको साधन भनेको कुन चराको नाउँ हो ? त्यस बेला थाहा हुने कुरा पनि त भएन ।

त्यस्तो भएपछि आफैँ किशोरकिशोरी हुँदै छोराछोरी जन्मिनु कुन ठूलो कुरा भयो र ?

अब छोराछोरीको उमेर देखाएर, नातिनातिनाको गिन्ती गनाएर मान्छेको शारीरिक र मानसिक बैँस नाप्नु भनेको अन्याय नभएर के हो त ?'

उसको मानसमा पाक्ने खिचडी यही हो । अनि यति बेलाको सुखचैनको जीवन, आनन्ददायक बसाइ, उठाइ, मीठा र पोसिला खानपिन, चिरिच्याट्ट, सुग्घर सफाइ ! सबै परिपूर्ण भरिपूर्ण ! कहाँ पाउनु यस्तो सुख हिजोको तन्नम जीवनमा !

अझ सरकारी पदमा हुँदा त बाहिरी दुनियाँमै पनि धेरै रमाउन पाइने । विदेश भ्रमणमा पनि अझ खास गरेर बैङ्कक त उसका लागि तीर्थझैँ हुने गर्छ । अहो ! त्यहाँ बिताएको समय सम्झेर त अहिले यत्ति नै बेला उडी जाऊँ र त्यहीँ पुगौँ लाग्छ । पैसाको के मतलब र ?

'यो जिन्दगी खाइसार कि लाइसार मरेपछि लम्पसार !'

'बैङ्ककका थरीथरीका सुकिला सुन्दर कोमलाङ्गीहरूको रोमाञ्जित पार्ने सेवा ! यस बूढीलाई कसरी भनौँ ? म जवान हुँ कि बूढो हुँ त्यहीँका कोमलाङ्गीहरूलाई मात्रै थाहा छ ।'

'यसले सुइँको मात्रै पाई भने पनि बरबाद !'

'ओहो ! हुन पनि जायजेथाजति सबै यसैका नाउँमा छ, जिम्मामा छ । कसरी कता के गरी मिलाएर राखेकी छे । आफूलाई केही थाहा छैन । मलाई फुटपाथे बनाउन बेर लाउन्न । मरे पनि यसलाई त भन्नु हुन्न ।' गोप्यताको उसले अठोटै गरेको छ । गर्नै पनि पऱ्यो नि ! के गरोस् र बरा ?

'यतै काठमाडौँमा पनि एकसे एक पाइन्छन् सर, हजुरलाई कतिसम्मका र कता के बन्दोबस्त गर्नुपर्छ । म सबै मिलाउँछु ।' मन्त्री भएका बेला बैङ्ककबाट नेपाल फर्किंदाको रमाएको उसको

मनस्थिति नजिकैबाट नियालेको उसको चतुर पिएले उसलाई भनेको पनि हो ।

'हुन्न हुन्न, विदेशको कुरा बेग्लै हो । नेपालमा एकदम सतर्क है । यहाँ त अवैध छ यस्तो कर्म । अलिकति हावा चले पार्टीमै आगो लाउँछन् अनि घरबारका कुरा आउँछ । छोराबुहारी नातिनातिना भइसकेको मान्छे ।' पिएको कुरा मनमनै गुनेर ऊ मनैभित्रभित्रै पनि खुबै डराएको थियो ।

'हामीले यस प्रकारको अवैध कुरा गर्नु हुन्न । मलाई यस्ता कर्ममा रुचि पनि छैन । त्यस ठाउँको चलन बेग्लै रहेछ । ती केटीहरू मेरा खुट्टा मालिस नगरी फर्किनै मानेनन् । यहाँ यिनीहरूको खुल्ला पेसै यही रहेछ । बिचरीहरू ! के गर्ने ? मेरो मन पनि कमलो छ । खुट्टा मालिस गराएर उनीहरूको शुल्क तिरिदिएपछि खुसी भएर फर्किए । कल्याण भावले बिदा गरिदिएँ ।'

उसले चतुर पिएको अनुहारमा धेरै बेर नहेरी नै उसलाई जबाफ दिएको थियो ।

किन विश्वास गर्थ्यो र उसको पिएले पनि । तीन दिनमा होटेलमा कतिओटी सुन्दरी मन्त्रीका कोठामा कति घण्टा बसेका थिए ! सबै रेकर्ड होटेलको म्यानेजरसँग उसले नै लिएको हो र प्रतिसुन्दरीको कमिसन पनि होटेललाई उसैले तिरेको हो । आफ्नो भागको कमिनका तुलनामा मन्त्री बूढाको कमिसन निकै बेसी तिर्दा पिए छक्क पनि परेको थियो । हेर्दा निकै सोझो र भलाद्मी देखिने यो बूढो भित्र त खली पो रै'छ ।

'यस बूढोलाई काठमाडौँमा पनि... । यस्तालाई त्यस्तामा फसाउन पाए यिनको लगाम आफ्ना हातमा लिन सकिन्छ ।' त्यसै बेला पिएले सोचेको थियो । तर अहिले बूढो फेरि भलादमीमा रूपान्तरण भइसकेछ । बूढा सक्दो मोज त गऱ्यौ अब 'नौ सय मुसा पचाएपछि बिरालो

चारधाम जाने भयो ।' भनेजस्तै त होला नि । नाङ्गै देखिइसकेको बूढोले अहिले हत्त न पत्त उसका अगाडि गाउन बेरेको देखेर पिए मनभित्र बेस्सरी हाँसेको थियो । तर मन्त्रीले देख्ने गरी मुसुमुसु मात्रै हाँस्यो ।

मन्त्रीपद र जीवन उस्तै त हो नि । एकछिन छ एकैछिनमै छैन ।

मन्त्रीपद अनायास गयो ।

तर जीवन छँदै थियो ।

•

पदमा नहुँदा उसको जीवनचर्या कि त मिटिङ, कि जिल्ला भ्रमण नत्र प्राय:जसो ऊ घरमा एक्लै दिनभरि बस्नुपर्ने । त्यसरी बसेका दिन युटचुबले व्यवस्था गरेका रङ्गीन दुनियाँको झलकले उसको बैँसको आगोमा थप घिउ थप्ने गर्थ्यो । यस्ता सबै कुरा मन खोलेर स्वास्नीलाई ऊ भन्न पनि सक्दैनथ्यो । स्वास्नीले उमेर र नातिनातिना देखाएर उल्याउली भनेर डराउँथ्यो पनि फेरि । त्यसैले स्वास्नीको मालिक भएरै पनि कति पटक त उसले बिहे गर्नुअघिकै कर्म पनि दोहोऱ्याएको हो । युटचुबका कामुक दृश्यले आफूमा जन्माएको उखरमाउलो उत्पात पुरुषले आफैँद्वारा समन गर्न सकिने उपाय अवलम्बन गर्थ्यो ऊ । एकान्तमा गरिने कम्मरमुनिको कर्मद्वारा सुखभोग गरेर राहत लिन्थ्यो अर्थात् त्यसपछि दुनियाँका अघि भलाद्मी बन्थ्यो ।

तर त्यस्तो कर्मले क्षणिक सन्तुष्टिबाहेक के देओस् र अरू ?

'कोही छेउमा ऊसँगै बसोस्, उसका अन्तरङ्ग सुमसुम्याओस् र उसलाई जीवन्त सुखको पोखरीमा पौडचाओस् । आ... एकबारको जुनी हो ! यस बूढीले मलाई बुझ्नि । हिजोकै चाहमा उही स्वास्नी नै आएर टासिँदा पनि त मेरो मन यसरी उड्ने थिएन नि !' कुण्ठाकै

बीच पनि उसको आवश्यकताको आकारमा आफ्नै स्वास्नी नै हुने गर्थी ।

•

अनि त्यस्तै छेक हो कि कुन बेला कुन बेला अप्रत्याशित ऊ आई !

•

'घरमा कोही हुनुहुन्छ ?' डोरबेलसँगसँगै सुरिलो आवाज पनि उसका कानमा ठोक्किएको थियो । काठमाडौँको माघ महिना । जाडो भगाउन आँगनमा आएको घाम ताप्न विन्टर चेयरमा ढल्केकाले अर्ध निद्रामा थियो ऊ । केही अघि युटचुबमा कुनै रङ्गीन सिनेमा हेरेर थन्क्याएको एप्पलको नयाँ भर्सनको टचाब त्यहीँ टेबुलमा थियो । नहेर्दा हेर्न तान्ने ती रङ्गीन दुनियाँ हेरेपछि भोक जगाउने तिनै औषधि । खाऊँ न त भने उसको जीवनमा सधैँको भोकमरी ! युटचुबका भावभङ्गिमाबाट पनि पलायनतर्फ लाग्न थालेको यो बेला थियो उसको ।

त्यस दिन ऊ एक्लै पनि थियो घरमा ।

स्वास्नी त सधैँ झैँ कुनै सहकारीको मिटिङ गमनमा थिई ।

भान्से भीमबहादुर तरकारी र अरू सामाग्री किन्न बजारतिर गएकाले यत्ति ठूलो घरमा नितान्त एक्लै थियो ऊ ।

सामान्यत: यस्ता डोरबेललाई उसले महत्त्व दिने गरेको थिएन । तर त्यस बेला डोरबेल मात्र बजेको थिएन । कोकिल कण्ठ पनि सुनिएको थियो । त्यसैले युटचुबको रङ्गीन दुनियाँ मात्र भ्रमण गरेर आजित भइरहेको उसलाई वास्तविक संसारको रङ हेर्न मन लाग्यो ।

•

**अनि ढोका खोलेपछि**

अठारबीसबर्से युवती । सामान्य भेषभुषा । त्यस्ती उत्पातै सुन्दरी पनि होइन । तर ऊसँग जे थियो त्यो थियो । केटीले धारण गरेको उसको उखरमाउलो बैँस भने केटीबाट बाहिर निस्कन केटीसँगै लाप्पा खेलिरहेको प्रस्टै देखिन्थ्यो । एकैछिन उसले बैङ्ककको होटेलको रात सम्झ्यो । अनि एकैछिनअघि मात्र भ्रमण गरेको युटचुबको रङ्गीन दुनियाँ ।

त्यस केटीले सुन्दर तर केही ठूलो हाते झोला भिरेकी थिई । केटी अझै मूल द्वारमै उभिइरहेकी थिई । ऊ अनन्यमनस्क भावले केटीलाई नै हेरिरहेको थियो । 'चिनेकी केटी त यो होइन्, कोही नातेदार पो हो कि ?' सम्झन खोज्यो ! अहँ सम्झेन ।

'सर ! नमस्कार' केटीले केही झुकेर शिष्टाचार प्रदर्शन गरेकी थिई । केटी त्यसरी निहुरिएकी थिई । केटीले आधुनिक खुल्ला गला भएको रातो उलनको टप्स पहिरेकी थिई । केटी निहुरिँदा उसले नै खोजिरहेका वस्तुले बाहिरी दुनियाँ चियाउने बहानामा तिर्खाएको उसलाई नै खोजेझैँ हेरेको अनुभूत गरेको थियो उसले । ती वस्तुले निमेषभर उसैलाई जिस्क्याएझैँ गरे ।

'कसलाई खोजेकी ? मबाहेक घरमा कोही छैन नानी । मेरी श्रीमती पनि बाहिर गएकी छिन् ।' यसो भन्दै गर्दा उसले भित्री आफूलाई काबुमा लिएर बाहिरी आफूलाई भलादमीको वर्को ओडाइसकेको थियो ।

'होइन सर, मसँग यो विशेष प्रकारको तेल छ । एक बोतल किनिदिस्योस् न है ।' केटी झन्नै उसलाई ठेलौँलाझैँ गरी मूल द्वारबाट भित्रै पसेकी थिई । त्यसरी भित्रिँदा केटीको केही स्पर्श पनि उसको भागमा परेको थियो । त्यस स्पर्श मात्रले पनि कताकता मीठो तरङ्गले छोएझैँ भएर फेरि एक निमेषको आनन्द ऊभरि पोखिन

खोजेको थियो । प्यासले आकुल मृगले आकाशको पानीको छिटा जिब्रोमा लिएर तृप्त हुन खोजेझैँ हुन खोज्यो उसलाई ।

'नानी, यहाँ कसैलाई तेल चाहिँदैन । फेरि चाहिएका कुरा जति सबै मेरी श्रीमतीले किन्छिन् । मैले केही किन्ने गरेकै छैन ।' आँगनमै पसिसकेकी केटीलाई उसले फेरि पनि पन्साउनै खोजेको हो । उसले केटी निस्किहाल्ली भनेर मूल द्वार पनि बन्द गरेको थिएन । तर केटी त विन्टर चेयरकै छेउको अर्को वेतको कुर्सीमा मज्जाले बसी । उसको अनुहारमा हेरी । मज्जाले मुस्कुराई । अहो ! उसको मुस्कानको जादुले ऊ भुतुक्क हुन खोज्यो । उसले बलजफ्त कैद गरेको ऊ फुत्तै बाहिर निस्किने उपक्रममा लागेको थियो । तर उसले त्यस ऊलाई बलियो गरी समातेर भलादमी आफूलाई नै केटीका अघिल्तिर प्रस्तुत गरिरह्यो । ऊ उभिइरहेको थियो । केटी गइहालोस् भन्ने मनस्थितिमै थियो ऊ । उसको भलादमीपनले केटीका अनुहारमा खुलेरै हेर्न पनि दिइराखेको थिएन । अर्कातिर उसको कैदी ऊ उसैको कैदबाट निस्केर केटी सुमसुम्याउने हतारोमा थियो । यस सकसले उसलाई गाह्रो भइरहेको थियो । तर पनि उसले भलादमीपनै अनुकरण गरिरह्यो । अनुहारमा केटीप्रति अप्रिय भाव ल्याइरह्यो ।

'सर, नकिने पनि एक पटक हेरिस्योस् मात्र न है ! यस तेलले मालिस गरेपछि हरेक प्रकारको दुखेको पीडा एकैछिनमा निको पार्छ ।' केटीले एकदमै अनुनयविनयपूर्वक भनेकी थिई ।

'हेर नानी, म किन्दिनँ । तेल मालिस गर्ने पनि यहाँ कोही छैन ।' अझै पनि उसले उम्किन नै भनेको थियो ।

'सर, खुट्टामा मालिस गरेर हेरिस्योस् न हजुर त पल्किसिन्छ ।' उसले फेरि अनुग्रह गरी । यस पटकको उसको आवाज अलि रुन्चे थियो । सामान बिक्री नहुने लक्षण देखा परे पनि केटी अन्तिम अस्त्र प्रयोगमा थिई ।

त्यस बेलासम्म केटीले आफ्नो सुन्दर लेडिज ब्यागबाट एउटा बट्टा झिकेर टेबुलमा राखिसकेकी थिई ।

मन नपरे पनि लिसोजस्तै भएर टाँसिन खोजेकी केटी पन्साउन नसकेपछि ऊ पनि केटीसँगैको कुर्सीमा बसेर तेलको बट्टा हेर्न थाल्यो । बट्टामा नीला र गुलाबी रङका फूल थिए । बट्टामा छापिएका फूलहरूले कसोकसो उसलाई काउकुतीझैँ लाग्यो । बट्टाको स्पर्शमा केटीको यौवनको स्पर्शझैँ तरङ्गित हुँदै थियो ऊ ।

'कति पैसा हो' केटीका नजिकै बसेर उसको रापको छाया अनुभूतिमा अलिकति तातेको उसले केटीका आँखामा हेरेर सोधेको थियो ।

तेल र केटी दुवैको सङ्गमले उसलाई फेरि एक पटक बैङ्कक्को मृदु स्मृतिमा पुऱ्याएको थियो ।

'बजारमा त सात सय पर्छ सर, तर म हजुरलाई पाँच सयमै दिन्छु । मलाई कम्पनीले चार सयमा दिन्छ । मैले होम डेलिभरीको एक सय मात्रै लिने हो ।'

केटीले बढो गम्भीर भएर भनेकी थिई ।

'दिनभरिमा कति बेच्छचौ?'

उसले तेल टेबुलमै राखेर केटीको अनुहारतिर हेर्दै सोधेको थियो ।

'कहिलेकाहीँ पाँचओटासम्म पनि बिक्री भएको छ । नत्र त दुइटासम्म बल्लतल्ल ।' उसले निराश हुँदै तर मीठो आवाजमा भनेकी थिई ।

'हेर नानी, म किनि पनि दिन्थेँ । तर मेरी श्रीमती भरे कुन बेला आउँछिन् । मालिस गर्ने मानिस पनि छैनन् । 'बिनाकामको सामान किन किन्यौ' भन्दा के भन्नु ? त्यसैले तिमी जाऊ ।'

उसले केटीलाई फेरि पनि पन्साउन खोजेको हो ।

'सर, म खुट्टामा मालिस गरिदिऊँ ? हजुर मेरो बुबाजस्तो त होइसिन्छ नि !' केटीले उत्साहित हुँदै भनेकी थिई । पहिलो वाक्यले उसमा पनि उत्साह थपिएको थियो तर दोस्रो वाक्यले उसको उत्साह खसाल्ने प्रयत्न गरेको थियो ।

'खोइ त सर, गाउन अलिकति माथि सारिस्योस् त । हजुर त यस तेलले एकपल्ट मालिस गरेपछि पल्किसिन्छ । फेरि त हजुरलाई यो तेल नकिनी उपाय छैन । यो तेलै त्यस्तो पो छ त । मानिसहरू हत्तपत्त किन्नै मान्दैनन् । किनेर मालिस गरेपछि, हप्तामा एउटा त चाहिन्छ चाहिन्छ ।' यति बोल्दानबोल्दै केटी कुर्सीको चकटी भुइँमा ओछ्याएर उसका पाउमा बसिसकेकी थिई । अनि यन्त्रवत उसका हातहरूले गाउन घुँडासम्म सारेको थियो ।

'अहो ! स्वर्णिम आनन्द'

सुखसागरमा पौडिन थाल्यो ऊ । तर त्यस दिन केटीका हात घुँडैसम्म रहे । केटीले निकै मजाले मालिस गर्न जानेकी रहिछे । बैङ्ककका केटीहरूभन्दा यो केटी पनि कम लागिन उसलाई ।

'तिमीलाई त मालिस गर्न पनि आउँदो रहेछ । तालिम लिएकी हौ ?' उसले प्रशंसा गरेको थियो ।

'सर, यस तेल कम्पनीले तेल बेच्न पठाउनुअघि यस तेलले शरीरका कुनकुन अङ्गमा कसरी र कति बेर मालिस गर्दा फाइदा हुन्छ भनेर हामी सबै बिक्रेताहरूलाई दुई दिनसम्म डकुमेन्ट्री देखाएर सिकाउँछ । अनि पछिल्लो एक दिन ठूलो सरले हामी केटीहरूजतिलाई विशेष प्रशिक्षण पनि दिनुहुन्छ । अनि बल्ल हाम्रो जागिर पक्का हुन्छ ।' केटीका सुकुमारी औँलाका स्पर्श गहिरो भएर ऊभित्र प्रवेश गरिरहेका थिए । ऊ केटीको मादकतामा लट्ठै परिसकेको थियो । झन्नै निद्राको अवस्थामा पुगेको उसलाई

केटीको आवाज कतै टाढा बजेको रेडियोको मीठो गीतझैँ लागिरहेको थियो ।

'नानी, तिम्रो नाउँ के हो ?' बल्ल उसलाई केटीको नाउँ चाहिएको थियो ।

'मुनु' उसले जबाफ फर्काएकी थिई ।

'कस्तो रहेछ त सर तेल ? मैले भनेँ नि ! यो तेलले एक पटक मालिस गरेपछि बानी पर्छ के बानी ! अब हजुरलाई मेरो कुरा पत्यार लाग्यो ?' मुनु उत्साही भएर बोलेकी थिई ।

'हो मुनु, हो यो तेल त गज्जबकै रहेछ । उसो भए तिमीलाई पूरै शरीरको मालिस गर्न पनि आउँछ त ?' उसले त्यस क्षणको कल्पनामा रमाउँदै सोधेको थियो ।

'सर विशेष प्रशिक्षणमा पास भएकी पो हुँ त म त । मेरो कम्पनीको सरलाई अरूले मालिस गरेको मन पर्दैन । मैले नै प्रत्येक सोमबार उहाँको घरैमा गएर मालिस गर्नुपर्छ ।' मुनुले जोसका साथ भनेकी थिई ।

'अनि उनका घरमा कोही छैन र ?'

अचम्म मानेर उपाय जान्ने अभिलाषासमेतले प्रश्न गरेको थियो उसले ।

'एउटी छोरी त हो नि । होस्टेलमा राखेको रै'छ । म्याम सोमबारको व्रत लिनुहुँदो रै'छ । हरेक हप्ता कारेश्वर महादेवको पूजाका लागि बिहानै उता गएर फर्किंदा माइतमा बसेर मङ्गलबार बेलुकीपख मात्रै घर फर्किनुहुँदो रहेछ । अनि घरको नोकरलाई सिनेमा हेर्न पठाएपछि सर एक्लै घरमा ! त्यसैले म सोमबार तेल बेच्न पनि कतै जान्न । कुनै दिन सोमबार म बिरामी परेर जान सकिनँ भने सरको त्यस हप्तैभरि मुड अफ हुन्छ । के गर्नु ? त्यसैले

म महिनाको चार दिनबाहेक जेसुकै परे पनि सोमबार त सरको घरमा जान्छु, जान्छु ।'

मुनुले आफ्नो मालिस अनुभव ऊसँग साटेर उसका लागि पनि नियमित मालिस गराउने उपाय साझा गरिसकेकी थिई । त्यसै बेला डोर बेल बजेको थियो ।

उसले हतपताएर गाउन तल सारेको थियो । तेलको कडा हरक आँगनभरि छरिएको थियो । उसले मुनुका अनुहारमा डराएर हेर्दै मूल ढोका खोलेको थियो ।

झोलाभरि सरसामान लिएको भीमबहादुर उभिएको थियो ।

'सर अझै घाममै होइसिन्छ ? मैले त आज गेटको साँचो बोक्न बिर्सेर डर लागीलागी बेल बजाएको नि ! सरको यति बेला त सुत्ने टाइम हो । आज सुतिस्सेन पनि ?' भीमबहादुरले अचम्म मानेर मुनुलाई हेर्‍यो । मुनु त्यति बेला तेलको सिसीको बिर्को लगाएर त्यसलाई खोलमा हाल्दै थिई । मुनुले पनि भीमबहादुरलाई पुलुक्क हेरी र स्वाभाविक मुस्कुराई । तर भीमबहादुरका आँखामा कुतूहल थियो । सोही दृष्टि उसले आफ्ना मालिकतिर पनि तेर्स्यायो ।

'यी नानीले तेल बेच्न ल्याएकी रहेछिन् । बडो गज्जबको तेल रहेछ । मेरो खुट्टा कटकट खाएको थियो । यसले मालिस गर्नासाथ सन्चो भयो । तँलाई पनि चाहिन्छ भने किन् है ।'

मालिकले भीमबहादुरको आँखाको कुतूहल मेटाइदिन खोज्यो । तर भीमबहादुरको कुतूहल शान्त भएको थिएन ।

'भीमे, तँसँग सात सय रुपियाँ छ भने मलाई दिइराख् त । यिनको पैसा तिरिदिऊँ । तेरी मम्मीलाई नभन्नु नि फेरि । तँलाई मै दिउँला यो पैसा । नत्र किन ? कता ? कहिले ? उत्तर दिँदादिँदा म लखतरान हुन्छु ।' उसले भीमबहादुरलाई भनेको थियो ।

'यति सानो सिसीको तेलको दाम सात सय ? रामराम कत्ति महङ्गो । हजुर पनि बेक्कारमा ...अनि त मम्मी रिसाइसिन्छ नि !'

भीमबहादुरले मुनुलाई अप्रिय आँखाले हेरेर गोजीबाट पैसा झिकेर उसका हातमा हाल्दिएको थियो ।

'चुप लाग् है मम्मीको चम्चा, तँ मोरालाई यस तेलको महिमा के थाहा !' उसले अलि कडकिएर भीमबहादुरको मुख बन्द गराएको थियो । त्यसपछि भीमबहादुर अलि झर्किएको भावमा भुतभुताउँदै झोला बोकेर घरभित्र प्रवेश गरेको थियो । त्यसपछि फेरि घाम फर्किसकेकाले तातो विहीन भएर चिसिइन लागिसकेको त्यस आँगनमा मुनु र ऊ मात्र भएका थिए ।

अनुहारमा बढो अनुगृहीत भाव देखाएर उसले मुनुका हातमा भीमबहादुरसँग लिएको सात सय रुपियाँ हालिदिएको थियो ।

'सर, पाँच सय मात्रै हो नि !' मुनुले दुई सयको नोट फिर्ता गर्न खोजी ।

'होइन होइन, यो राख, तिमीले मेरो कटकट खाएको खुट्टा मालिस गरेर सन्चो पारिदियौ । यस्तो मालिस गर्ने यस घरमा कोही थिएन ।' उसले मनैभित्रबाट भनेको थियो ।

'सर, फुल बडी मसाज गरिस्योस् न । अनि पो भनिस्सिन्छ नि !' मुनुले लोभ्याउँदो मुस्कान पोखेर, आँखामा चम्किलो आशाको धपक्क बत्ती बालेर तुरुन्तै भनेकी थिई ।

'खोइ...' उसले बैङ्ककमा गराएको दुई वर्षअघिको फुल बडी मसाजको स्मरण गरेर मुनुसँग पनि सम्भावित फुल बडी मसाजको काल्पनिक आनन्दको थुक घुटुक्क निल्यो ।

'मेरो मोबाइल नम्बर राखिस्योस् न सर । तेल चाहियो भने । फुल बडी मसाज चाहियो भने । म हजुरको फोन पर्खिन्छु है ।'

मुनु उसलाई सर्वाङ्ग घाइते मुस्कान पस्केर त्यहाँबाट बिदा भएकी थिई ।

•

त्यसपछि केके भयो ? समय कसरी बित्यो ? केही अहिले उसको स्मृतिमा आइरहेको छैन ।

•

**यत्तिचाहिँ उसको सम्झनामा छ ।**

सरकार परिवर्तन भयो । उसको पार्टी सरकारमा पुग्यो । अनुभवी, इमानदार, जनयुद्ध भोगेको सक्षम नेता भनेर उसैलाई गृहमन्त्री पनि बनाइएको हो ।

•

मुनु यति तल ओर्लेली ? उसले कहिल्यै कल्पनै गरेको थिएन् ।

- उसको ओइलाउन लागेको जीवनमा हरियाली ल्याइदिने मुनु !
- उसको बिदा भइसकेको यौवन फर्काएर उसलाई उत्साहको शिखर आरोहण गराउने उसकी मुनु !

**मुनुका खातिर के गरेन र उसले** ?

उसले स्वास्नीका अघि मुनुलाई धर्मपुत्री नै बनाएर प्रस्तुत गरेको हो । अनि स्वास्नीले नै दिन दुनियाँका अघिल्तिर मुनुलाई उनीहरूकी धर्मपुत्रीका रूपमा परिचित र प्रशंसित गर्दै हिँडेकी पनि हो । उसकी स्वास्नी पनि गान्धारी नै हो । लोग्नेका सन्दर्भमा सधैँ विश्वासको पट्टी आँखामा बाँधेर हिडिँरही । त्यसैले धर्मपुत्रीको भित्री पोसाक उसकै लोग्नेले खोल्ने गरेको छ भन्ने कुराचाहिँ उसकी स्वास्नीले कहिल्यै पत्तो पाइन । हुन त उसकी स्वास्नीलाई नै पनि मुनुले आफ्ना बलिया पाखुराको करामत र मीठो बोलीवचनले लट्ठै पारेकी थिई ।

स्वास्नीले नै मुनुका लागि केटा खोज्ने र कन्यादान गर्नेसम्मको कर्म पनि गरेकी नै हो । धन्न त्यति नै बेला उसको भने अमेरिकामा कन्फ्रेन्स परिदिनाले कन्यादानमा उसको सहभागिता भएन ।

मुनुको लोग्नेले सबै कुरा थाहा पाएरै पनि लोभमोहको वशमा थाहा नपाएझैँ गरिदिएकै हो । मुनुको बिहे भएपछि पनि उसको लोग्नेकै सहमति भएपछि मुनुसँगको उसको रङ्गीन समय झनै निर्विघ्न बित्न थालेको पनि हो ।

यस्तो महास्वर्गीय उसको जीवनको रङ्गीन पोखरीकी सुन्दर माछा मुनु पनि अब ऊसँगबाट मुक्ति खोज्दै थिई भन्नेचाहिँ उसले कहिल्यै सोच्न सकेन । सोचोस् पनि कसरी ? किनभने मुनुका हरेक आवश्यकता उसले पुऱ्याएकै हो । जमिनकी उसकी मुनुलाई उसैले शिखरैमा पुऱ्याएकै हो । तर अचानक मुनुले यति ठूलो माग गर्ली ?

•

दुई करोड बैङ्क ब्यालेन्स, एउटा मर्सिडिज कार र रोज कलोनीमा एउटा बङ्गलो ।

'नत्र म्याडमलाई सबै कुरा भनिदिन्छु ।'

•

**त्यसपछिको कथा**

पैसा मात्र त मुनुका लागि उसले कति खर्च गरेको छ कति ! ती सबै रेकर्ड उसले राखेको पनि छैन । स्वास्नीले थाहै नपाई कतिपय विदेशी र स्वदेशी दलालीको भाग सर्लक्क मुनुकै हातमा हालिदिएकै हो । मुनुले जसलाई भन्यो त्यसैलाई जागिर र त्यसैको प्रमोसन पनि गरिदिएकै हो । टेन्डर र ठेक्कापट्टा पनि मुनुकै

सिफारिसमा चलाएकै हो । तर अहिले आएर यतिका वर्षको उनीहरूको सम्बन्धलाई ठाडै मुनुले घटिया व्यापारमा पुऱ्याएकी थिई । सम्पत्ति नै माग्दा त दिएकै हो उसले र दिन्थ्यो पनि अझै । तर मुनुले उसकी स्वास्नीको नाउँ बन्धकी राख्न खोजेकी थिई । उसको मर्ममै प्रहार गरेकी थिई । कसरी सहन सक्थ्यो उसले ?

•

त्यसैले उसले त्यस दिन ब्ल्याक लेबलकै बोतलले मुनुलाई हानेकै हो । एकैछिनको मारामारपछि मुनुको सहमतिबेगर पहिलो र अन्तिम पटक उसले मुनुलाई बलात्कार पनि गरेकै हो ।

•

**त्यसपछिका दिनमा**

- पत्रपत्रिका र टेलिभिजनको प्रमुख समाचार उही बनेको थियो ।
- स्वास्नीको अभिमान समाप्त भएको थियो ।
- छोराछोरीको शिर सदाका लागि निउरिएको थियो ।
- हिजो उसैसँग नाता गाँस्ने उसको पदको फाइदामा मोज गर्ने नाताकुटुम्ब इष्टमित्र सबै निमेषभरमा पराई भएका थिए ।
- उसकी प्रेयसी मुनु अचानक धारिलो तरबारमा रूपान्तरित भएकै हो । त्यसपछि सोही तरबारले आकाशमा उड्दै गरेका उसका पखेटा अचानक काटिएकै हुन् ।

•

ऊ भुइँमा पछारिएको थियो । मरेको पनि थिएन ऊ र जिउँदो पनि थिएन् ऊ ।

•

**निष्कर्ष**

- त्यस दिन भीमबहादुर बजार नगएको हुँदो हो त ?
- अथवा उसले मूल ढोका नखोलेको हुँदो हो त ?
- मुनुसँग उसको भेटै नहुँदो हो त ?

•

सदर खोरमा ऊ झ्ल्याँस्स भएको थियो ।

•

**त्यसपछि पनि यो कथा सकिएको त छैन ।**

• **कलाश्री** : २०७७

# क्रमशः उपनायकहरू

**• उपनायक एक**

बन्देलालले अन्ततः लामो सास फेऱ्यो । साँझ गहिरिँदै थियो । घुरान ताप्न जम्मा भएका टोलका केही सदस्य एउटा निर्धारित जमघटमा 'घुरान राजनीति' चर्काइरहेका थिए ।

'यसपालि एमालेले बहुत जगा जित्छ ।' खुसीलालको उमङ्ग हेर्नलायक थियो ।

एकपल्ट उसको कलचौँडो अनुहार घुरानको धूवाँ र चन्द्रमाको चाँदनीमा धपक्कै चम्कियो ।

'हामी गरिबलाई जसले जिते पनि के रे खुसिया !' बूढो मोतियाले बिँडीको सर्को लिँदै भन्यो र खऱ्याक्क खकारेर नजिकै थुक्यो ।

'रे खुसिया, पोह्योरको चुनावमा टिना लगाइगइस् । यसपालि बिल्डिङ कमरा बनाउलास् कि ।' जितु महतोले ईर्ष्यामिश्रित वाक्य पूरा गऱ्यो र खुसीलालको प्रतिक्रिया बुझ्ने आशयले उसको अनुहारमा गहिरो दृष्टि छोड्यो ।

'रे जितु, तँ ज्यादा चलाख हुँदै छस् । रगत पसिनाको कमाइ हो रे टिना मेरो । काम गर्छु त किन हाल्दिनँ । बिल्डिङ कोठा पनि बनाइलिन्छ मर्दवा छोराले । बोल् रे मङ्गलु तँ बोल् ।' एक सोचमा घोरिइरहेको मङ्गलु झस्कियो । वास्तवमा पोह्योरको चुनावमा टोलाभरको भोटको ठेक्का मङ्गलु र खुसीलालकै साझेदारीमा

परेको थियो । अहिले पनि मङ्गलुलाई राम्ररी सम्झना छ, खुसीलालले चलानी दारु खुवाएँ भनेर धेरजसो रुपियाँ लुकायो । मङ्गलु बिचरो एकसरो धोती र पन्ध्र दिनजति कान्छी तामाङनीको होटेलको खानपिनमै अलमलियो । यसको रहस्य पनि चुनाव सकिनेबित्तिकै एक दिन मङ्गलुकी स्वास्नीलाई खुसीलालकी स्वास्नीले चुनावको कमाइबाट टिनाको छाना हालेको प्रसङ्ग खोलेपछि छर्ल्याँस्स हुन पुगेको थियो ऊ ।

फेरि चुनावको प्रसङ्ग दोहोरिँदै थियो । अर्थात् चुनावी सरगर्मी सधैँको जस्तो यस पटक पनि त्यस टोलमा छिर्नछिर्न लागिरहेको थियो ।

खुसीलालले जस्तो आफ्ना नेताजीहरूलाई जी, हजुरी गर्न सक्तैनथ्यो मङ्गलु । झन् ऊ एक्लैले नोट हात पार्ने कुरा पनि त्यति सजिलो थिएन ।

मङ्गलु कुनै अनिष्ट प्रकारको आशङ्कामा मडारिरहेको थियो यस बेला । किनभने ऊ खुसीलालको चाटुकारितासित राम्ररी परिचित भएको कारण यस पटक पनि उसले पोहोरकै हविगतमा नपुऱ्याउला भन्न सकिन्नथ्यो । एकदम दोधारमा परेको थियो मङ्गलु । त्यसैले यस बेला खुसीलालकै सहमतिमा टाउको हल्लाउनुभन्दा अर्को विकल्प थिएन ऊसित ।

घुरान राजनीति केही बेरमै सेलायो ।

खटियामा खुसीलालकी स्वास्नीले पोहोरको मेला, नाइलनको सारी र होटेलको नास्ता सम्झेर आगामी चुनावको चहलपहल कल्पी । उता मङ्गलुकी स्वास्नीले चाहिँ लोग्नेले दुई छाक पुग्ने गरी ल्याएको मछली र भात सम्झी ।

'हे गढीमाई ! चुनाव छिट्टै होस् ।' दुवैले भाकल गरे आआफ्नै कल्पना र तरङ्गहरूबाट ।

• **उपनायक दुई**

'होइन होइन, यस पटक हामी चन्दा दिन सक्तैनौँ । पोहोर तपाईंहरूको पार्टीलाई गरेको लगानी बालुवामा पानी हालेजस्तो भयो । खोइ, मेरो ज्वाइँलाई तपाईंको पार्टीले नागरिकतासम्म दिलाउन सकेन । भो भो, नकराउनोस्; एउटा नाथे टुथपेस्टको मुख अलिकति ठूलो पार्न सक्नु भएन तपाईंहरूले । कुन मुखले चन्दा माग्नुहुन्छ तपाईंहरू ? आखिर मैले पनि त आफ्नो नाफा हेर्नैपर्ने हुन्छ । फेरि छोराहरूसित पनि त रायसल्लाह नलिई हुन्न । तपाईंहरूसित पोहोरदेखि नै भड्केका छन् उनीहरू । चित्तबुझ्दो काम नै छैन तपाईंहरूको । चुनावअघि चन्दा माग्न आउनुहुन्छ, चुनाव जितेपछि मुखै देखाउनुहुन्न ।' चन्दा माग्न आउने पार्टीकार्यकर्ताहरूसित अरविन्दलाल एकनास बरबराइरहेको थियो ।

धेरै बेरदेखि संयम धारण गरेर बसेका पार्टीकोषाध्यक्ष भने अरविन्दलाललाई चित्त बुझाउने कुनै रणनीतिको तैयारीमा केन्द्रित थिए ।

'बुझ्नुभो सेठजी, यस पटक हामीले काम गर्ने समय पायौँ र ? तापनि तपाईंको सालालाई कति ठूलो 'रिस्क' लिएर नागरिकता दिलायौँ । अझ निजीकरणअन्तर्गत संस्थानसमेत तपाईंकै साला उमेशलालजीले खरिद गर्ने सुअवसर प्राप्त गर्नुभयो । हाम्रो पार्टीलाई कैयन् अखबारले भारतीयलाई देश बेच्न खोज्दै छ भनेर लाञ्छित गर्न खोजे । प्रतिपक्षीले कत्रो 'स्कान्डल' मच्चाए । प्रतिपक्षी संसदीय दलका नेताहरूलाई मुख बुजो लगाउन कतिओटा विदेशी एजेन्सीको कमिसन खुवाउनुपऱ्यो । साँच्चै भन्ने हो भने तपाईंले दिनुभएको एक करोडले प्रतिपक्षीको मुख टाल्न पनि पुगेन । तर अहिले अप्रत्याशित तवरबाट चुनावमा जानुपर्दा तपाईंको सहयोगबिना कसरी जान सक्छौँ हामी ! हेर्नोस्, एक पटक बहुमत ल्याएपछि तपाईंहरूले थाहा पाउनुहुनेछ कस्तो सुपात्रमा चन्दा खसेछ भनेर ।

हामीले जित्नु भनेको तपाईंहरूले जित्नु हो । ज्वाइँको नागरिकताको के कुरा गर्नुहुन्छ, उहाँको तीन पुस्ताको नागरिकता बनाइदिउँला । नागरिकता दिने अधिकारीलाई नै तपाईंको पालेमा भर्ना गरिदिए भएन र !' आफ्नो कुटिल वक्तव्यलाई बिसाएर सुरेशप्रसादले अरविन्दलालको अनुहारमा आँखा गाडे । त्यसपछि आफ्नो पार्टीप्रशिक्षणबाट परिष्कृत भाषणले सेठलाई प्रभाव पार्न सकेको अनुभूतिले मनमनै मुस्कुराएका थिए उनी ।

'भैगो, भोलि एकपल्ट पार्टीअध्यक्षलाई नै पठाइदिनोस् । म पनि छोराहरूसँग सरसल्लाह गर्छु । यसपालि दुईचारओटा एग्रिमेन्ट लेटरमा उहाँको सही नगरी हामी पैसा दिन सक्तैनौँ । पोहोर विश्वासका भरमा दुक्ख पाएको बिर्सेको छैन मैले ।' त्यस बखत चाहिँ अरविन्दलाल केही नरम हुँदै आइरहेका भए पनि पूर्ववत् अडानमै कायम थिए ।

'सेठजी ! म अध्यक्षज्यूलाई आजै पठाइदिऊँ कि ? यहाँको जिम्मेवारी अहिले नै सक्न पाए भोलि हामी विराटनगरतिर प्रस्थान गर्ने थियौँ । हेर्नोस् न, चुनावखर्च सङ्कलन गर्न ढिलो भइसक्यो ।' सुरेशप्रसादले सेठ अरविन्दलालको मन पुनः छाम्न खोजे ।

'होइन होइन, तपाईंहरू भोलि नै आउनुहोस् ।' अरविन्दलालका शब्दहरू किञ्चित् व्यापारिक पर्खालदेखि उछिट्टिएर बाहिर जान सकेको थिएन ।

**• उपनायक तीन**

'हेर्नोस् साथीहरू, देशका लागि रगतको खोलो बगाउन पनि पछि हट्नु हुँदैन । सबैले आआफ्ना स्वार्थलाई त्यागेर देश र जनताका लागि बलिदान गर्न तैयार हुनुपर्छ । आफ्ना लागि नसोचेर भोलि आउने सन्ततिका लागि सोच्ने बेला आएको छ यस बेला । साथीहो ! यो प्रतिगामी सरकारका विरुद्ध हामी ऐक्यबद्ध भई आजको बन्द

कार्यक्रमलाई सफल तुल्याऔँ ।' नेताजीको भाषण सकिएपछि तालीको गडगडाहट सुरु भयो ।

'गडचाङ्ग ।'

'ढचाङ्ग !'

'लाठीचार्ज ।'

ढुङ्गामुढा ।'

त्यसपछि लछारपछार, भागदौड सुरु ।

'नेताजी ! विवेकलाई गोली लाग्यो, स्पट डेथ ।' अजयले दौडिँदै आएर भन्यो ।

'गोली ! के पुलिसले गोली चलाएकै हो त ?' नेताजीको प्रश्न गराइमा विस्मय थियो ।

'उफ्, नेताजी ! सिभिल पुलिसले साइलेन्सरयुक्त रिभल्भर प्रयोग गरेजस्तो छ । लौन नि, विवेकलाई के गर्ने ?' नेताजीको अनुहारको रङ्ग बदलिएको देखेर अजय लल्याकलुलुक हुँदै गइरहेको थियो ।

'विनोदलाई तुरुन्त पठाऊ ।' उत्साही युवक विवेकलाई सम्झेर नेताजी केही बेर घोरिए र तुरुन्त केही सम्झेर फोनतिर लम्किए ।

'हेलो, गायत्री हो ? सुन, अङ्कित र मुकेशलाई घरबाट बाहिर ननिस्कनु भन्नू । बाहिर स्थिति ठीक छैन । बुझ्यौ होइन ? अँ, मेरो चिन्ता गर्नु पर्दैन । मेरो चिन्ता नगर न, म भरे बुलेटप्रुफमै फर्कन्छु ।' फोनको रिसिभर राखेर नेताजीले आश्वस्तपूर्ण सास फेरे । कोठामा एक्लै छटपटिरहे उनी ।

'नेताजी ! मबाट केही गल्ती भयो कि ?' विनोद अत्तालिँदै आइपुगेर उनका अगिल्तिर बजारियो ।

'यस पटक विवेक तिम्रै चुनावक्षेत्रको उम्मेदवार थियो होइन ?' नेताजीले विनोदको भावभूमि छाम्दै भने ।

विनोदले सहमतिमा मुन्टो हल्लायो । उसको निधारको चिटचिट पसिनाले हिउँदको चिसो सिरेटोलाई व्यङ्ग्योक्ति प्रहार गरेजस्तो भान हुन्थ्यो ।

'विवेकको लासलाई सुरक्षित अवस्थामा राख्ने प्रबन्ध गर । भोलि नगरपरिक्रमा गराउनुपर्छ । तुरुन्त ब्यानरहरू बनाउन देऊ ।'

'शहीद विवेक अमर रहून्, हत्यारा सरकार मुर्दावाद !'

'अँ विनोद, भोलि टुँडिखेलको प्रमुख वक्ता तिमी नै हुनेछौ । प्रभावशाली भाषण तैयार गर । विवेकको हत्याप्रति जति बढी सहानुभूति बटुल्न सक्छौ त्यति नै जित तिम्रै पक्षमा रहनेछ ।' ढोकामा पुगिसकेको विनोदलाई रोकेर नेताजीले उसको ढाडमा धाप मार्दै भने ।

**• उपनायक चार**

'मलाई केही चाहिँदैन । मैले कमिसन, घुस केही लिने गरेको छैन । यो उमेरमा ती सबै मलाई किन चाहियो र, बरु तपाईंहरू मेरी छोरीलाई भेट्नोस् र उसको समाजसेवा अभियानमा सहभागी भएर धर्म कमाउनुहोस् ।' त्यस बेला प्रधानमन्त्रीले विश्वबैङ्कको एजेन्टलाई निर्देशन दिँदै आफ्ना पवित्र वाक्यहरू फलाक्नुभएको थियो ।

**• उपनायक पाँच**

'हेर्नोस्, हामीले जसरी भए पनि दुईतिहाइ बहुमत ल्याउनु छ । केही गरी यसको रहस्य खुल्यो भने पार्टी सङ्कटमा पर्नेछ । त्यसैले तपाईं मेरो नातिलाई आफूसँगै लिएर जानुहोस् र उसको नाममा खाता खोलेर हाम्रो हिसाबकिताबको सबै रकम तपाईंकै देशको बैङ्कमा राखिदिनोस् । त्यहाँबाट मेरो नातिले 'इन्डिकेसन' पठाएपछि म यहाँ सबै पेपरहरूमा 'साइन' गरिदिउँला ।' कुनै ठूलो दातृराष्ट्रको एजेन्टसँग अर्थमन्त्रीले गोप्य वार्ता टुङ्ग्याउनुभएको थियो ।

**• उपनायक छ**

'हेर्नोस्, राम्ररी सोच्नुपर्छ, भावुकताले चुनाव जितिँदैन । न राष्ट्रियताले नै कुनै लछारपाटो लगाउँछ । हिजोआज जनता पनि चलाख भइसकेका छन् । भोटको बदला नोट खोज्छन् । हामीले एउटा 'क्याबिनेट डिसिजन' गर्दा हाम्रो सात पुस्ताको भलो हुन्छ भने किन पछि हट्ने ? म तपाईंहरूलाई यस कुरामा पछि हट्ने सल्लाह दिन्नँ । आखिर ठूला राष्ट्रका अगिल्तिर साना राष्ट्रको जोड पनि कतिन्जेल चल्न सक्छ र ! हामीभन्दा अधिकाले पनि निहुरिएरै आफ्नो दुनो सोझ्याए भने हामीपछि आउने पनि ठाडै बस्ने छैनन् । हामीले अलिकति 'माइल्ड' भइदिँदा कुनै नराम्रो देख्तिनँ म ।'

प्रधानमन्त्रीको सारपूर्ण निर्देशन पाएर बैठक केही बेर मौन बस्यो । प्रधानमन्त्रीका निजी सचिवले एउटा महत्त्वपूर्ण एजेन्डा सबैका अगिल्तिर घुमाए । सबैले पालैपालो हस्ताक्षर गरे ।

बेलुकी प्रधानमन्त्रीनिवासमा भव्य कक्टेल्सको आयोजना गरिएको थियो ।

त्यस रात नन्दीभृङ्गीहरूले पनि धीत मरुन्जेल सत्तासुखको उपभोग गरेका थिए ।

**• गरिमा : २०५२ माघ**

# पात्र र पात्रहरू

अर्धनारीश्वरको खोजमा मेरो लेखक धेरै भौतारियो । यत्रतत्र अर्धनारीश्वरको आडम्बरी र खोक्रा मूर्तिहरू हावाको एउटा सानो वेगले नै ढल्ने प्रतीक्षाका जिउँदा सालिकहरू देखेर मेरो लेखक छटपटियो उकुसमुकुसियो । अहँ ! कतै, कहीँ यथार्थ र सत्य स्वरूप अर्धनारीश्वर प्राप्त गर्न असफल लेखक अर्धनारीश्वरको खोजी जारी राख्दै प्राप्तिहरू यसरी प्रस्तुत गर्छ– कौशी, पुनम, रचना, रमोलादेवी, उर्मिला, आशा, डली, मृदुलाहरू ।

- **कौशी** : यो कौशीको कथा हो । कौशी उसैकी लोग्नेकी जेठी स्वास्नी हो । यस बेला कौशीको लोग्ने जेलमा कान्छी स्वास्नीकै हत्याको सजाय काटिरहेछ । पच्चिसबर्से कौशी मेहनत मजदुरी गरेर लोग्नेकै सतीत्वमा प्रतीक्षारत छ । उसलाई लोग्नेसँग पटक्कै वितृष्णा छैन ।

  संस्कारको गहिरो कुवामा जाकिएकी कौशीले लोग्नेबाहेकको जीवनको कल्पना गर्न जानेकै छैन । साँच्चै भन्ने हो भने उसको लोग्ने उसका निम्ति भगवान्‌को अवतार हो, जसलाई जुनसुकै अपराध पनि क्षम्य छ ।

- **पुनम** : पुनमको माइत बनारस हो, राजपूत पिता र नेपाली राणा खानदानकी आमाकी सन्तान हुन पुगेकी हो पुनम । आठ वर्षअघि पुनमलाई चार सन्तानका पिता कामचन्द्रले

फुक्क्याएर बिहा गरेका थिए । हालसालै काठमाडौँमा केटी राखेको तथ्य थाहा पाएपछि पनि दुई सन्तानकी आमा, यौवनका शृङ्खलाले भरिपूर्ण पुनममा खास कुनै प्रतिक्रिया छैन । लोग्नेले उनको र उनका सन्तानको समयसुहाउँदो लालनपालनसम्म गरे 'मर्दका हजार रखौटी' भन्ने गर्छिन् पुनम ।

लोग्नेको मूल्य र मान्यतालाई आर्थिक पहलुभित्र मात्र सीमित राखेर उसको स्वच्छन्दतामा गर्व गर्ने भौतिकवादी आइमाई मात्र हो पुनम ।

- **रचना** : रचना र रमेशले प्रेमविवाह गरेका हुन् । प्रेमी बनुन्जेल 'आकाशको तारा टिपेर ल्याउँछु' भन्ने रमेश बिहेपछि वास्तविक रूपमा देखा पर्न थाल्यो । रमेशको वास्तविकता पाशविक रहेछ । रचनाले डेढ वर्षको सहकालमा असह्य शारीरिक र मानसिक प्रताडनाहरू पाएकी छे रमेशबाट । आफ्नी स्वास्नी प्रसववेदनाले छटपटिएको समयदेखि नै आफ्नै कोठामा एउटी जवान केटी राखेर रमाइरहेछ रमेश । यस बेला एक पुत्रकी आमा भइसकेकी रचना भने शारीरिक रूपबाट रमेशदेखि धेरै टाढा भए पनि उसको मानसिकता फगत रमेशमै समर्पित छ ।

  प्रेमको संस्कारजन्य मानसिकतामा आफ्नो अस्तित्वको आभाससम्म नभएकी आइमाई हो रचना ।

- **रमोलादेवी** : अधबैँसे रमोलादेवीको विवाह उनी दस वर्षकी हुँदा सोह्रबर्से रामनाथसँग भएको हो । धनाढ्य मातापिताको पुलपुलिएको छोरो रामनाथले रमोलादेवीलाई बेहुली अवस्थादेखि नै सास्ती दिएको हो । जुवा, तास, रन्डी, रक्सीको आदत भएको रामनाथले गाउँका चेलीबेटी हातपात गर्न र उमेर नपुगेका बालिका बलात्कार गर्नसम्म बाँकी राखेन । घरमा

राखेकी भान्सेबाहुनीलाई पनि स्वास्नी बनायो । यावत् दिनहरूमा रमोलादेवीका गालामा तातो पन्यूँले डाम्न, बलेको अगुल्टो अनुहारमा झोस्न, कोर्रा लगाउन, सल्केको सिगरेटले गुप्ताङ्गहरूमा पोल्नदेखि लिएर अनेकौँ पैशाचिक प्रवृत्तिहरू रामनाथले अपनाइरह्यो । केही वर्षअघि मात्र वन कार्यालयको सहायक लेखापाल रामनाथ, कार्यालयको डेढ लाख रुपियाँ र सोह्रबर्से किशोरी लिएर भारततर्फ फरार भएको छ ।

रमोलादेवीले गएको तीजमा उपवास बसेर लोग्नेको लामो आयुको कामना गरिन् ।

पतिको आदर्शको मूर्ति मात्रलाई स्विकार गरेर आफ्नो अस्तित्वलाई नै दागबत्ती दिने रमोलादेवीको निरीहताको कारण अझै पनि थुप्रै रमोलादेवीहरूले उनकै अनुसरण गरिरहेका छन् । जीवनको यस्तो तीतो सत्यलाई शिरोधार्य गर्ने रमोलादेवीको आदर्श स्त्रीन्यायको रेखाङ्कनभित्र अपराध साबित हुन्छ ।

- **उर्मिला दिदी** : प्रौढ उर्मिला दिदी गाउँभरिकी उर्मिला दिदी हुन् । उनलाई उनकै उमेरका लगायत उनका नातिनातिनी भन्न सुहाउँदा बालकहरूले पनि उर्मिला दिदी नै भन्ने गर्छन् । बाह्रतेह्र वर्षको उमेरमा विवाहबन्धनमा बाँधिएकी उर्मिला दिदीलाई लोग्नेको अनुहारसम्म याद छैन । बिहा गरेको एक महिना पनि नपुग्दै घरबाट चुपचाप हिँडेका उनका लोग्नेको त्यसपछि कहीँ, कतै पत्तो छैन । बेलाबखतमा तीर्थ जानेहरूमध्ये कसैले रामेश्वरमा, कसैले बद्रीमा, कसैले वाराणसीमा देखेको हल्ला पनि चलाउँछन् तर उर्मिला दिदीले सपनामा सम्म लोग्नेलाई भेटेकी छैनन् । रक्ताम्मे सिँदूर, निधारमा रातो ठूलो टीका र गलामा हरहमेसा हरियो पोतेको झुत्तो उनको बाह्रमहिने शृङ्गार हो । उनीभन्दा धेरै पछि बिहे हुनेहरू पनि कत्ति त विधवा पनि भइसके तर उनी भने सदाबहार सधुवा

नै छिन् । आज पनि उनको मनका आँखा लोग्नेकै प्रतीक्षामा टाढाटाढा पुगिरहेका हुन्छन् ।

कट्टरपन्थी सामाजिक संस्कारकी सशक्त नमुना भएर बाँचेकी उर्मिला दिदीको प्रतीक्षा सधैँ प्रतीक्षामै बित्नेछ । अथवा प्रतीक्षाको साक्षाततामा के बितेको आयुको पर्याय उभिन सक्छ र ?

- **आशा** : आशाको लोग्ने परस्त्रीगामी छ । वैधानिक रूपमा आशा मात्रै उसकी स्वास्नी भए पनि प्रत्येक रात स्वास्नीमानिस परिवर्तन गर्नु नै उसको इलम हो । र जुन अब उसको आदत भएर ऊसँगै गाँसिइसक्यो । पाँच सन्तानकी आमा भइसकेकी बाइसबर्से आशाको जीवन सन्तानको लालनपालनमै रमाएको छ । कुनैकुनै रात नयाँ स्वास्नीमानिस फेला नपरेको पर्याय बन्ने गर्छे आशा । त्यस बिहान आफूलाई सम्पूर्ण प्राप्तिको उत्कर्षले नुहाएको महसुस गर्दै लोग्नेको मात्रै यति दयाको सदा कामना गर्छे, आफूले पुज्ने ईश्वरसँग ।

  आइमाईको कायर रूपकी नमुना आशाको सन्तुष्टि पुरुषको स्वच्छन्दताको कारक हो । स्वास्नीमान्छेको कमलो अस्तित्वसँग खेल्ने आशाका लोग्नेहरू आशाजस्ता आइमाईका आफ्नै उपज पनि हुन् ।

- **डली** : करोडपति पिताले पन्ध्रबर्से डलीको बिहे पच्चिसबर्से रोजनसँग गरिदिए । डली र रोजनको वैवाहिक सम्बन्ध एक वर्ष पनि सुमधुर बन्न सकेन । मारपिटबाट असह्य भएपछि पुत्री प्रेमले विवश पिताले डलीलाई माइतमै राखेका थिए । रोजनको पैशाचिक व्यवहारबाट मुक्ति पाएकी डलीले केही समय माइतमा आनन्दपूर्वक बिताई । तर बिस्तारै ऊ रोजनकै कल्पनामा मस्त हुन थाली । उसका धनाढ्य पिताले छोरीको भविष्य सुचारु सञ्चालन रहोस् भन्ने उद्देश्य राखेर छोरीलाई सिलाइबुनाइको

तालिम दिलाएर काठमाडौँमा गार्मेन्ट्स उद्योगको स्थापना गरेर डलीकै जिम्मा लगाइदिएका थिए । केही समयपछि रोजन काठमाडौँ पुगेर डलीको एकान्तवासलाई खलबल्याउन थाल्यो । डलीले पनि आफ्नो मानसिक चाहनालाई शारीरिक चाहनामा परिवर्तित गर्न विलम्ब गरिन । रोजनले पुन: पैशाचिक प्रवृत्ति दोहोऱ्याउन थालेपछि डलीको प्रेमपरिणयको नशा धराशयी भयो । त्यस बेलासम्म डलीभित्र सूक्ष्म जीवनको प्रत्यारोपण भइसकेको थियो । रोजनले त्यसपछि डलीलाई लघारेर माइत पठाएको थियो ।

डलीका हितैषीहरूले गर्भपातको सल्लाह दिए तापनि डली भने आफूभित्रको पतिचिह्नलाई जीवनपर्यन्त सुरक्षित राख्दै आह्लादित हुन चाहन्छे ।

डलीको स्त्रीजन्य समर्पण र भावुकताले नै संसारमा आइमाईहरू कमजोर हुने परिभाषाको समर्थन गर्छ । र डलीको क्षणिक भावुकताले उसैको जीवनको बाँकी अंशमा डँढेलो लाग्दैन भन्न सकिन्छ र ?

- **मृदुला** : सरकारी कार्यालयकी अधिकृत मृदुला पैँतिस वर्षको उमेरमा डा.रमेन्द्र बस्नेतसँग वैवाहिक सम्बन्धमा बाँधिएकी हुन् । बूढीकन्या भएर पनि कुमार केटोसँग बिहे भएकोमा मृदुलाको भाग्यसँग धेरैले ईर्ष्यासमेत गरेका थिए । मृदुलाले भने दुई पुत्रकी आमा भइसक्दासमेत वैवाहिक सुखशान्तिको परिकल्पनासम्म गर्न सकेकी छैनन् । सामाजिक र बौद्धिक जगत्का प्रतिष्ठित डाक्टरलाई विकृत मानसिकतामा डुबेको पाउँदा मृदुलाले एकान्तमा रोएर आफ्नो भाग्यलाई धिक्कार्नेसिवाय केही गर्न सकेकी छैनन् ।

आत्मनिर्भरताको सुरक्षित ढालभित्र उभिएकी मृदुला पनि सामाजिक प्रतिष्ठाको लक्ष्मणरेखा नाघ्न असमर्थ देख्दा स्वास्नीमानिस आफैँमा पूर्ण भएर पनि आडम्बरको खोलले

छोपिनैपर्ने सामाजिक बाध्यतालाई मृदुलाको कायरताले स्विकार्नु भनेको स्त्री पराधीनताको समर्थन गर्नु मात्रै हो ।

- **म पात्र** : यो कथा आफ्नै हो । तर कथाको सरसरती बहावमा यो अकथा हो । किनभने माथिका कुनै पनि पात्रको मानसिकतासँग मेरो मानसिकता मिल्दो छैन । न त घटना, परम्परा र संस्कृतिप्रति नै शिरोधार्य छ मेरो पात्र । म किटान गरेर भन्न सक्छु, मेरो कथा कसैले लेख्नै सक्तैन ।

  मेरो लोग्ने सम्पूर्ण कथाका पात्रहरूलाई खलनायक बनाएर उभिन सक्ने नायक हो । ऊ चरित्रवान् छ र समाजमा सफल मानिसको दर्जा पाएको व्यक्तित्व हो । यसका साथै म पनि यसै समाजको व्यक्तित्व हुँ । फरक यत्ति मात्र छ, म विश्वब्रह्माण्डको परिवेशभित्र अनन्त भावना फैलाउन सक्ने सिङ्गो अस्तित्व हुँ । मभित्रको चेतनाले मेरो लोग्नेको सग्लो व्यक्तित्वको एउटा कुनामा प्वाल देखेको छ । जुन प्वालबाट लगातार मेरा चाहनाहरूको चुहावट भइ नै रहन्छ । मेरो अस्तित्व बचाउने क्रममा मेरो नजरबाट ऊ स्वयम् खोक्रो, रित्तो र शून्यशून्य हुँदै गएको छ । जोसँग म रमाउनै सक्तिनँ, जसलाई म सम्पूर्ण मान्नै सक्तिनँ ।

  ऊ मात्र भौतिक आवरणको भक्त पुजारी बाँच्दछ । मभित्र छटपटाएका पलप्रतिपलका उकुसमुकुस अस्तित्वसँग उसको कुनै परिचय नै छैन । सँगसँगै बाँचे पनि ऊप्रति म पटक्कै निष्ठावान् छैन, मलाई यस मानेमा आफूप्रति विश्वास भएर पनि मभित्रको मलाई रोक्न सक्तिनँ । कुनै पनि बेला मेरो मनले उसलाई विश्वासघात गर्न सक्छ ।

  त्यसपछि मात्रै कथा सुरु हुन सक्छ ।

• **मन सायद उघ्रँदैन** (कथासङ्ग्रह) : २०५१

# पेसा

क्याम्पसमा वादविवाद प्रतियोगिताको आयोजना गरिएको थियो । आज सधैँभन्दा ठूलो सङ्ख्यामा विद्यार्थीहरूको उपस्थिति थियो । आजको कार्यक्रममा प्राध्यापकहरूको पनि निकै ठूलो सङ्ख्यामा उपस्थिति देखेर सबै विद्यार्थी र कर्मचारी छक्क परेका थिए ।

•

आजको समाजमा वैवाहिक संस्थाको आवश्यकता लेखिएको ठूलो तुल सभाकक्षको भित्तामा टाँगिएको थियो । तुल टाँगिएकै भित्तामुन्तिर पन्ध्र जना मानिसहरूका लागि कुर्सी राखिएको मञ्चको व्यवस्था थियो । तुलमा लेखिएको विषयमा उपत्यकाका क्याम्पसस्तरका विद्यार्थीहरूका बीच प्रतियोगितात्मक वादविवाद कार्यक्रमको आयोजना गरिएको थियो । नेपालको मुलुकी ऐनमा भर्खरै मात्र पुरुषहरूले पनि पारपाचुकेका लागि अदालतसमक्ष पहिलो उजुरी गर्न पाउने नयाँ कानुन पारित भएको सन्दर्भ पनि यस बेला मननयोग्य चर्चाको विषय थियो ।

स्नातकोत्तर प्रथम वर्षका विद्यार्थीहरूको समूह र स्नातक अन्तिम वर्षका विद्यार्थीहरूको समूहको वादविवादमा सहभागिता थियो । विश्वविद्यालयका समाजशास्त्री, महिला अधिकारकर्मी, मानव अधिकारवादी, स्थानीय राजनीतिक वृत्तका शीर्षस्थ प्रौढ व्यक्ति, नारीवादी साहित्यकार, साहित्यकार र अनुभवी प्राध्यापकसमेत

सम्मिलित दस जनाको निर्णायक टोलीको मञ्चमा सजग उपस्थिति थियो ।

प्रतियोगितात्मक वादविवादको विषयको पक्षमा स्नातकोत्तर तहका विद्यार्थीहरूको समूहले भाग लिएको थियो भने विपक्षमा स्नातक तहका विद्यार्थीहरूको समूहले भाग लिएको थियो ।

'समाजलाई मर्यादित राख्न, परिवारलाई बचाउन, मानवीय वंश परम्परा चलाउन, स्त्रीजातिलाई प्रतिष्ठित गर्न वैवाहिक संस्थाको आवश्यकता छ' भन्ने बुँदाहरूका विषयमा पक्षका विद्यार्थीहरूले बोलेका थिए । अर्कातिर 'स्त्री जातिलाई दासी बनाउने, मानवीय स्वतन्त्रताको हनन गर्ने, थोत्रो र आडम्बरपूर्णको सामाजिक मान्यतालाई शिरमा बोकाउने वैवाहिक संस्था खारेज हुनुपर्छ' भन्ने बुँदाहरूका विषयमा विपक्षका विद्यार्थीहरू कुर्लेका थिए । यी उल्लेखित दुवै पक्षका विचारहरू विद्यार्थीहरूले निकै जोडतोडले प्रस्तुत गरे । दुवै थरीका विचारहरू अत्यन्त ऊर्जाशील थिए । निर्णायक मण्डलले निर्णय दिइहाल्न पनि सजिलो काम थिएन ।

कार्यक्रम रोकियो र निर्णय प्रस्तुत गर्नुअघि निर्णायक मण्डलको बैठक बस्यो । कार्यक्रममा भएको रोकावटलाई सामान्य पार्नका लागि आयोजकद्वारा पूर्वनिर्धारित चियापानको त्यसै बेला व्यवस्था गरियो । क्याम्पसको प्राङ्गणमा आयोजित चियाचमेनामा निर्णायक मण्डलबाहेकका सबै सहभागी भएर विषयको पक्षविपक्षको वादविवादबारे आआफ्ना अभिमतसमेत एकअर्कामा साटिरहेका थिए ।

निर्णायकहरूमाझ विषयको गम्भीरताबारे निकै विमर्श भयो । कुन पक्षलाई विजयी घोषित गर्ने भन्ने छलफलले एकअर्काबीच अनुहारै रातो पार्ने गरी चर्को बहस पनि भयो । चर्काचर्कीमा

नारीवादी साहित्यकारहरू निकै उत्साही देखिन्थे भने साहित्यकारको अनुहारमा भने कुनै रङ थिएन । मानव अधिकारवादी र समाजशास्त्रीहरू निकै गम्भीर देखिन्थे । स्थानीय एक राजनैतिक वृत्तका प्रौढ व्यक्तित्वको अनुहार भने प्रतिक्रियाविहीन देखिन्थ्यो । उनी कतै जाने हतारमा बारम्बार आफ्नै नारीमा बाँधिएको घडी हेर्दै थिए । प्राध्यापकका अनुहारमा पनि कुनै जिज्ञासा भएझैँ देखिँदैन थियो । उनमा पनि सुस्तता देखिँदो थियो ।

'यो विषय तुरुन्त निर्णय दिने किसिमको होइन । मेरो विचारमा यी विद्यार्थीहरूलाई उनीहरूको भनाइ पुष्टि गर्ने प्रकारका मौलिक उदाहरण पेस गर्ने जिम्माका साथ आजको कार्यक्रमको बिट मारौँ ।' अन्त्यमा समाजशास्त्रीद्वारा राखिएको यो प्रस्ताव सबै निर्णायकलाई मान्य भयो ।

प्रौढ प्राध्यापकलाई निर्णायक मण्डलको नेतृत्वको अभिभारा दिइएकाले उनैले यो निर्णय विद्यार्थीहरूमाझ उद्घोष गरे । जसअनुरूप सहभागी विद्यार्थीहरूलाई आजका दसौँ दिनमा आआफ्ना पक्षले प्रस्तुत गरेका तर्क पुष्टि हुने खालका मौलिक उदाहरणका साथमा उपस्थित हुने सूचना जारी गरिएको थियो ।

विजय पराजयको निर्णय सुन्न आतुर सहभागी विद्यार्थी र सम्पूर्ण स्रोतामाझ अचानक प्राप्त अप्रत्याशित सूचनाका कारण सगबगाहट पूर्णको वातावरणले छोप्यो । निर्णायकहरूमा निर्णय अक्षमताको आशङ्का पनि विद्यार्थीहरूबीच उब्ज्यो ।

त्यसैबीच निर्णायकमध्येका समाजशास्त्री माइकसामु पुगे र बोल्न थाले– 'प्यारा विद्यार्थीवर्ग तथा आदरणीय प्राध्यापकवर्ग ! हेर्नुहोस्, आजको विषय तुरुन्त निर्णय दिन सकिने किसिमको होइन । आजको हाम्रो यस निर्णयले समाजलाई मार्गनिर्देशन गर्छ । त्यसैले हचुवा पारामा निर्णय गर्नु उपयुक्त छैन । तपाईं

प्रतिस्पर्धीहरूले मौलिक एवम् व्यावहारिक प्रमाण पेस गर्नु नै यस विषयको माग हो । अनि त्यसपछि मात्र हामी यसबारे निर्णय गर्नेछौँ ।'

अन्ततः त्यहाँ उपस्थित सबै महानुभावलाई दस दिनपछि पुनः सोही स्थान र सोही समयमा भेला हुने सूचना दिएर त्यस दिनको कार्यक्रम समाप्त भएको जानकारी दिइयो ।

**दस दिनपछि**

सोही स्थान र सोही समयमा अघिल्ला कार्यक्रमका सहभागी र स्रोता तथा नौ जना निर्णायकहरू भेला भएका थिए । दसौँ निर्णायक अर्थात् राजनैतिक व्यक्तित्वको कार्यक्रममा अनुपस्थिति रह्यो । अहिलेको नेपालमा राजनीति धेरै दूषित भइसकेकाले राजनीतिज्ञप्रति जनमानसमा वितृष्णा नै जागिसकेको छ । त्यसैले राजनैतिक व्यक्तिको अनुपस्थितिलाई कसैले वास्ता पनि गरेनन् । भागबण्डाका लागि प्रतिनिधित्व गराइएका उनको अनुपस्थिति सबैका लागि प्रिय नै थियो ।

कार्यक्रम औपचारिकतापूर्वक पुनः प्रारम्भ गरियो । विद्यार्थीहरूलाई पूर्वघोषित आआफ्ना उदाहरणहरू पेस गर्ने मौका दिइयो । त्यहाँ पक्ष र विपक्षका दुवै थरी विद्यार्थीहरूले आआफ्ना पक्षका निकै गतिला उदाहरणहरू पेस गरेका थिए । पक्षमा भाग लिएका परम्परावादी विद्यार्थीहरूले परम्पराको रक्षा गर्नुपर्ने उदाहरण पेस गरेका थिए भने विपक्षमा रहेका अत्याधुनिक विचारका प्रस्तोता विद्यार्थीहरूले सोहीसँग मिल्ने क्रान्तिकारी विचार प्रस्तुत गरेका थिए ।

**पाठकवृन्द !**

'त्यस कार्यक्रममा प्रस्तुत अधिकांश उदाहरणहरू हाम्रै आँखावरिपरि छ्यापछ्याप्ती भएका कारण म ती सबै उदाहरणहरू

यहाँ प्रस्तुत गरेर तपाईंहरूको समय खेर फल्न चाहन्न । तर मलाई पनि घत लागेको स्नातक तहका विद्यार्थीहरूद्वारा विषयको विपक्षमा प्रस्तुत गरिएको एउटा उदाहरण तपाईंहरूलाई पनि पढाउन मन लागेकाले सो उदाहरण म यहाँ उल्लेख गर्ने अनुमति चाहन्छु । अनि यो उदाहरण सबैभन्दा अन्तिम उदाहरणका रूपमा कार्यक्रममा प्रस्तुत गरिएको कुरा पनि यहाँहरूलाई जानकारी गराउँछु ।

**उदाहरण**

१. धूमधाम प्रेम गरेपछि उमेश र उन्नतिले बिहे गरे । केही वर्ष साथै बिताएका उनीहरूले एउटा सन्तान पनि जन्माए । तर क्रमश: आर्थिक हाहाकारको चपेटाले उनीहरूको प्रेम नै धराशयी हुन लाग्यो । 'ल अब अरूजस्तै म पनि विदेश गएर पैसा कमाउँछु,' उमेशले उन्नतिसँग भन्यो र दिनरात विदेश जाने चक्करमा लाग्यो । तर उसले मौका पटक्कै पाएन । दलालहरूसँगको निरन्तरको उठबसले 'स्वास्नीलाई पठाउने हो भने सकिन्छ' भन्ने कुरा उमेशले नै पत्ता लगायो । 'दिनरात घरझगडा गरेर बस्नुभन्दा बरु आफूले बच्ची हेरिदिएर उन्नतिलाई नै विदेश पठाउन सके पैसाको त दुक्ख हुने छैन ।' उमेश र उन्नतिबीच कुरा मिल्यो र नै उन्नति पैसा कमाउन इजरायल जाने भई ।

•

छुट्टिने रात एकअर्कालाई अँगालो हालेर उमेश र उन्नति खुबै रोए । जन्मजन्मान्तरसम्म पनि एकअर्काको बाटो हेर्ने, एकले अर्कालाई कहिल्यै धोका नदिने उनीहरूले वाचाबन्धन गरे । एकअर्कामा माया साटासाट गर्दागर्दै र भविष्यको योजना बनाउँदाबनाउँदै उनीहरूले रात छर्लङ्ङै बिताएका थिए ।

भोलिपल्ट गलामा सयपत्रीको माला र निधारमा रातो अक्षताको टीका लगाएर आँखामा आँसु छचल्काउँदै र छातीमा भक्कानो फुटाउँदै

उन्नति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र छिरी । उमेशले पनि छातीभरि वेदना र आँखाभरि आँसु पारेर स्वास्नीलाई आँखाले देखुन्जेल हात हल्लाएर बिदा दियो ।

•

उन्नति इजराइल पुगी र उमेश घरव्यवहारमा व्यस्त भयो । त्यसपछि पनि केही दिनसम्म दुवैले हप्तैपिच्छे फोनमा पनि माया साटे । यति हुँदाहुँदै पनि बिस्तारै उमेश वरिपरिको दुनियाँमा हराउन थाल्यो । अब उनीहरूबीचको फोनको कुराकानीको समय पनि बिस्तारैबिस्तारै पातलिँदै जान थाल्यो

२. त्यसपछि घरनजिकैकी सन्तु भाउजूको पसलमा उमेशको धेरैजसो समय बित्न थाल्यो । सन्तबहादुर पनि पैसा कमाउन इजरायल नै गएको दुई वर्ष भइसकेको थियो ।ससाना दुइटा छोराहरू सम्हालेर सन्तु भाउजू पसल थापेर बसेकी थिई । सन्तु भाउजूको पसलमा उमेशको बाक्लिँदो उपस्थितिले गाउँमा निकै खासखुस पनि हुन थालेको थियो । एउटाकी स्वास्नी विदेश गएकी अर्कीको लोग्ने परदेश गएको ! दुवैको खुबै हिमचिम बढेको कुराको सन्दर्भले निकै गहिरो अर्थ दिँदै आएको थियो । उनीहरूका माझको सम्बन्धको घनिष्ठताले सबैले लख काटिसकेका थिए । यसअघि पनि हाम्रो समाजमा यस्ता घटना प्रशस्त भएकै हुन् । पुरुष र स्त्री एकअर्काप्रति घनिष्ठ भएपछि सँगै जीवन बिताउने घटना नयाँ पनि थिएन । त्यसैले सबैको अनुमान थियो, उमेश र सन्तु भाउजूले अब पक्कै पनि सँगै जीवन बिताउनेछन् ।

३. इजरायलमा उन्नति पुगेपछि उसलाई घरको र छोरीको सम्झनाले आक्रान्त पार्‍यो । ‘पैसै सबै थोक होइन, काखकी छोरी र त्यस्तो माया गर्ने लोग्ने छोडेर यहाँ आएर मैले यो के गरेँ’ भन्ने पछुतो पनि भयो उसलाई । एक मन ‘फर्कौं कि’ जस्तो पनि लाग्यो

उसलाई । तर पैसैका लागि लोग्नेस्वास्नीका बीचमा हुने गरेका झैझगडा पनि तत्काल उसले सम्झी । पैसा नभए छोरीको भविष्य अन्धकार हुने पनि उसले सम्झी । अनि त्यसैत्यसै नेपाल फर्किने मन मरेर आयो उसको । 'होस्... अब जे होला ! आएको खर्च उठाउँछु । अलिअलि खर्चपानी पनि जम्मा गर्छु अनि मात्रै फिर्छु' भन्ने दह्रो निर्णय गरेर उसले मन बाँधी ।

विदेश पुगेको एक महिनापछि आफूसँगै काम गर्ने र अन्यत्र काम गर्ने निकै साथीभाइसँग उन्नतिको चिनजान भयो । ऊसँगै काम गर्ने सन्तबहादुरले उन्नतिको निकै हेरविचार गर्न थाल्यो । एकै गाउँका हुनाले पनि उन्नति र सन्तबहादुरले एकअर्कालाई अलि नजिकको महसुस गरेका थिए । बिस्तारैबिस्तारै उनीहरू एकअर्काका लागि अनिवार्य आवश्यकताजस्तै हुन थालेका थिए । सहकर्मी साथीहरूले पनि उनीहरूको जोडीलाई रमाइलो आँखाले हेर्ने गरेका थिए । सन्ते र उन्नति अब छुट्टिँदैनन् नै भन्ने सहकर्मीहरूको बलियो अनुमान भइसकेको थियो । फुर्सतको अधिकांश समय एकअर्कासँगै बिताउने उनीहरूको विषयमा जे सोचे पनि हुने नै भएको थियो । परम्परागत हिसाबबाट मूल्याङ्कन गर्दा अब बाँकी जीवन पनि उनीहरू सँगै नै बस्लान् भन्ने सोच्नु कुनै अनौठो पनि थिएन ।

४. सन्तबहादुर र उन्नति सल्लाह गरेर एक हप्ताको फरकमा घर फर्के । त्यस क्रममा पहिले सन्तबहादुर घर फर्केको थियो ।

अँगालोभरिकी स्वास्नी छोडेर परचक्री दुनियाँमा पैसाका लागि हराउनुपरेको दुखेसो सन्तबहादुरले आफ्नी स्वास्नीसँग पोख्यो । सन्तबहादुरले दुई वर्षको हुँदा छोडेर गएको जेठो छोरो सात वर्षको भइसकेछ । कान्छाको न्वारन गरेर ऊ विदेश गएको थियो, त्यो पनि अब हुर्किसकेछ । आफ्ना कलकलाउँदा दुई भाइ छोरा देखेर सन्तेको मन खुसीले उम्लिरह्यो । सन्तबहादुरका लोग्नेस्वास्नीले एकअर्काको अभावमा बिताएका अनिदा रातहरूको बखानमा रुँदै, हाँस्दै पहिलो

रात बिताए । एकअर्कालाई आआफ्ना पत्नीव्रता र पतिव्रताको प्रमाण पनि पेस गरिरहे । दुवैले एकअर्कालाई कहिल्यै धोका दिन नसक्ने विचारहरू पनि आपसमा साटिरहे । साथै एकअर्काका काम कुराले दुवै जना सन्तुष्ट भए ।

बाआमाले खोजेर सन्तेका हातमा कन्यादान गरिएकी सन्तेकी स्वास्नीले बिहानै उठेर लोग्नेको खुट्टा ढोगी । त्यसरी लोग्नेका खुट्टा ढोग्दा स्वास्नीको गलामा झुन्डिएको रातो पोतेको झुत्तोका बीचमा गौरवान्वित पहेँलो तिलहरीमा सन्तेले आफ्नी स्वास्नीको सतित्व मुस्कुराएको देख्यो । सन्तेले कलकलाउँदा छोराहरूलाई सुमसुम्यायो र धीत मरुन्जेल अँगालोमा चेप्यो । त्यतिखेर उसलाई आफूभन्दा भाग्यमानी मानिस संसारमा अर्को छ जस्तो लागेन । सन्तेकी स्वास्नीलाई पनि लोग्ने घर आएपछि आफ्नो संसारै अझ उज्यालो लाग्यो ।

५. उन्नति तीन वर्षपछि घर आइपुगेकी थिई । रुपियाँपैसा त उसले मनी ट्रान्सफरबाट पनि पठाइरहेकै थिई । अहिले उसले आफूसँग मनग्गे सरसामान पनि ल्याएकी थिई; लोग्ने, छोरी र घरपरिवारका सबैजसोलाई । त्यति बेला घरपरिवारका सबैको खुसीको सीमा नै थिएन ।

उमेशले स्वास्नीलाई पहिलेभन्दा पनि राम्री देख्यो । लाउन खान पनि सिकेकी, शृङ्गारपटार गर्न पनि जानेकी, बोल्न पनि सिकिछे । उन्नतिको सिउँदोको रातो सिन्दूरको लामो धर्कोमा उमेशले आफ्नो दीर्घायु देख्यो । त्यसैत्यसै रहरलाग्दी भइछ उन्नति ! आफ्नै स्वास्नीको पनि झनै लोभ लागेर आयो उमेशलाई । त्यस रात अँगालोमा बाँधिएर एकअर्काको तिर्सनामा बिताएको समयको व्याख्या गर्दै उनीहरूले रात बिताए । उमेशका छातीमा टाउको राखेर अब सुनैको संसार पाए पनि पतिको बिछोड सहन नसक्ने बिलौना गाई उन्नतिले । विगतमा एकअर्काको प्रतीक्षामा एकदमै चरित्रवान् भएर चोखो जीवन बिताएको विश्वास पनि दिलाए दुवैले ।

६. उमेशले सिनेमाको टिकट काट्यो । उन्नतिले छोरी डोऱ्याई । उनीहरू सिनेमा हेर्न गए । सन्ते स्वास्नी र दुई भाइ छोरा चेपेर मेला घुम्न गयो । उमेशले सन्तु भाउजूतिर फर्केर पनि हेरेको थिएन । सन्तु भाउजूले पनि उमेशलाई पसलमा आउने, जाने अन्य ग्राहकजस्तै सामान्य चिनेको जस्तो मात्र गरेकी थिई । अनि सन्ते र उन्नतिले पनि एकअर्कालाई सामान्य चिनेजानेको मानिसको जस्तो मात्र भाव व्यक्त गरेका थिए । मानौँ, हिजो दुवैको सम्बन्ध एकअर्कासँग घनिष्ठ थियो भन्ने कुराको दुवैलाई हेक्कै थिएन । त्यस बेला दुइटै जोडी आफ्नो पेसाप्रतिको गर्वमा समाहित थियो । सत्यवान् र सावित्रीको पर्यायजस्ता भएर त्यस घडी दुवै जोडी हाँसिरहेका थिए ।

'अहिले प्रत्यक्ष जे देखिँदै छ यही नै मात्र सत्य हो । बाँकी सबै झूटो हो, मात्र झूटो !'

वातावरण गुञ्जायमान थियो ।

•

यो कस्तो वैवाहिक संस्था हो ? यस्तो झूटो र आडम्बरी संस्थाको औचित्य के हो ? किन चाहियो यस्तो नाटकीय संस्था ? अबको समाजमा यस्तो संस्थाको अस्तित्व नै समाप्त पार्नुपर्छ । वैवाहिक दुईदुई जोडीको एकै ठाउँ खामिएको उदाहरण यसरी देखा परेपछि यस्तै थुप्रै आक्रोशित प्रश्नहरू प्रतिध्वनित हुने नै भए । हो ! त्यसैले यस्तो वैवाहिक संस्थाको औचित्य छँदै छैन । वैवाहिक संस्था यथाशीघ्र खारेज गरिनुपर्छ भन्ने हाम्रो माग छ ।'

•

काठमाडौँको पुसको जाडो याममा पनि यो उदाहरण पढिसकेको विद्यार्थीले उसको अनुहारबाट बगेको खलखली पसिना गोजीबाट रुमाल झिकेर पुछेको थियो ।

अब विद्यार्थीहरूबाट उदाहरण प्रस्तुत गर्ने कार्यक्रम सकिएको थियो ।

त्यसपछि पुनः निर्णायकहरूलाई निर्णय गर्ने समय दिनका लागि सहभागी र आमन्त्रितलाई कार्यक्रममा चिया, चमेनाको व्यवस्था गरिएको थियो । त्यसैले सभास्थलवरिपरि श्रोतादीर्घाका मानिसहरू चिया, खाजामा व्यस्त देखिन्थे ।

बन्द कोठाभित्र बसेर छलफलमा लागेका निर्णायकहरूको निकै चर्को स्वर पनि बेलाबेला झ्यालढोकाका काप नाघेर बाहिर आउन खोजेको जस्तो लाग्थ्यो । केही बेरमा चियाचमेनाको समय सकिएकाले पुनः कार्यक्रम प्रारम्भ भएको कुरा उद्घोषकले जानकारी दिए ।

निर्णायक मण्डलको नेतृत्व गरिरहेका प्राध्यापक निर्णय बोकेर श्रोतासामु माइकमा उभिए । सधैँ गम्भीर देखिने प्रौढ प्राध्यापक त्यस बेला थप प्रौढ देखिएका थिए । उनको गम्भीर अनुहारको तल्लो किनारातिर रहेको मुख बिस्तारै खुलेको थियो र त्यसबाट गह्रौँ आवाज निस्केको थियो । 'तपाईं विद्यार्थीहरूले लिनुभएको पक्ष र विपक्षका उदाहरणहरू सुनेर हामी निर्णायकहरूले कसैलाई पनि विजयी घोषित गर्न उपयुक्त ठहर गरेनौँ । तर तपाईंहरूले नै प्रस्तुत गर्नुभएका उदाहरणकै आधारमा हामीले वैवाहिक संस्थाका बारेमा यस्तो ठहर गरेका छौँ–

'हाम्रो विचारमा वैवाहिक संस्थाको आवश्यकता आज पनि हिजोजत्तिकै छ । तर कुनै पनि सन्दर्भलाई समयसापेक्ष बनाउँदै लैजानु समयको माग हो । हाम्रो समाजमा जुन बेला जुन किसिमले वैवाहिक संस्थाको स्थापना भयो त्यस बेलाको सांसारिक र सामाजिक स्वरूपमा आज अकल्पनीय परिवर्तन आइसकेको छ । त्यसैले उति बेला स्थापित वैवाहिक संस्थासम्बन्धी मान्यताहरू अहिलेको परिवर्तित र द्रुतत्तर

परिवर्तनशील समाजका लागि अनुपयुक्त हुनु अनौठो कुरा पनि होइन । पारम्परिक वैवाहिक संस्थाका मूल्य र मान्यता अब धराशयी भइसकेका छन् । तिनै मूल्य र मान्यतालाई नै अङ्गीकार गर्न नछोड्ने हो भने वैवाहिक संस्थाले किमार्थ निरन्तरता पाउन पनि सक्तैन । पारपाचुकेको भयदायक सङ्ख्यात्मक वृद्धि त्यसैको परिणति हो ।'

प्राध्यापकको आवाज शुष्क भए पनि उनको प्रस्तुतीकरण ओजस्वी थियो । आफूले प्रक्षेपण गरिरहेको विचारको प्रतिक्रिया हेर्न उनले एकै क्षण वाचन रोकेर श्रोतादीर्घातिर आँखा दौडाए । श्रोतादीर्घा अकल्पनीय रूपमा उनको विचारप्रति आकर्षित थियो । सचेत जनसमूहको आफूकेन्द्रित ध्यानले प्राध्यापकलाई थप विचार प्रस्तुतिका लागि प्रेरित गर्‍यो । उनी पुन: लिखित विचार प्रक्षेपणमा लागे ।

'मानिस परिवारमा रमाउने जीव हो, परिवार उसको आवश्यकता हो । पारपाचुकेले परिवार भत्काउने काम गर्छ । जसको असर सम्पूर्ण समाजलाई पनि पर्छ । त्यसैले वैवाहिक संस्थालाई जोगाउनु भनेको परिवारलाई जोगाउनु हो । परिवार जोगाउँदा क्रमश: समाज, राष्ट्र र विश्व जोगाउने उपक्रम वैवाहिक संस्थासँगै गाँसिएका छन् । त्यसैले अबका दिनमा वैवाहिक संस्थालाई जोगाउन जत्ति आवश्यक छ त्यसभन्दा बढी यस संस्थालाई परिमार्जन गर्न पनि आवश्यक छ ।

जैविक, भौतिक तथा मानसिक आवश्यकताका लागि प्राणीले अनिवार्य रूपमा साथ पनि खोज्छ । आफैँद्वारा आफूलाई सर्वोच्च प्राणीमा दरिने मानव मात्रले यस्तो सङ्गती कहाँ, कतिखेर र कोसँग गर्छ भन्ने कुरा समय र परिस्थितिले नै निर्धारण गर्छ । पुरुषले युगौँदेखि गर्दै आएको नारीमाथिको एकाधिकारपूर्णको शासनको पनि अब अन्त्य भइसकेको छ । अहिले नारीले पनि आफ्नो अधिकारको झन्डा फहराइसकेको युग हो । त्यसैले पनि पितृसत्तात्मकताको उपज प्रचलित वैवाहिक संस्थाको स्वरूपको औचित्य भने अब समाप्त प्राय: छ ।

अहिलेको एक्काइसौँ शताब्दीमा मानवजीवनका अथाह विशृङ्खलताहरूले थिचिएर संवेदनाको मृत्यु भइसकेको छ । यसर्थ पनि यस युगमा पतिपत्नीको सम्बन्धलाई मायाप्रेममा मात्रै बाँध्नुभन्दा यस सम्बन्धलाई एउटा पेसाका रूपमा नै रूपान्तरण गर्नु आवश्यक छ । अबका दिनमा वैवाहिक संस्थाभित्र प्रवेश गर्ने लोग्नेमानिसले आफूलाई 'लोग्ने' पेसामा र स्वास्नीमानिसले आफूलाई 'स्वास्नी' पेसामा संलग्न भएको स्विकार्नुपर्छ । वैवाहिक संस्थामा संलग्न भएका दुवै पेसाधारीले आय आर्जनका लागि बाहिरी दुनियाँमा संलग्न हुनुपर्ने सम्भावना अत्यधिक छ । लोग्नेस्वास्नी पेसाधारीले आफ्नो लोग्नेस्वास्नी पेसाप्रतिचाहिँ इमानदार भएर आय आर्जनमा पनि लाग्नुपर्छ । जुन पेसाको प्रमुख दायित्वका स्वरूप उनीहरूकै सन्तान हुनेछन् । त्यसै गरी यस पेसाको क्षेत्रफल उनीहरूद्वारा नै निर्धारित वंशपरम्परा हुनेछ । यस पेसाले परिवारको सीमारेखाभित्र कर्तव्यपरायणताको आचारसंहितालाई पालन गर्नुपर्नेछ ।

स्नातक तहका विद्यार्थीहरूद्वारा विषयको विपक्षमा प्रस्तुत गरिएको अन्तिम उदाहरण नै आजको वैवाहिक संस्थाले माग गरेको स्वरूप हो । तर यस उदाहरणको प्रस्तुतिपछि वैवाहिक संस्थाको खारेजीको माग गरिएकाले यस समूहलाई पनि हामीले विजयी घोषित गर्न सकेनौँ ।'

•

आदरणीय महानुभावहरू ! प्रतियोगितात्मक यस वादविवादमा सहभागी सबैको जित र सबैको हार भएको छ भन्ने हाम्रो निर्णय छ ।

प्रौढ प्राध्यापकले निर्णय सुनाइसकेपछि श्रोतादीर्घातिर प्रतिक्रियाका लागि पुनः आँखा घुमाए ।

तर श्रोतासंसारचाहिँ मौन थियो ।

**• गरिमा : २०६७ असार**

# तिम्रो खुसी मोमिला

**गर्भाधानपूर्वको कथा**

हिजोआज केही लेख्न मन लाग्दैन । विषयवस्तुको प्रचुरताले हो अथवा दिनदिनै मर्दै गएको संवेदनाले हो केही पत्तो लगाउन सकेकी छैन । मेरो लेखनी थाकेको हो कि ? त्यसो पनि हुन सक्छ । यहाँ हुन नसक्ने, हुन नहुने जे पनि हुने समय बितिरहेका बेला जे पनि हुन सक्छ । प्रसङ्ग यस बेला एउटा कथा लेख्ने हो । 'मोमिला' एउटी ऊर्जावान् सङ्घर्षशील लेखकको नाउँ हो, मप्रति अपनत्वपूर्ण बानीव्यवहारका कारण मेरा लागि मोमिला प्रिय नाउँ हो ।

'दिदी तपाईंले 'कलाश्री'को पहिलो अङ्कका लागि कथा लेख्नै पर्‍यो' उनको अपनत्वपूर्ण आदेशको सार यस्तै थियो ।

'म लेख्न सक्तिनँ होला, वचन दिन सक्तिनँ' उनलाई पूरै टार्न पनि नसकी, उनीसँगको आत्मीयतासँग लोभिएर मेरो पेन्डुलम प्रतिउत्तरको सार पनि यस्तै थियो । यो यस कथाको गर्भाधारणपूर्वको कथा हो ।

मोमिलाका मृदु आदेशपूर्णको अनुरोधले बारम्बार मलाई तरङ्गित पारिरह्यो, पारिरह्यो ।

**गर्भाधान**

गृहयुद्ध, विश्वआतङ्कवाद, साम्राज्यवाद, प्राकृतिक विनाशजस्ता अहिलेका प्रमुख प्रभावकारी घटना प्रतिघटनाको पोखरीमा संवेदनाले

अन्तिम सास फेर्न लागेको अवस्था भोगिरहेको लेखक । मैले मेरो लेखकलाई घचघच्याएँ, ऊ केही चलमलायो तर फेरि फरक्क फर्केर टेलिभिजनका सिरियलतिर लाग्यो । लेखनप्रतिको यो बेवास्ता । 'के लेखक मरेको हो अब ?' मैले लेखकलाई सोधेँ । लेखक बोल्दैन, मलाई महसुस गर्दै छ वा गर्दैन थाहा छैन । यस्तो समय धेरै बित्यो, यस अर्थमा धेरै बित्यो कि ती समयमा धेरैभन्दा धेरै सिर्जना गर्न सक्थ्यो लेखकले । तर लेखक लेखनका लागि चलमलाएन । तर पनि मैले भने लेखकलाई मोमिलाको प्रेमिल आदेशले सिञ्चन गरिरहें । त्यसैले एक दिन लेखकले मलाई सोध्यो– 'के लेख्ने ?' मैले आफ्नो विजयमा खुसी हुँदै उसलाई भनेँ– 'कथा लेख कथा' । 'म हत्या, आतङ्क, सर्वनाश, विनाश लेख्तिनँ अनि अहिलेको समय नबोलेको कथा तिम्रै लागि 'कथा' नभइदेला भो म बरु लेख्तै लेख्तिनँ ।' लेखक घुर्क्याउन थाल्यो ।

'लेख न लेख !'

मैले लेखकलाई थुमथुम्याएँ, सुमसुम्याएँ– 'तिमीले जे लेखे पनि म कुनै प्रतिवाद गर्ने छैन, लौ बाचा भयो ।' मैले लेखकलाई आश्वस्त तुल्याएँ । त्यसपछि लेखकको अनुहारमा आत्मसन्तोषको लहरको एक थोपो देखा पऱ्यो । त्यसैले म आशावादी भएर उसको लेखनको प्रतीक्षामा बसेँ । यसरी कथाको गर्भाधान भयो ।

**कथाको जन्म : औचित्यहीन**

**पहिलो दृश्य**

'यिनीबिना म बाँच्न सक्तिनँ, मेरो सम्पूर्ण लेखनकी प्रेरणा नै यिनी हुन्, यीबिना मेरो अस्तित्व नै छैन' त्यस दिन एउटा भव्य पार्टीमा फलानाले फलानीलाई मेरोसमक्ष यसरी नै प्रस्तुत गरेको थियो । जोडी पनि राम्रो थियो । फलाना र फलानीलाई एकअर्काप्रति समर्पित देखेर त्यस वखत मेरो मन त्यसैत्यसै पुलकित भएको थियो ।

**दोस्रो दृश्य**

पत्रिकामा फलानाको पिताको निधन भएको विज्ञापन छापिएको थियो । कुनै समयमा फलानासँग हाम्रो निकै घनिष्ठता भएका कारण आत्मीय औपचारिकता निर्वाह गर्न हामी पतिपत्नी फलानाको घर खोज्दै पुगेका थियौँ । फलानाको घरपरिसर निकै भव्य रहेछ । फलाना शोकमग्न अवस्थामा थिए । पिताको असामयिक निधनमा पुत्रमा पर्ने सर्वमान्य पीडा उनले पनि वहन गरेका थिए । 'यिनी मेरी पत्नी हुन्, मेरो सम्पूर्ण परिवार सञ्चालन गर्ने यिनै हुन्, यो घर यिनकै कारण यस रूपमा छ ।' फलानाले आफ्नी पत्नीलाई हाम्रा अघि प्रस्तुत गरेका थिए । केही अघि उनका अनुहारमा देखिएको पिताको मृत्युको शोकपूर्ण भावहरूलाई तुरुन्तै पत्नीदम्भले ढाकेको थियो । त्यहीँ फलानीलाई पनि मेरा दृष्टिले खोजिरह्यो । तर त्यो मेरो असफल प्रयत्न साबित भयो ।

**अन्तरतरङ्ग**

अहो फलानाकी त त्यस्ती अजङ्गकी पत्नी रहिछन्, तर यतिका वर्षसम्मको हाम्रो भेटघाटमा त फलानाले कहिल्यै पनि आफ्नी पत्नीका प्रसङ्ग ल्याएका थिएनन् । मैले आफ्नो घनिष्ठताका कारण एक पटक फलानीसँग सोधेकी पनि थिएँ । 'तिम्रो र फलानाको यत्रोविधि घनिष्ठता छ, तिमीहरूको सम्बन्ध वर्तमानसम्म मात्रै सीमित हो अथवा भविष्य पनि सोचेका छौ ? के फलाना पनि तिमीजस्तै अविवाहित हुन् ?'

'होइन, उनकी पत्नी छिन्, तर ती हुनु र नहुनुले फलानालाई केही मतलब छैन, विचरा फलाना पत्नीपीडित हुन्, उनी विवाहित हुँदाहुँदै पनि अविवाहित जीवन भोगिरहेका व्यक्ति हुन्, उनको पत्नीपीडाको कथाले नै मैले उनीप्रति आफूलाई समर्पण गरेकी हुँ ।' फलानीले पनि आफ्नो मन मेरासामु खोलेकी थिई ।

'के तेसो भए फलानाले पत्नीसँग पारपाचुके गरेर तिमीसँग बिहे गर्छन् त ?' मैले पनि फलाना र फलानीको सम्बन्धलाई सामाजिक स्वीकृतिभित्र बाँध्न खोजेकी थिएँ ।

'उनी मसँग विवाह नै गर्दै छन् ।' त्यस बेला फलानीको अनुहार धपक्कै बलेर तेजस्वी देखिएको थियो । यो धेरै वर्षअघिको कुरा थियो । महानगरीय जीवनयापनको व्यस्तताले फेरि धेरै वर्षसम्म हाम्रो भेटघाट भएको पनि थिएन ।

**तेस्रो दृश्य**

यो एउटा निकै धनी मानिसद्वारा आयोजित साहित्यिक कार्यक्रम थियो । पेसाले डाक्टर भएका यी साहित्यिक व्यक्ति आफ्नो आर्जनको केही प्रतिशत पाँचतारे होटेलमा साहित्यिक कार्यक्रम गरी खर्चन रुचाउँथे । फलानासँग त्यस दिन त्यही कार्यक्रममा देखादेख भयो । मैले फलानालाई देख्नासाथ फलानीलाई पनि फलानाको छेउछाउ खोजेँ । तर फलानी त्यता कतै थिइन । कार्यक्रमको औपचारिक समापनपछि अनौपचारिक कार्यक्रम सुरु भयो । म फलानालाई खोज्दै उनका सामु पुगेँ । फलानाको कपाल निकै फुलिसकेको रहेछ, फलानाका अनुहारमा पनि चाउरीका धर्काहरू निकै देखा पर्न थालेछन् । तर फलानाको फुर्तीमा भने कमी देखिँदैनथ्यो ।

'माफ गर्नुहोला, मैले आज तपाईंसँग फलानीलाई देखिनँ नि ?' फलानासँग दुईचार अरू औपचारिक कुरा सक्तानसक्तै म आफ्नो लक्ष्यबिन्दुतर्फ हामफालेँ ।

'तपाईं पनि क्या मान्छे बा ? समयको कुरा गर्नुस् न । मलाई के थाहा उसको बारेमा ? मैले उसको बारे जानकारी नै किन राख्नुपर्‍यो । होली कतै ।' फलानाले निकै रातो मुख पारेर मेरो उत्सुकतालाई लात्ती हान्दै जबाफ फर्काएको थियो ।

'अनि त्यस बेला त तपाईं नै फलानी नभई बाँच्न सक्तिनँ, मेरी प्रेरणाकी श्रोत भन्नुहुन्थ्यो त ।' मैले उसलाई पूर्वस्मृति गराउन खोजेकी थिएँ ।

'हो, त्यस बेला मेरो त्यही जबाफ उचित थियो, प्रेरणा भनेको पनि सधैँ चाहिने कुरा हो र ? मैले उसको औचित्य भरी उसलाई महत्त्व दिएकै हो नि ? नत्र कहाँ फलानीको स्तर कहाँ मेरो ? मैले पनि उसबाट पाएको प्रेरणाको सोधभर्ना उसलाई राम्ररी गरेको छु । हेर्नोस् म घरपरिवारवाला मानिस कहिलेसम्म फलानीसँग गाँसिन सक्थेँ र ? अब तपाईं मसँग यी औचित्यहीन कुरा नगर्नुस् है ।' फलानाले ह्विस्कीको तेस्रो पेग हातमा लिएर मलाई खबरदारीको भाषामा भनेको थियो । त्यसपछि फलानासँगको मेरो उत्सुकता पनि समाप्त भएको थियो ।

**उपसंहार**

'कथा सकियो' लेखकले भन्यो । 'अनि फलानीको बारेमा किन केही नलेखेको ?' मैले लेखकलाई सोधेँ ।

'फलानीका बारेमा म केही लेख्न चाहन्नँ । म फलानीलाई बाँधेर मेरो लेखनको सीमाभित्र राख्न चाहन्नँ । उसलाई स्वतन्त्र छोड्न चाहन्छु त्यसैले म फलानीका बारेमा केही लेख्तिनँ ।' लेखकले भन्यो ।

'अनि फलानी के गर्दै छ ? फलानीका बारेमा केही त जानकारी देऊ ?' मैले लेखकसँग अनुरोध गरेँ ।

'हेर, तिमी कचकच नगर, मैले जेजति लेख्नुपर्थ्यो लेखेँ । फलानाका लागि फलानी औचित्यहीन भइसकी । यो कथाको शीर्षक पनि औचित्यहीन नै हो । कथाको अन्त्य भइसक्यो ।' लेखकले रुर्केर भन्यो ।

'होइन, मलाई त तिम्रो कथा अपूरो लाग्यो, तिमीले फलानीबारे पनि लेख्नै पर्छ । के भो र एउटा अर्को दृश्य थपिदेऊ न तिम्रो के बिग्रिन्छ ।' मैले पनि लेखकलाई निकै झोक्किएर भने ।

'ह्या तिमी पनि कस्तो जिद्दी, म अर्को दृश्य त मरे नि थप्दिनँ, तर तिमीलाई फलानीका बारेमा केही मुख्य सुराकीका बुँदा दिन्छु, तीमध्ये तिम्रो खुसीले तिमीले त्यही परिवेशमा फलानीलाई रोज है त' लेखकले मसँग केही कायल हुँदै भन्यो । मैले लेखकसँग पराजित हुनुभन्दा यही भए नि स्विकार गरेँ ।

- फलानीले आत्महत्या गरी,
- फलानी अर्कै फलानोसँग गृहस्थी गर्दै छे,
- फलानी यसै सहरमा त्यस्तै फलानाको प्रेरणाकी श्रोत भएर पुनः बितिरहेकी छ,
- फलानी धोका, अपमान र तिरस्कारको भुमरीमा परेर प्रतिशोधको ज्वालामा परेपछि कुनै अपराधी गिरोहमा संलग्न भएकी छ,
- फलानी कहाँ यताउति छ र ऊ त इडिभीको चिट्ठा परेर अमेरिका गइसकी,
- चिट्ठासिट्ठा पऱ्यासऱ्या होइन क्या, एउटा बूढो पेसेवर अमेरिकनसँग कागजी बिहे गरेर फलानीले अमेरिकाको ग्रिनकार्ड हात पारिसकी रे,
- फलानीले यो जीवजगत्‌को तत्त्वबोध गरिसकेकीले अहिले आफूलाई सांसारिक मोहजालबाट मुक्त पारेकी छ आदि इत्यादि ।

लेखकले खरर्र आफ्नो सूची प्रस्तुत गऱ्यो । 'अब तिमी नै रोजेर यसमध्ये कुनै एकमा चिनो लगाऊ न, भएन त फलानीको पनि कथा' लेखक दङ्ग परेर हाँस्न थाल्यो । लेखक आफ्नो उन्मुक्त हाँसोले मलाई हिर्काएर अलप भयो । सायद ऊ पुनः दुनियाँको

भौतिकतामाथि लम्पट भइसकेको थियो । तर मलाई भने फलानीको पीडाले सताइरह्यो ।

**कथावतरणपछि**

तिमीलाई यो कथा कस्तो लाग्यो मोमिला ? यो कथा तिमीले चाहेजस्तो भयो कि भएन ? तर इमानसाथ भन्दै छु मोमिला ? यो कथा मैले तिम्रा लागि मात्र लेखेकी हुँ । त्यसैले यो कथामाथि तिम्रो पूर्णाधिकार छ । तिमीलाई मन पर्‍यो भने 'कलाश्री'मा छापिदेऊ, मभन्दा पनि सायद मेरो लेखक रमाउनेछ । तिमीलाई मन परेन भने तिमीले च्यातिदिए पनि हुन्छ है ।

**तिम्रो खुसी मोमिला !**

• **कलाश्री** : २०६३

# उकुचको जलप

**• जलपमा उकुच :**

यसलाई कथा भन्ने वा नभन्ने ? कथा भनौँ, यो कथाजस्तो पनि छैन । कथा नभनौँ, यसमा कथैकथा छन् । जतातातै छरपस्ट हुने, यत्रतत्र सर्वत्र हुने तर देखिनचाहिँ कतै नदेखिने कथा ! त्यसैले यसको विधाकरणमा मलाई नि सकस भएको हो । खोइ ! यो कथा अरूले देख्छन् कि देख्तैनन् ? म भने जुनसुकै चलायमान व्यक्तिको निधारमा पनि यो कथाको कुनै न कुनै अंश टाँस्सिएको नै देख्छु । तर यो कथा सबैका आँखाले नदेखिने खालको छ । यो कथा नदेखिएर पनि के भो र ? हरेकको कता हो कता भित्रभित्र पसेर दुखिरहने कथा त यो पक्कै पनि हो । त्यसै हुनाले यसलाई मैले टिप्ने जमर्को गरेँ । बिझेको काँढा झिक्ने हो भने काँढै चाहिन्छ भनेझैँ थिलथिलाउँदो भएर भित्रभित्रै पाकेको यस घाउको पिपभित्र डुबेको काँढा झिक्न यति बेला म आफैँ काँढा भएकी छु ।

**• भूमिकामा उकुच :**

छोराछोरी र सासूससुराका साथमा रहेर गृहव्यवस्थापनमा नै गहिरिएरै रम्ने मेरो इच्छा अधुरै रहेको थियो । किनभने जोसँग म जीवनसाथीका रूपमा गाँसिएँ, उनले आय आर्जनको बाटो समाएनन् । त्यसैले गृहव्यवस्थापनका साथै घरबाहिरको जागिरसमेत मेरो रहर होइन बाध्यता बनेको थियो ।

'पढेलेखेकी बुहारीले नै पनि त जागिर खाइदिए घर चलाउन सजिलो हुने थियो ।' ससुराको पेन्सनको पैसाले मात्र घरखर्च चलाउन

गाह्रो भएपछि सासूले टिप्पणी गर्न थालेकी थिइन् । त्यसैले पनि मैले जागिर त खानु नै पर्ने भएको थियो ।

तर जागिर खान्छु नै भनेर भेटिने कुरा पनि त थिएन । दौडधुप, भनसुन, लिखित, मौखिक, अन्तर्वार्ता जति दिए पनि आफूले भनेजस्तो जागिर नभेटेपछि एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा म जागिर खान थालेकी थिएँ । यस्ता संस्थाहरू हाम्रो धर्म, संस्कृति नाश पार्न उद्यत छन् भन्ने थाहा पाउँदापाउँदै पनि म त्यही संस्थासँग आबद्ध भएकी थिएँ । किनभने चौतर्फी महँगीका कारण घरव्यवहार सञ्चालन गर्न अथवा लोग्नेलगायत परिवारका सबैलाई खुसी पार्न मलाई निकै मोटो रकमको खाँचो थियो । अनि यति मोटो रकम अन्य स्वदेशी जागिरमा भ्रष्टाचार गर्न पाउँदा मात्र आर्जन गर्न सकिन्थ्यो । त्यसैले गतिलो तलब दिने यस गैरसरकारी संस्थामै मैले जागिर खानु पनि मेरो रहरभन्दा बढी बाध्यता नै थियो ।

पचास हजार जनसङ्ख्या भएको त्यस भेगमा त्यस दिन ‘पितृसत्तात्मक व्यवस्थामा आइमाईले बेहोर्नुपरेको सौता प्रकरण र त्यसबाट आइमाई जातिले बेहोर्नुपरेको दुक्ख र कष्ट’ विषयमा अन्तरक्रिया गरिँदै थियो । यी गैरसरकारी संस्थाहरू बाहिर देखिँदा स्त्रीमैत्रीजस्तैँ देखिन्थे तर यिनीहरूको भित्री लक्ष्य वा उद्देश्य जसरी भए पनि व्यक्ति, घरपरिवार, समाज गर्दै राष्ट्रै कमजोर पार्ने हो भन्ने कुरा अब मलाई पनि प्रस्ट हुँदै गएको थियो । स्त्री शक्तिलाई नै भाँडिदिएपछि पुरुष कमजोर हुन्छ र पुरुष कमजोर हुनासाथ परिवारमा विखण्डन हुन्छ । विखण्डित परिवारले बनेको समाज र राष्ट्र बलियो हुन सक्तैन । त्यस्तो कमजोर राष्ट्रका विविधखाले कमजोरीको फाइदा उठाएर त्यस्ता राष्ट्रलाई शक्तिराष्ट्रहरूले आफ्नो गुलाम बनाएको परिदृश्य पनि मैले विश्वको इतिहासमा पढ्दै आएको कुरा थियो ।

अहिले यो मेरो संस्थाद्वारा आयोजना गरिएको यस अन्तरक्रियाको निष्कर्ष पनि पितृसत्ताको दोष देखाउनु नै थियो ।

पितृसत्ताबाट पीडित स्त्री जातिबाट विष वमन गराउने लक्ष्यले यो कार्यक्रमको आयोजना हुँदै थियो । जे होस्, यस कार्यक्रमको उद्देश्य नै पितृसत्तात्मक व्यवस्थालाई चारैतिरबाट घेरेर खराब प्रमाणित गराउनुपर्ने थियो ।

हाम्रा पूर्वजले वर्षौं लगाएर स्थापना गरेको पितृसत्तात्मक सामाजिक ढाँचाको म विरोधी थिइनँ । मेरो जन्मका पूर्वाधार मेरा पुरुष पूर्वजहरू, शिशु अवस्थादेखि मेरो संरक्षण र मेरो व्यक्तित्व विकासका आधार मेरा पिता, मेरो बाल्यकालदेखिकै मेरो प्रथम मित्र र सहयोगी बनेको मेरो भाइ, पाठशाला, कलेज र विश्वविद्यालयमा मलाई ज्ञान दिने मेरा गुरुहरू र मलाई अप्ठ्यारो पर्दा सहयोग गर्ने पुरुष मित्रहरू पनि थिए । मभित्र दाम्पत्य प्रेमको अनुभूत गराउने मेरा प्रेमी पति, मैले प्राणको बाजी थापेर जन्माएको ममा वात्सल्यको अपरिमित कोसी बगाउने मेरो छोरोलगायत सबै पुरुषहरू रिक्त हुने हो भने मैले भोगिरहेको जीवन रङ्गमञ्चको मेरा लागि कुनै अर्थ थिएन । त्यसैले म पुरुष वा उसले स्थापना गरेको पितृसत्ता भनेर एकोहोरो विरोध गर्नुपर्ने कुनै औचित्यै देख्तिनथेँ । किनभने जेसुकै पनि संहार गर्न त सजिलो हुन्छ तर निर्माण गर्न कठिन हुन्छ भन्ने कुरा मैले राम्रोसँग बुझेकी थिएँ । संसारको सबैभन्दा पुरानो र पुरानो भईकन पनि महत्त्वपूर्ण संस्था परिवार हो र परिवार नारी र पुरुषको सहअस्तित्वको सम्मानले जोगिने, बलियो बन्ने र विकसित हुने कुरामा पनि म विश्वस्त थिएँ । परिवारका उत्पादन नयाँ पुस्ता पनि नारी र पुरुष दुवैको माया, प्रेम र सदभावले नै संवर्धित हुन्छन् भन्ने पनि मेरो मान्यता हो । अर्को कुरा नयाँ घर बनाउने सामर्थ्य नबटुली हुँदाछँदाको घर भत्काएर पाटीको बास हुनु पनि मलाई बुद्धिमानी लागेको थिएन । त्यसैले मलाई पितृसत्तात्मक व्यवस्थामै पनि पतिपत्नीको सहअस्तित्व हार्दिकतापूर्वक स्विकार थियो । जसले गर्दा पितृसत्ता भनेर एकोहोरो पुरुषको विरोध गरिने परिपाटी मलाई

कहिल्यै रुचिकर लाग्दैन थियो । त्यसैले अन्तरक्रियापछि यस विषयमा लेख्नुपर्ने निष्कर्षप्रति मेरो मन आन्दोलित थियो ।

लोग्नेले सौता हालिदिनाले पीडित बनेका पाका र युवा गरी बीस जनाजति आइमाईलाई त्यस दिन त्यहाँ भेला पारिएको थियो । मैले यी सबैको कथाको टिपोट गरेर आफ्नो निष्कर्ष 'पितृसत्ता : महिलाको व्यक्तित्व विकासको अवरोधक हो' भनेर पुष्टयाइँ गर्ने गरी एउटा कार्यपत्र लेख्नुपर्ने थियो ।

अरू आफ्ना मनका विचार वा सिद्धान्त आफ्नै निजी खोपीमा राखेर आफ्नो जागिरे धर्म निर्वाह गर्नु नै यति बेलाको मेरो कर्म थियो ।

त्यसैले म पालैसँग उपस्थित पात्रहरूसँग प्रश्न गर्न लागेँ र उनीहरू क्रमश: आआफ्ना कथा भन्न थालेका थिए । अनि मैले आफ्नो ल्यापटपमा कथा टिप्न पनि थालेँ ।

**• उकुचका लस्कर :**

**उकुच : एक**

'मर्ने लागेँ । त्यसलाई जसरी नि फकाइदे । नत्र हेर बूढी, म त बाँच्तिनँ होला' पो भने । म नि रोएँ । उनी नि रोए ।

'बाबै यी मरिगए सेता धरा लाएर म कसरी बाँचुली !' यस्तै भएर आयो मुन पनि तेति बेला । साक्खै भदैनी केटी । अधबैँसे खसमका लागि तरुनी भित्र्याइदिएकी हुँ । त्यसले पनि केही दिन त राम्रै पनि गरी । बिस्तारै खसमै मेरो विपरीत भई गए ।'

**उकुच : दुई**

'के कोट्टयाउनु र बितेको कुरा पनि । फेरि आलो हुन्छ घाउ !

'मुहुनी लाग्यो क्यारे ! म त जता पनि त्यसैलाई मात्रै देख्छु । हेर ठूलेकी आमा म बौलाउँछु कि के हो ? मलाई त्यो नभई भएन के गर्छेस् ल भन ? म उतै लगूँ कि यतै भित्र्याउँछेस् ?' उनले हाक्काहाक्की

भने । म त अलमल्ल परेँ । लोग्नेले छोडेर हिँड्नु त इज्जतको पसारो ! त्योभन्दा बरु ल्याऊ न त यतै ! उ: बेला मैले सरक्कै खाट छोडिदिएँ । यी अहिले आफैँले घर छोड्नुपर्‍यो ।'

**उकुच : तीन**

'हो त्यस बाहुनीले मेरै पेट बोकेकी हो । तँलाई के लुकाउनु र कुरो ! तँ नछुनी भएका बेला खप्न सकिनँ । मुर्दाले बोकिहालिछे । अब मेरो बेइज्जत गर्छेस् कि सुटुक्कै सिँदुरपोते ?' के गर्नु ? के भन्नू ? भिजेको बिरालोजस्तो भएर पसेकी बाहुनीले लोग्नेका काखमा बस्नासाथ यामाकी साँढे भएर मैलाई लखेटी ।

**उकुच : चार**

'हेर बूढीमान्छे, छोराछोरी पाएपछि तेरो आँगले तैँलाई धोका दिएको तँलाई नै थाहा छँदै छ । मेरो तिर्खा मेटिन सकेको छैन । त्यो पनि तँलाई नै थाहा छँदै छ । तँलाई सुत्केरी स्याहार्न तीन महिनाअघि आएकी तेरी फुपूकी छोरीसँग मेरो त्यति बेलै लसपस भएको थियो । गर्भ बसेछ । के गर्ने ? तैँ भन् ? हल्ला गरेर पनि काम छैन । आफ्नै भागमा घिउ पोख्दा खराबी नै के हुन्छ र ? बिचरी गरिब दु:खी रैछे । मलाई पनि सजिलो, तँलाई पनि अराउपराउ भइहाल्छ ।' हो जस्तै लाग्यो । तर अलिबेर रैछ नि । ऊ भित्र म बाहिर हुन कति बेर लाग्यो र ?

**उकुच : पाँच**

'जेठी पनि छिन् भन्ने मलाई माइतीले थाहा दिएनन् । माइतीमा पनि म भातैको काल ठानिएकी थिएँ त होला नि ? माइतीलाई बिहानबेलुकीको छाक टार्न पनि अलि दुक्खै थियो । 'धानको भात नि खान पाउली, छोरा नि पाइदेली र मालिक्नी होली' भनेर यसो गणेश पुजेर माइतीले उनका पछि लाइदिएका हुन् । मेरा नि छोरा जन्मेनन् । मैले के गर्नु र ? मैले पनि पाँचओटी छोरी जन्माएपछि फेरि छोरै पाउन अर्की ल्याएका हुन् । धानको भातबाट मकैको खोलेमा पुगियो । यी यस्तै भो जिन्दगी ।'

**उकुच : छ**

'घराँ सासुससुरा, देवर, नन्द, हली, गोठाला गरेर सत्र जनाको परिवार धान्न मलाई बिहे गऱ्या रैछ । उनी त बेहुली भित्र्याएको भोलिपल्टै पढ्न भनेर सहर गइगए । वर्षमा एक पटक दसैँया बेलामा आउँदै थिए । मसँग सीधा मुख कहिल्यै बोलेनन् । लोग्ने घर आ'बेला पनि रातिको धन्ना सकेर बिछ्यौनामा पुग्थेँ । अँध्यारोमा छ्यामछ्याम छुमछुम एक दुईपल्ट लोग्नेस्वास्नी सम्बन्ध पनि नभएको होइन । तर पनि गर्भ त रही गो । चार सन्तान लोग्नेको अनुहारै राम्रोसँग नहेरी जन्मे । पछि उनी त घर आउनै छोडे । सासूससुरा नै छोरो भेट्न सहर जान थाले । उतै कान्छी ल्याए रे !

'लोग्ने रिझाउन सकिनस् अभागी ! हाल्यो नि सौता !' सासूले भन्दा पो म झल्याँस्स भएँ । सासूससुरा यिनै हातले बिदा गरेँ । सक्किगो जिन्दगी ।'

**उकुच : सात**

'सासूका माइती र मेरा माइतीका बीचमा के कुराँ हो टसल परेछ । उता मेरी सासूले हारिछन् । 'तिमेरकी छोरीलाई सौता हाल्दिन्छु, के ठान्या छौ मलाई !' मेरा माइतीलाई तुजुक देखाउँदै मेरी सासूले घरमा आएर जुँगाको रेखी बस्तै गरेको मेरो लोग्ने लिएर गइन् । नभन्दै कुन गाउँकी एउटी निर्धी केटी घराँ भित्र्याइन् पनि । आमाका अघि नहारेका लोग्नेले मेरा अघि लत्रेर नाटक रचे । मैले नि पत्याएँ । मलाई फकाउँथे र यताउता दुवैतिर चाख्तै हिँड्थे । बर्सौनि सौता र मेरा छोराछोरी हानाथापमा जन्मन्थे । परिवारका सबै 'हाहा क्या बात' भन्दै रमाउँथे । सुत्केरीमा कहिले पेटभरि खान नपाए पनि बच्चा जन्मिन छोडेनन् । राति ओछ्यानमा आएपछि लोग्नेको उधुम माया हुन्थ्यो । मरोस् है अब झगडै गरेर पनि के पो गर्नु र ? हार्नु हार हारि त सकिहालेँ, भयो मलाई पनि । माइतीले पनि 'सहनु, जे पनि सहनु' भन्थे त्यसैले मैले पनि सहिदिएँ । सहन

त गाह्रो थियो, तर सहेपछि सजिलो हुँदै गयो । अब त के र ? सबै कथै भो नि ! सौता र पति दुवै बिते वैकुण्ठै बास गर भनेर तर्पण त दिन्छु नै । के थाहा र ? कताकताको बास छ कुन्नि ?'

**उकुच : आठ**

'मेरा कोखबाट जायजन्म भएनन् । कति धामी, कति झाँक्री तर पनि पारै लागेन । तबै पनि लोग्नेले उस्तो केही गऱ्या थेनन् बरा । सासूले दिनरात 'मेरो छोराको यस कुलङ्गारका कारण वंशै नामेट हुने भो' भनेर दिनरात मलाई अर्घेलो देख्न थालिन् । बिहान उठेदेखि राति ननिदाउन्जेलसम्म उनको रामनामी भनेकै मलाई सराप्नु हुन थाल्यो । मैले कति सुन्नु ? मै आजित भएँ । लोग्नेलाई बिहे गर्न फकाएँ । पहिले त लोग्नेले मेरा कुरै सुनेका होइनन् । तर मैले आकाश पाताल, धर्म र पिण्डपानीका कुरा गरेर सौता ल्याउन सहमत गराएँ । त्यसपछि मैले मुटु बलियो पारेँ र आफैँ अघि सरेर सौता भित्र्याएँ ।

सन्तान त तेसै हुने कुरो भएन । पहिलो रात लोग्नेलाई फकाएरै सौतासँग सुत्न पठाएँ । मैले रुँदै लोग्नेलाई सौतासँग सुत्न पठाउँदा लोग्ने पनि मैसँगसँगै रोएका थिए । त्यसपछि त के थियो र ! सौताले लोग्ने रिझाइहालिछे, उनले मसँग मायाप्रीतिका कुरा त परै जाओस् सीधा मुखले कुरा गर्न पनि पो गाह्रो मान्न थाले । अनि सौताले बर्स्यानिका छोरा जन्माइदिएपछि त म नै अर्घेली पो भएँ । त्यस्तै हो, के कुरा पो गर्नु र ? आफ्नै भाग्य उस्तो हो । घरबाट निकालेनन् । सकुन्जेल घाँस दाउरा गरौँला नाइँ, दुई छाक खान दिएकै छन् । उसैका भए नि छोरा छन्, मरेपछि कसो नपोलिदेलान् र ?'

**उकुच : नौ**

'म बाह्र पुगेर तेह्र लागेकी थिएँ । भर्खरै नछुनीको टाटो देखिएपछि लुकेर फर्केकी थिएँ । गाउँकै एउटा अर्धोसँग बाले मेरो बिहेको कुरा चलाएछन् । अर्कै महिना बिहे छिनी गए । उनी चालिसे

लाग्ने बेलाका रहेछन् । भर्खरै मरेकी स्वास्नीको ताप पनि चढेको थियो होला । बिहे गरेकै रात मलाई गर्नुनगर्नु गरे । म दुखेर चिच्च्याएँछु, उनले मुखै थुनेर धीत मारेछन्, नाइँ । बेहोसै भएँ कि के हो ! बिहान बिम्झेँ । रगतको अहालै जस्तो थियो । त्यसपछि लोग्ने त राक्षसजस्तै लाग्थ्यो । उनलाई देख्यो कि त्यही पहिलो रातको डरले छोपिहाल्थ्यो । उनी फकाउन खोज्थे, म भाग्थेँ । मेरा लागि आतङ्कको लुकामारीमै फेरि पनि त्यस्तै केके भयो । एउटी मरेकै छोरी जन्मी । अहँ, मैले त लोग्नेको मुखै ठाडो गरी हेर्नै सकिनँ । उनलाई म अजङ्गको राक्षस मात्रै देख्थेँ । उनलाई के थियो र ? खेत छँदै थियो । गाँस दिन गाह्रो थेन । अनि फेरि अर्की ल्याए । अर्केकी स्वास्नी, जारी तिरेरै मभन्दा निकै उमेर छिप्पेकी ल्याए ।

त्यसपछि त मैले उनीहरूको नौटङ्गी हेर्दै जिन्दगी बिताएँ । लोग्ने मर्दा पनि पो रुनै आएन । त्यो राक्षसभन्दा त सेतै लुगा पनि निको लाग्यो मलाई त !'

**उकुच : दस**

'बिहे गरेर ल्याइएको घरमा पहिले नै बलियी सौता र उसका बर्गेल्ती छोराछोरी भएको कुरा पनि मलाई थाहै थिएन । कामको खाँचो टार्न पो मलाई बिहे गरेको रहेछ । अब बाआमाले कन्यादानै दिइसकेपछि लासै मात्र त फिर्ता जाने हो नि ! सहेँ सहनु बुहार्तन । लोग्ने पनि मसँग सोझो मुखले कहिल्यै बोलेनन् । सौताकै खटनमा जिन्दगी बितिगो । सिँदुरपोते लाउन पाएँ, बिहे भनेको तेत्ति हो ।'

**उकुच : एघार**

'सौताले नै मेलामा फकाएकी हुन् । मेरो जायजन्म भएन । खसम गतिला छन् । खान लाउनको दुक्ख छैन । दुई बैनी मिलेर बसौँला । तैँले पनि एउटासँग बिहे नगरी हुन्न । नदेखेको नचिनेको मान्छे पनि त गतिलो होला भन्न सकिँदैन । यता भनेको मेरै बहिनी भएर बस्ने होस् । उसका कुरा सुन्दा होजस्तो लाग्यो । त्यसपछि

भागेर पोइलै गएँ । अर्कै वर्ष छोरो जन्मिगो । त्यसपछि त सौता किन दिदी हुन्थी र ? मेरो छोरो चेपेपछि मलाई त काटूँ कि मारूँ गरेर लखेटी । मर्न पनि सकिनँ । माइतीले जसोतसो गोठको बास देका छन् ।'

**उकुच : बाह्र**

'पैसा नभइनहुने नै रहेछ । विदेश जानलाई मेरो योग्यता पुग्दैन । तँ जा, म छोराछोरी र घर सम्हाल्छु । उता तँ गर्, यताको चिन्ता पटक्कै नगर्नु, म भएपछि ढुक्क हुनु ।' लोग्नेकै सहमतीमा दुबई गएकी हुँ । पाँच वर्षसम्म मरुन्जेल काम गरेर पैसा पठाइरहेँ । हप्ताको छुट्टीका दिन भिडियो कल गर्थें । सबै राम्रो छ भन्थे । आफूसँगै नभए पनि हुर्किरहेका छोराछोरी भिडियोमा हेर्थें । छोराछोरी छुन नपाएर मायाको तिर्सनाले रुन्थें । पाँच वर्षपछि घर आउँदा त घरै बेग्लै पो भएछ । मैले पठाएकै पैसाले घर पनि जस्ताले छाएछन् । घरको ठाँटबाँट नै बेग्लै भएछ । सुत्ने पलङ पनि गतिलो ल्याएछन् । आएको रात त त्यही नयाँ पलङमा लोग्नेसँग रुँदै, हाँस्दै सुतेँ । पाँच वर्षको तिर्सना एकै रातमा मेट्ने गरी रमाइलो पनि गरियो ।

'हेर् दुक्ख नमान, मैले एक्लै घरव्यवहार धान्न सकिनँ । आमाले दिनहुँ कचकच उत्तिकै गरिरहने । यी छोराछोरी पढाउन, बढाउनका लागि तँ फेरि पनि त विदेश नगई भा'छैन । त्यसैले मैले तेरी बहिनी ल्याइदेको छु । काखमा हाम्रो एउटा अर्को छोरो पनि छ ।' बिहानीपख पो लोग्नेले मलाई मायाले छातीमा टाँसेर भने ।

'मैले कमाएको सम्पत्तिमा रजगज गर्न सौता हाल्ने तिमीहरू !' लोग्नेले सौता हालेको कुरा सुनेपछि मेरो शरीरमा आगोको तातो भुतभुते खन्याएझैँ भएको थियो । मैले रणचण्डी भएर विरोध गरेपछि सासू र लोग्नेले विदेशीसँग पोइल गइसकेकी आइमाई भनेर मलाई नै घरबाट निकाले । गाउँघर सबै उनीहरूकै मुखमा पट्टियो । अहिले मलाई मेरै छोराछोरीधरी भेट्न दिँदैनन् । अदालत धाउँदै छु । सम्पत्ति नपाए पनि छोराछोरी त पाउँछु होला नि !'

**उकुच : तेह्र**

'त्यो अब किन आउँथी र ? विदेशमा मज्जा गर्न पल्केका आइमाईलाई यता स्वादै आउँदैन, नाइँ' उनले भनेका थिए । त्यसपछि उनकै कुरामा लागेँ । मन्दिरमा गएर सिँदुरपोते गरेर मलाई भित्र्याएका हुन् । एक वर्षपछि एक दिन उनी सहर गएका थिए, साथैमा जेठीलाई पो लिएर आएछन् । ऊसँग पैसा, ऊ विदेशी सीप र खिपले टाठी, मसँग त केही थिएन । भातभान्सा पकाएर खुवाएँ । त्यस रात सौताले पनि खुसीझैँ देखाई । आधा रातमा मरणासन्न भएर दुखेपछि बिउँझिएँ ।

'ला खा, तेरो यसैमा हैन मेरो लोग्ने डुबाएकी ? ल अब पनि डुबा भनेर सौताले पन्यूँको डाँडी आगोमा पोलेर मेरो योनिमा घुसारेकी रहिछे ।

लोग्ने निद्राबाट बिउँझेर टुलुटुलु हेरिरह्यो । पल्ला कोठामा सुतेका सासूससुराले चाल नपाएझैँ गरे । म रातैभरि अप्ठचारो ठाउँमा पोलेको डाहा र मनको घाउ समातेर कहालिएर चिच्च्याइरहेँ, रोइरहेँ । बिहान भएपछि त्यहाँबाट निकालिएँ । अहिले संस्थाको आडमा बसेर मुद्दा त लडेकी छु । तर नि:शुल्क मुद्दाको फैसला नहुने रहेछ कि के हो ?'

•

त्यसपछि पनि कथा त आइरहे । उस्तैउस्तै कथा हुनाले मैले बाँकी कथा टिपिनँ पनि । कथा सुन्दासुन्दै आफैँ तिनै आइमाईको भुक्तानमा परेको अनुभूतिले म गलेकी थिएँ । यी कथामा डुबेपछि नकारात्मक नहुने अडानकी मैले पितृसत्ताबारे सकारात्मक टिप्पणी लेख्ने आधारै फेला पारेकी थिइनँ ।

भव्य कार्यालयको एसीजडित सभाकक्षबाट बरन्डामा निस्कँदा बाहिर त ठूलो साँझले छोपिसकेको पो थाहा पाएँ । विविध प्रकृतिका

उकुचमा डुबेपछि घडी हेर्न पनि बिर्सेछु । घडीमा बल्ल आँखा परेको थियो । घडीले समय घड्केको सूचना दिँदा भने आफ्नो घरभान्सा सम्झेर म अत्यासिएकी थिएँ । त्यसैले आफ्नो तर्फको टिप्पणी लेख्ने काम अहिलेलाई मैले बाँकी राखेँ । मैले ल्यापटपमा सेभ गरेर सुरक्षित गरिएका कथा बोकेँ । सहभागी महिलाहरूलाई खाजा खुवाउने, भत्ता दिने र उनीहरूको वासस्थानसम्म गाडीमा पुऱ्याउने व्यवस्थापन पनि मेरै जिम्मामा थियो । सहभागी महिलाहरूलाई कार्यालयकै मिनीबसमा राखेर घर पुऱ्याउने कार्य गरिएको थियो । हुन त कार्यालयमा मेरै लागि पनि पजेरो गाडी चढ्ने सुविधासमेत थियो । तर साँगुरा गल्ली भएर पुगिने मेरो घरसम्मको यात्राका लागि ती गाडी मेरा लागि आकाशे फलझैँ थिए । जसले गर्दा कार्यालयको जिम्मेवारी सकेपछि हतारहतार निजी स्कुटर स्टार्ट गरेर म घरतिर लागेकी थिएँ ।

**• फेरि उकुचको खाटामा जलप**

अन्तरक्रियात्मक कार्यक्रम भएका बेला घर फर्किन सधैँ नै अलि ढिलो त हुन्थ्यो नै ! फर्किन ढिलो हुने कुरा बिहान लोग्नेलाई जानकारी गराएर म अफिस आएकी थिएँ । त्यस दिन बेलुकीको भान्सा मैले गएर तयार गर्न ढिलो भइसकेको थियो । यस्तो परिस्थितिमा सासूले पकाउने गरेकी थिइन् ।

सानो छिँडीजस्तो चेपामा स्कुटर पार्किङ गरेपछि घरको सानो कौसीमा म पुगेकी थिएँ ।

'यो आइमाईलाई जागिर खाएपछि पुग्या छ, दुई पैसा कमाउने बुहारीको खटन खान त गाह्रो हुने रहेछ । यति बेलासम्म पनि घर फर्किएकी छैन । जागिर खाने आइमाई त बाइफाले नै हुन्छन् । सासूससुरा त परै जाऊन्, यिनीहरूलाई त न लोग्ने र घरको मर्यादा हुँदो रहेछ, न त छोराछोरीकै माया हुने ?' छिँडीतिर भान्साको सानो झ्याल खुलेको थियो । घरको ढोकालक्षित मेरा कानमा सासूको

आवाजको सुइरो पसेको थियो । मेरासामुमा सधैँ 'लक्षिनकी पाइलो हौ तिमी' भनेर फुर्क्याउनसम्म फुर्क्याउने सासूले मेरा पछिल्तिर भने मेरै विरुद्धमा ओकलेको विषले मलाई मरणासन्न पारेको थियो ।

'ओइ लाछी मोरो ! बेलैमा होस पुऱ्या है । स्वास्नीका थाङ्नामा गुट्मुटिहाल्छस् । यो बूढो हड्डी कतिन्जेल घोट्ने हो खोइ !'

'ए आमा किन फतफताएकी ? ऊ छिटो आउँदा त उसैले पकाउँछे त ! बिहान जाने बेलामा नै उसले आज ढिलो फर्किन्छु भनेरै गएकी थिई ।' भान्साको खुलेको झ्यालबाट सुनिएको लोग्नेको आवाजले सासूको विषले पोलेको मेरो मानसमा केही शीतलता पोतेको थियो ।

त्यसपछि मैले आफूसँग भएको साँचोले घरको ढोका खोलेकी थिएँ ।

'होइन, यो त तेरो चालामाला निको भएन नि, यति अबेर घर आउने ? जागिर त अरूका घरका आइमाईले पनि खाएका छन् हो । आइमाई भएर पनि आधा रातमा घर फर्किन्छन् ? अलिकति लोकलाजको पनि त ध्यान राख्नुपर्छ नि । म जागिर नखाने भनेर तैँले हेपेकी होस् ? पैसा कमाउँछु भनेर मलाई दास बनाउन खोजेकी होस् ?' ल्यापटप ब्याग थन्क्याउन नपाउँदै लोग्नेले ममाथि आफ्नो रिस पोखेका थिए । सासू त्यति बेला केही बोलेकी थिइनन् । हाँडीघोप्टे अनुहारले उनले मलाई पुलुक्क हेरेकी थिइन् । मैले ठूलै अपराध गरेझैँ ठहर गरेको उनको अप्रिय दृष्टि ममाथि पोखिएको थियो ।

•

त्यस रात सासूले पकाएको गाँस मेरा गलाबाट छिर्न पनि गाह्रो भएको थियो । मन र मस्तिष्क दुवै घाइते भएपछि थाकेको शरीर अझै थाक्दो रहेछ । धन्दा सकेर ओछ्यानमा पुग्दा रात निकै बितिसकेको थियो ।

'टिन टिन टिन; टिन्न टिनिनिनी !'

दिनभरि अन्तरक्रिया गरेर बटुलिएको कथामा आफ्नै कथासमेत खामिएर उकुच बन्ने तरखरमा थियो । निद्राको साटो तिनै कथा आउँदै जाँदै गरे ।

एक–दुई–तीन–चार–पाँच गरेर सबैसबै अनुहारहरू आफ्नै अनुहार भएर पो आइरहे ।

छटपटी, छटपटी, छटपटी ! म बिथोलिइरहेँ । निद्रा थिएन । 'टिन्न टिनिनिनी टनन टन्न टचाङ' मभित्र थरीथरी उकुचका थरीथरी घन्टी अविरल बजिरहे । तर त्यसपछि आजको अन्तरक्रियाको विषयको निष्कर्ष लेख्नका लागि अनिर्णयको बन्दी भने मैले बन्नु परेन ।

म जुरुक्क उठेँ । ब्यागबाट मैले ल्यापटप झिकेँ र टाइप गर्न थालेँ । साँझमा टुङ्गिन नसकेको अन्तरक्रियाको निष्कर्ष मैले फटाफट लेखेँ । लेखिसकेर युगिन लामो सास फेरेँ ।

यस निष्कर्षले मलाई जागिरको सुरक्षाको अनुभूति दिएझैँ पनि भयो होला कि ? र आफ्नै उकुच अलि सन्चो भएझैँ पनि भएछ क्यारे ! त्यसपछि म ढुक्कले निदाएकी थिएँ ।

•

हुन त भोलिपल्टै पनि उकुच उकुचै छ । यत्ति हो भित्र टनटनी भएर बाहिर खाटा छ 'जलप', 'जलप', 'झलल्ल जलप', 'जताततै जलप' ।

**• मधुपर्क** : २०७९ **वैशाख**

# इन्दिरा प्रसाईं

**बुबा** : गणेशप्रसाद शर्मा (१९९०–२०४६)
**आमा** : दुर्गादेवी नेपाल (१९९५)
**जन्म** : २०१४ साल फागुन ३ गते (दार्जिलिङ, भारत)
**शिक्षा** : एमबिए

**कृति**
५७ पुस्तक (कथा, कविता, उपन्यास, जीवनीमूलक निबन्ध, समीक्षा, सम्पादन)

**विभूषण**
- गद्दीआरोहण रजत पदक (२०५३)
- वीरेन्द्रऐश्वर्य सेवा पदक (२०५८)
- प्रबल गोरखा दक्षिणबाहु (२०५९)

**पुरस्कार**
- युवावर्ष मोती पुरस्कार (२०५१)
- मैनाली कथा पुरस्कार (२०५२)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- भद्र घले पुरस्कार (२०६४)
- देरुनीख पुरस्कार (२०६७)
- दीपज्योति पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वर्णपदक (२०७१)
- भारती खरेल पुरस्कार (२०७३)
- चन्द्रबहादुर गुरुङ पुरस्कार (२०७५)
- धनमान लघु कथा पुरस्कार (२०७६)
- वासुशशि पुरस्कार (२०७७)

(२०७९ सालदेखि नेपाली भाषासाहित्यका कुनै पनि पुरस्कार ग्रहण नगर्ने निर्णय)

**भ्रमण** : नेपालका विभिन्न जिल्ला तथा भारत, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

- बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
- डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
- देवकोटा शताब्दी महोत्सव (२०६५)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
- विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
- भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
- डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
- डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
- प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा अध्यक्ष** :

- नइ प्रकाशन (२०५२)
- त्रिमूर्ति निकेतन (२०५९)
- वानीरा फाउन्डेसन (२०७६)

**प्राध्यापन**

- महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर (२०४७–२०५१)
- पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ (२०५४–२०५५)
- पशुपति बहुमुखी क्याम्पस, काठमाडौँ (२०५५–२०७०)

**कार्यकारी अध्यक्ष** : गोरखापत्र संस्थान (२०६१)

**सल्लाहकार** : श्री ५ को सरकार (२०६१)

**कार्यकारी उपाध्यक्ष** : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१–२०७२)

## कृति

**कथासङ्ग्रह**

१. मन सायद उघ्रँदैन (२०५१)
२. बयान (२०५५)
३. दोस्रो सत्ता (२०६२)
४. मेरो कथा नलेखिदिनू (२०७४)
५. बघेनी (२०७९)

**उपन्यास**

१. विश्वामित्र (२०५५)
२. रनमाया (२०५८)
३. शिखा (२०५९)
४. उसको लोग्ने र बिरालो (२०६०)

**कवितासङ्ग्रह**

१. वायुपङ्खी घोडा (२०५७)
२. तिमी हुनुको (लामो कविता : २०५७)
३. नेपाल न्युज डट कम (२०५९)
४. माल्दाइलाई चिठी (२०६१)
५. ए समुद्र ! (लामो कविता : २०६३)
६. शारदा (लामो कविता : २०६९)
७. धिपधिप (अर्ग्यानिक कवितासङ्ग्रह : २०७७)

**खण्डकाव्य**

१. हरिमाया (२०७४)

**समीक्षात्मकपत्र निबन्ध**

१. प्रिय नरेन्द्र (२०६१)

**जीवनीमूलक निबन्ध**

१. मेरी सासू (२०६५)
२. भागीरथा प्रसाईको निर्वाण (२०६९)

**समीक्षा**

१. उषा शेरचनको शङ्खघोष (२०७२)

**अनुवाद**

१. मेरा जीवन : मेरी कहानी (२०५४) नेपाली भाषाबाट हिन्दी भाषा

**सम्पादन**

१. त्रिमूर्ति निकेतन (२०६०)
२. देवकोटाको राष्ट्रिय चिन्तन (२०६६)
३. देवकोटा शताब्दी कविता (२०६६)
४. बगेको खोला (लेखक : दुर्गादेवी नेपाल : २०७२)
५. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (२०७३)

**नरेन्द्रराज प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**नरेन्द्रराज प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सिर्जना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)
३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)
५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)

७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीत शिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)
१२. कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)
२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)
२१. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)
२२. कवितामा घटराज भट्टराई (२०७४)
२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानुभक्त दुई सय वर्ष (२०७२)

**अङ्ग्रेजी र अन्य भाषा**

1. The Husband & The Cat (A Noble, Translation by Brazesh Khanal : 2005)
2. Ranamaya (A Novel, Translation by keshab Sigdel : 2017)
3. Being of You (Long Poem, Translation by Mohan Sitaula : 2017)
4. Do Not Inscribe My Story Please (Short Story, Translation by Durga Banwasi : 2019)

५. उसको लोग्ने र बिरालो (उपन्यास, अरबिक भाषा सन् २०१० : इजिप्ट सरकारको संस्कृति मन्त्रालयबाट प्रकाशित पहिलो नेपाली साहित्य)

## इन्दिरा प्रसाईबारे लेखिएका मुख्य कृति

**प्रा. राजेन्द्र सुवेदी**

- आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि (२०७८)

**इन्दिरा प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

- सुरेन्द्र भट्टराई : इन्दिरा प्रसाईको व्यक्तित्व र कृतित्व (२०५५)
- शीतला काफ्ले : उपन्यासकार इन्दिरा प्रसाई (२०६७)
- सुभद्रा सापकोटा : 'रनमाया' उपन्यासमा विधातात्त्विक अध्ययन (२०७६)
- शशिकला रोकाहा : 'उसको लोग्ने र बिरालो' उपन्यासमा पात्रविधान (२०७७)
- रञ्जिता दाहाल : 'उसको लोग्ने र बिरालो'को विधातात्त्विक अध्ययन (२०७९)